सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ जेठ २०८३, शुक्रबार (12 June 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



विधेयक निर्माणमा कानुन मन्त्रालयको ताकेता



कानुनमन्त्री सोविता गौतमले बिहीबार विधेयक निर्माणमा भइरहेको प्रगतिबारे भूमि व्यवस्थामन्त्री रावल र महिला, बालबालिकामन्त्री बादीसँग गरिन् छलफल, आज संस्कृतिमन्त्री पौडेल र कृषिमन्त्री चौधरीसँग जानकारी लिने

(विस्तृत पृष्ठ ३)

■ ब्रोकरबाट मार्जिन सुविधा लिएर सेयरमा लगानी

३१ कम्पनीलाई स्वीकृति, एउटाबाट मात्रै कर्जा प्रवाह

आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने छुट्याउन सक्ने सामर्थ्य हालको टिएमएस प्रणालीमा छैन, त्यसैले लगानीकर्तालाई मार्जिन सुविधा दिन धमाधम नयाँ सफ्टवेयर राख्दै ब्रोकर

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ इतिहासमै ठुलो वित्तीय अपराध

बिचौलिया भट्टदेखि व्यावसायिक घरानाविरुद्ध एकैपटक चार मुद्दा दायर



दीपक भट्ट (बिचौलिया)



साहिल अग्रवाल (अध्यक्ष, जगदम्बा स्टिल)



शंकरलाल अग्रवाल (अध्यक्ष, शंकर ग्रुप)



सुलभ अग्रवाल (उपाध्यक्ष, शंकर ग्रुप)



शेखर गोल्छा (पूर्वअध्यक्ष, उवा महासंघ)



सन्दीप चाचान (अध्यक्ष, भृकुटी सेक्युरिटिज)



ऋषिराज मोर (अध्यक्ष, क्रेस्ट माइक्रो लाइफ)



मदन दाहाल (पूर्वअध्यक्ष, बिमा प्राधिकरण)



आशीष श्रेष्ठ (अध्यक्ष, नेपाल माइक्रो इन्स्योरेन्स)



निकोलस पाण्डे (अध्यक्ष, लिबर्टी माइक्रो लाइफ)



रोहित गुप्ता (पूर्वसञ्चालक, हिमालयन रि)



राजबहादुर शाह (व्यवसायी)



उपासना पौडेल (पूर्वसिइओ, हिमालयन री)

सुवास भट्ट, नवराज मैनाली/नयाँ पत्रिका

नेपालको इतिहासमै सबैभन्दा ठुलो संगठित वित्तीय अपराधमा बिचौलियादेखि प्रतिष्ठित व्यावसायिक घरानाविरुद्ध एकैपटक चार मुद्दा दायर भएका छन्। बिचौलिया दीपक भट्ट तथा उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छालगायत दर्जनौं उद्योगी/व्यवसायीसहित ९१ विरुद्ध सम्पत्ति शुद्धीकरण, धितोपत्र, बिमा र बैंकिङ कसुरका मुद्दा प्रकृतिका आधारमा बिहीबार जिल्ला, उच्च र विशेष अदालतमा दायर गरिएका हुन्।

प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागको संयुक्त टोलीले करिब पाँच महिना निरन्तर अनुसन्धान गरेको थियो। वित्तीय अपराधको आडमा देशको राजनीतिक, प्रशासनिक र वित्तीय क्षेत्रलाई प्रभावमा पार्दै आएको समूह एकै झमटमा न्यायिक कठघरामा पुगेका छन्।

छानबिनमा संलग्न अनुसन्धान अधिकारीहरू भन्छन्, 'यी मुद्दाले नेपालको इतिहासमै सबैभन्दा ठुलो संगठित वित्तीय अपराधलाई पर्दाफास गरिदिएका छन्।'

बिचौलिया भट्ट र उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष गोल्छासहित नेपाल उद्योग परिसंघका उपाध्यक्षत्रय राजबहादुर शाह, रोहित गुप्ता र अमित मोर मुद्दाका प्रतिवादी छन्। आश्चर्य त बिमा क्षेत्रको नियामक निकाय नेपाल बिमा

» पृष्ठ २ मा क्रमशः

सम्पत्ति शुद्धीकरणमा ३४ व्यक्ति र पाँच कम्पनीविरुद्ध, बिचौलिया भट्टविरुद्ध मात्रै २६ अर्ब बिगो दाबी

सम्पत्ति शुद्धीकरणको अभियोगमा ३४ व्यक्ति र पाँच कम्पनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ। बिगो आकारका हिसाबले यो सम्भवतः अहिलेसम्मकै ठुलो मुद्दा हो। यसमा बिचौलिया दीपक भट्टविरुद्ध मात्रै २६ अर्ब ६३ करोड रुपैयाँको बिगो दाबी गरिएको छ। भट्टसँग साहिल र सुलभ अग्रवालसमेत जोडिएर संगठित वित्तीय अपराध गरेको अभियोगपत्रमा उल्लेख छ। यो समूहले ०७९ देखि शृंखलाबद्ध वित्तीय अपराध सुरु गरेको थियो। त्यसयता उनीहरूबाट अर्बौंको वित्तीय घोटाला भएको देखिन्छ।

सेयर बजारमा चार अर्ब ७८ करोडको कृत्रिम कारोबार, ८१ जनाविरुद्ध मुद्दा

दीपक भट्ट र उनीनिकट समूहले कृत्रिम सेयर कारोबार गरी नेपाल रिइन्स्योरेन्स कम्पनीको ६५.२५% सेयर केन्द्रीकृत गरेको थियो। त्यसका लागि उनीहरूले पब्लिक कम्पनीहरूकै रकम दुरुपयोग गरी एक करोड ४० लाख १३ हजार ३५२ कित्ता सेयर खरिद गरेका थिए। जसमा चार अर्ब ७८ करोड ८५ लाख रकम प्रयोग भएको थियो। यसमा संलग्न ८१ जनाविरुद्ध धितोपत्रसम्बन्धी कसुरमा मुद्दा दायर गरिएको छ।

बिमा कम्पनीहरूको तीन अर्ब ७३ करोड अपचलन, ४२ विरुद्ध मुद्दा

हिमालयन रिइन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ७३ करोड ३३ लाख १५ हजार १६० रुपैयाँ अपचलनमा संलग्न ४२ जनाविरुद्ध बिमासम्बन्धी कसुरमा मुद्दा दायर गरिएको छ। बिमा कम्पनीको पैसा भट्ट र उनीनिकट समूहले गैरकानुनी रूपमा सेयर बजारमा लगानी गरेका थिए। भट्टले मात्र हिमालयन रिइन्स्योरेन्स लिमिटेड र नेपाल माइक्रो इन्स्योरेन्सको मात्र दुई अर्ब ८९ करोड २० लाख ४८ हजार दुरुपयोग गरेका थिए। त्यस्तै, राजबहादुर शाहले ८९ करोड ७० लाख ९७ हजार, ऋषिराम मोरले २३ करोड एक लाख, सुभी अग्रवालले ६२ करोड ८९ लाख र हिमालयन इन्भेस्टमेन्ट बैंकर लिमिटेडले २२ लाख २६ हजार दुरुपयोग गरेको थियो।

बैंकहरूको ४२ करोड अपचलन, भट्ट र अग्रवाल परिवारविरुद्ध मुद्दा

शंकर ग्रुपको जगदम्बा स्टिल्सले विभिन्न बैंकबाट लिएको रकम सो कम्पनीको मिलेमतोमै दुरुपयोग गरेकोमा छुट्टै मुद्दा दायर गरिएको छ। जगदम्बा स्टिल्सलाई नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको अगुवाइमा प्रवाह भएको ७५ करोड २६ लाख ३२ हजार कर्जा प्रवाह भएकोमा त्यसमध्ये ४२ करोड १४ लाख ८८ हजार अपचलन गरिएको दाबीसहित मुद्दा दायर भएको छ।

कम्बोडियामा अवैध धन्दामा नेपाली

देश छाड्न आजसम्मको म्याद

नेपाली नागरिकका लागि अन्तिम अवसर, अब पनि मुलुक नछाडी गैरकानुनी धन्दामा संलग्न भए दुई वर्षदेखि आजन्म कैद सजाय र एक लाख २५ हजारदेखि पाँच लाख अमेरिकी डलरसम्म जरिवाना

टेकराज थामी/नयाँ पत्रिका

कम्बोडियन सरकारले अवैध धन्दामा संलग्न नेपालीलाई शुक्रबार (आज)सम्ममा मुलुक छाड्न आदेश दिएको छ। नेपाली नागरिकका लागि जारी गरेको यो आठौं अर्थात् अन्तिम आदेश हो।

आदेश पालना नगर्ने कसुरदारलाई कसुरको मात्रा हेरी दुई वर्षदेखि आजन्म कैद सजाय र एक लाख २५ हजारदेखि पाँच लाख अमेरिकी डलरसम्म जरिवाना हुने कम्बोडियाले जनाएको छ। यसअघि सातपटकसम्म आदेश जारी गरिसकेको कम्बोडियाले थाइल्यान्डस्थित नेपाली दूतावासको अनुरोधपछि अन्तिमपटक भनेर शुक्रबारसम्मका लागि अन्तिम म्याद तोकेको थियो।

अब पनि देश नछाड्ने र गैरकानुनी धन्दामा संलग्न थाइल्यान्डस्थित राजदूत धनबहादुर वली भन्छन्-

अधिकांश नेपाली फर्किसकेका छन्, अझै पनि ४० देखि ५० जनासम्म त्यहाँ छन्



तस्करले प्रतिव्यक्ति ६ लाखसम्म असुलेर नेपाली युवालाई कम्बोडिया पुऱ्याई अवैध कल सेन्टरमा बँधुवा मजदुरका रूपमा काममा लगाउँदै आएका छन्। कम्बोडियन सरकारले नेपाली नागरिकलाई मुलुक छाड्न शुक्रबारसम्मको समय दिएको छ। हाम्रो अनुरोधमा उसले जारी गरेको यो अन्तिमपटकको समय हो। अब पनि मुलुक नछाडी गैरकानुनी धन्दामा संलग्न हुनेलाई उसले कसुरको मात्रा हेरी दुई वर्षदेखि आजन्म कैद सजाय र एक लाख २५ हजारदेखि पाँच लाख अमेरिकी डलरसम्म जरिवाना हुने भनेको छ। अधिकांश नेपाली फर्किसकेका छन्। अझै पनि ४० देखि ५० जनासम्म त्यहाँ छन्। उनीहरूलाई पनि फर्काउने कोसिस भइरहेको छ।



■ धर्नारत आठ समूहलाई माइतीघर मण्डलामा भेटेर गृहमन्त्री गुरुङको आग्रह

'सरकारले सबैको माग पूरा गर्छ, घर फर्किनुस्'

काठमाडौंमा कोठा नपाउँदाको पीडा झेलेका, जनावरको अधिकार माग्नेदेखि मिटरब्याजपीडितसम्म न्याय खोज्दै धर्नामा



माइतीघरमा धर्नारत पीडितसँग गृहमन्त्री। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नयाँ पत्रिका

गृहमन्त्री सुधन गुरुङले माइतीघर मण्डलामा धर्नारत आठ समूहलाई सामूहिक रूपमा स्थलगत भेटेर सबैको माग पूरा गर्ने प्रतिबद्धता जनाएका छन्। धर्नारत समूहको विवरण संकलन तथा समस्या बुझ्न बिहीबार अपराह्न माइतीघर मण्डला पुगेका उनले सरकारले सबैको माग पूरा गर्ने प्रतिबद्धता जनाउँदै आन्दोलन स्थगित गरेर घर फर्किन भनेका हुन्।

» पृष्ठ २ मा क्रमशः

■ बाजुरा बाढीको एक वर्ष

भत्किएकै घरमा अधिकांश बाढीपीडित

२१० मध्ये १७ परिवार पूर्ण विस्थापित

■ रुगिन बिउरीकी ललिता सार्कीको पीडा



सातजनाको परिवार छ। न बस्ने ठाउँ छ, न खाने अन्न। श्रीमानूले बजारमा भारी बोकेर कमाएको पैसाले जेनतेन गुजारा चलाएका छौं। खोलाको फोहोर पानी पिउनुपर्दा बालबालिका बारम्बार बिरामी पर्छन्। बाढीले भएको जग्गाजमिन सबै बगाएपछि खेतीपाती पनि गर्न पाएको छैन।



आँगनसमेत कटान गरेर घरमा क्षति पुऱ्याएको कबाडी खोलाकिनारको बस्ती, जहाँ जोखिम मोलेरै बस्न बाध्य छन् बाढीपीडित। गत वर्ष २८ साउनको बाढीले हिमाली गाउँपालिका- ५ को कबाडी, चौडिला, गोली, बिउरीका १७ घर बगाएको थियो। यीसहित कबाडी बजारमा ९०, चौडिलामा १०, रिठ्ठामा ३०, सागुचौरमा १०, बिउरीमा ४०, गोलीमा ३० गरी २१० परिवार बाढीबाट प्रभावित छन्। जसमध्ये बिउरीका ४० परिवारको घरभित्र बाढी पसेकाले बस्न सक्ने अवस्था छैन।

■ राहत र पुनर्स्थापनाको पर्खाइमा वर्ष बित्न लाग्यो, तर सरकारले देखाएन सुरसार

बाजुरामा **गगन अयडी**

बाजुराको हिमाली गाउँपालिका- ५ का रुगिन र नादापाटमा कबाडी खोलाको बाढीले विस्थापित र प्रभावित अधिकांश पीडित परिवार एक वर्ष पुग्न लाग्दा पनि अझै भत्किएकै घरमा छन्। २१० मध्ये १७ परिवार भने पूर्ण रूपमा विस्थापित छन्। तर, सरकारले राहत र पुनर्स्थापनाको व्यवस्था गरेको छैन।

गत वर्ष २८ साउनको बाढीले रुगिन, नादापाटसँगै कबाडी, गोलु, बिउरी, चौडिला, रिठ्ठा र सागुचौर क्षेत्रमा क्षति गरेको थियो। बाढीपहिरोबाट १७ परिवारको घरजग्गा पूर्ण रूपमा नष्ट भएको थियो भने अन्य परिवार विस्थापित भएका थिए। तर, हालसम्म अधिकांश परिवार असुरक्षित अवस्थामा जीवनयापन गर्न बाध्य छन्। स्थानीयका अनुसार ४० परिवार अझै पनि बाढीले चिराचिरा पारेको

» पृष्ठ २ मा क्रमशः

देश छाड्न...

पृष्ठ १ बाट क्रमशः

हुने नेपाली नागरिकलाई कानुनअनुसार कारबाही गर्ने कम्बोडियन सरकारको तयारी रहेको नेपालका लागि थाइल्यान्डस्थित राजदूत धनबहादुर वलीले बताए। 'कम्बोडियन सरकारले नेपाली नागरिकलाई मुलुक छाड्न शुक्रबारसम्मको समय दिएको छ। हाम्रो अनुरोधमा उसले जारी गरेको यो अन्तिमपटकको समय हो। अब पनि मुलुक नछाडी गैरकानुनी धन्दामा संलग्न हुनेलाई उसले कसुरको मात्रा हेरी दुई वर्षदेखि आजन्म कैद सजाय र एक लाख २५ हजारदेखि पाँच लाख अमेरिकी डलरसम्म जरिवाना हुने भनेको छ,' उनले भने।

थाइल्यान्डस्थित दूतावासका अनुसार स्क्याममसँग सम्बन्धित अपराध नियन्त्रण गर्न कम्बोडियन सरकारले गत वैशाखबाट मात्रै नयाँ कानुन कार्यान्वयनमा ल्याएको छ। जसमा कडा सजायको व्यवस्था छ। कम्बोडिया पुगेका अधिकांश नेपाली स्क्याममा संलग्न रहेको पाइएकाले उक्त कानुनको फन्दामा उनीहरू पर्ने देखिन्छ।

कार्यान्वयनमा ल्याइएको नयाँ कानुनले उनीहरू प्रभावित हुने देखिएपछि नेपाली दूतावासले तथ्यांक संकलन गर्दा ६०२ नेपाली त्यहाँ रहेको खुलेको थियो। लगत्तै, दूतावासले उनीहरूलाई स्वदेश फिर्ता ल्याउन पहल थालेको थियो। 'अधिकांश नेपाली फर्किसकेका छन्। अझै पनि ४० देखि ५० जनासम्म त्यहाँ छन्। उनीहरूलाई पनि फर्काउने कोसिस भइरहेको छ,' उनले भने।

केही वर्षयता नेपालीलाई कल सेन्टरमा काम लगाउने उद्देश्यले तस्करले कम्बोडिया पुर्‍याउने गरेको छ। प्रतिव्यक्ति ६ लाखसम्म असुलेर त्यहाँ पुर्‍याई बँधुवा मजदुरका रूपमा काममा लगाइएको खुलेपछि दूतावास र प्रहरीको सहयोगमा उद्धार गर्दै आइएको छ।

दूतावासका अनुसार कम्बोडियाबाट मात्रै पछिल्लो आर्थिक वर्षमा ५७२ नेपालीको उद्धार गरिएको छ। उनीहरू सबै कुनै न कुनै अपराधमा संलग्न थिए। त्यसमध्ये अधिकांश अनलाइन स्क्याममा संलग्न थिए। उनीहरूलाई मानव तस्करले 'डंकी' रुट प्रयोग गर्दै कम्बोडिया पुर्‍याएर कल सेन्टरमा 'साइबर दास'का रूपमा राखिएको थियो।

कम्बोडियामा बसेर कल सेन्टर सञ्चालन गर्नेहरू भने सबै चिनियाँ नागरिक हुन्। उनीहरूकै निर्देशनपछि नेपाली युवालाई तस्करी गरेर कम्बोडिया पुर्‍याइएको थियो। शारीरिक तथा मानसिक यातनापछि मात्रै उनीहरू उद्धारका लागि दूतावासको सम्पर्कमा पुगेका थिए। नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार पछिल्लो पाँच वर्षमा कम्बोडियाबाट मात्रै उद्धार भएका २४ नेपाली ब्युरोको सम्पर्कमा आएका छन्। उनीहरूको जाहेरीपछि १६ जनाविरुद्ध मानव बेचबिखन तथा ओसारपसार कसुरअन्तर्गत मुद्दा चलेको छ।

पिनाक बचत तथा ऋण सहकारी संस्था लि.
त्रिपुरेश्वर काठमाडौं
सम्पर्क नं.: ०१-४२४८६३८, ९८५१०४९५५३

कर्जा चुक्ता सम्बन्धी १५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

प्रथम प्रकाशित मिति : २०८३/०२/२९ गते

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेकोमा कर्जाको भूक्तानी सम्बन्धि सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने ब्याज हर्जाना वा नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा (ऋण) वापत तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना तिर्ने सम्बन्धमा मौखिक, टेलिफो न र विभिन्न मितिमा संस्थाबाट जारी भएको पत्रहरूको माध्यमबाट लिखित रुपमा पटक पटक तारताकेता गर्दा समेत उक्त कर्जा (ऋण) रकमको ब्याज तथा हर्जना रकम चुक्ता भूक्तान नगरी कर्जा समेत नियमित नगरी यस संस्थासँग भएका कर्जा (ऋण) सम्बन्धी शर्त बन्देजहरू उल्लङघन गर्नु भएकोले यथासिघ्र संस्थामा सम्पर्क गरी आफुले उपभोग गरे को ऋण कर्जा सुविधा वापत संस्थालाई तिर्न बुझाउन पर्ने बक्यौता रकम चुक्ता भुक्तान गर्नु हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि ऋण कर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको नियम र कर्जा लगानी तथा असुलि निति २०७७ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई कर्जा सुरक्षण वापत धितोलेखिदिएको तपशिलमा उल्लेखित घर जग्गा लिलाम बिक्री वा टेण्डर गरी संस्थाले लेना रकम असुल उपर गरिने र प्रचलित नियम वमोजिम ऋणी तथा जमानीकर्ताको विवरण कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सुचिमा समावेश गरीने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

सि. नं.	ऋणिको नाम, ठेगाना र तीन पुस्ते विवरण	जवानी दिनेको नाम, ठेगाना र तीन पुस्ते विवरण
१.	**केशरीमाया दर्लामी** स्थायी ठेगाना : नागदह-४, रामेछाप हालको ठेगाना : का.म.न.पा. रानीवन बुवाको नाम : सोमबहादुर थापामगर बाजेको नाम : रत्नबहादुर थापामगर	**मेलबहादुर आले** ठेगाना : नागदह-५, रामेछाप हालको ठेगाना : चापागाउँ, ललितपुर बुबाको नाम : बाबुराम आले बाजेको नाम : लालबहादुर आले
२.	**सुरेश ढकाल** ना.प्र.नं. ९८३७, काठमाडौं स्थायी ठेगाना : फुटुङ-२, काठमाडौं हालको ठेगाना : फुटुङ-२, काठमाडौं बुबाको नाम : कृष्णप्रसाद ढकाली बाजेको नाम : यदुकुमार ढकाल	
३.	**बुद्ध महर्जन** ना.प्र.नं. ३५१४/९१७७, काठमाडौं स्थायी ठेगाना : काठमाडौं-२५, इन्द्रचोक हालको ठेगाना : काठमाडौं-२५, इन्द्रचोक बुबाको नाम : हर्ष महर्जन बाजेको नाम : दस महर्जन	**दुर्गा महर्जन** ठेगाना : का.म.न.पा. -१४, कुलेश्वर हालको ठेगाना : का.म.न.पा. १३- कालीमाटी बुबाको नाम : न्हुछेनारायण महर्जन बाजेको नाम : सेम महर्जन
४.	**माधव श्रीमाली** ना.प्र.नं. : ३८९३२, ललितपुर स्थायी ठेगाना : इमाडोल-६, ललितपुर हालको ठेगाना : इमाडोल-६, ललितपुर बुबाको नाम : श्यामहरि श्रीमाली बाजेको नाम : बोल्टा श्रीमाली	**अर्जुन ढुंगेल** ठेगाना : का.म.न.पा. -१४, कुलेश्वर हालेको ठेगाना : का.म.न.पा. -१४, कुलेश्वर बुबाको नाम : मित्रप्रसाद ढुंगेल बाजेको नाम : डिल्लीप्रसाद ढुंगेल
५.	**संगम राई** ना.प्र.नं. १०५०/२५५, खोटाङ स्थायी ठेगाना : सल्ले-९, खोटाङ हालको ठेगाना : न्यूरोड, काठमाडौं बुबाको नाम : मधुवर्ण राई बाजेको नाम : नन्दबहादुर राई	**किसन राई** ना.प्र.नं. २७-०१-७२१२५१४, खोटाङ स्थायी ठेगाना : सल्ले-९, खोटाङ हालको ठेगाना : न्यूरोड, काठमाडौं बुबाको नाम : मधुवर्ण राई बाजेको नाम : नन्दबहादुर राई
६.	**कृष्णबहादुर खत्री** स्थायी ठेगाना : मुर्गे-५, दोलखा हालको ठेगाना: कोटेश्वर-३५, काठमाडौं बुबाको नाम : धनबहादुर खत्री बाजेको नम : भैरवबहादुर खत्री	**बालकुमार दाहाल** ना.प्र.नं. : २२१०४२/४०७, दोलखा स्थायी ठेगाना : मुर्गे-५, दोलखा हालको ठेगाना: कोटेश्वर-३५, काठमाडौं बुबाको नाम : कृष्णबहादुर खत्री बाजेको नाम : धनबहादुर खत्री
७.	**कान्छि घिमिरे** ना.प्र.नं. १११४/१०९९, काभ्रे स्थायी ठेगाना : दुइखर्क-१, काभ्रे हालको ठेगाना : बानेश्वर, काठमाडौं श्रीमानको नाम : जिवनाथ घिरिमे बुबाको नाम : नरहरि तिमिल्सिना	**शोभा घिमिरे** ना.प्र.नं. ३०१०३३/१६३८८३, काभ्रे स्थायी ठेगाना : दुइखर्क-१, काभ्रे हालको ठेगाना : बानेश्वर, काठमाडौं बुबाको नाम : जिवनाथ घिरिमे
८.	**प्रकाश शाक्य** ना.प्र.नं. ४२३३६, ललितपुर स्थायी ठेगाना : ललितपुर -६ हालको ठेगाना : लुभु, ललितपुर बुबाको नाम : डम्बरज्योति शाक्य बाजेको नाम : नन्दज्योति शाक्य	**सविना शाक्य** ठेगाना : महालक्ष्मी-८, ललितपुर हालको ठेगाना : लुभु, ललितपुर बुबाको नाम : शुक्रराज शाक्य ससुराको नाम : नन्दज्योति शाक्य
९.	**भूषणकुमार शर्मा** ना.प्र.नं. १३३९, काठमाडौं स्थायी ठेगाना : का.म.न.पा. -११ हालको ठेगाना : का.म.न.पा. -११ बुबाको नाम : रमेशकुमार शर्मा बाजेको नाम : विश्वनाथ शर्मा	**अशोककुमार कार्की** ना.प्र.नं. ४४२५, कपिलवस्तु ठेगाना : त्रिपुरेश्वर-११, काठमाडौं बुबाको नाम : गणेशबहादुर कार्की बाजेको नाम : सशीधर कार्की
१०.	**उमा भट्टराई** ना.प्र.नं. ४७०९४/४९०९४ स्थायी ठेगाना : इनरुवा-३, सुनसरी हालको ठेगाना : चावहिल, काठमाडौं बुबाको नाम : माधवप्रसाद पोखरेल श्रीमानको नाम छविरमण भट्टराई	**आष्मा भट्टराई** ना.प्र.नं. १०३७/५२२०६२ स्थायी ठेगाना : इनरुवा-३, सुनसरी हालको ठेगाना : चावहिल, काठमाडौं बुबाको नाम : छविरमण भट्टराई
११.	**खिकादत्त पौडेल** ना.प्र.नं. ४७/५९८८८, सिन्धुपाल्चोक स्थायी ठेगाना : बराम्चि-७, सिन्धुपाल्चोक हालको ठेगाना : लगनखेल, ललितपुर बुबाको नाम : शिवदत्त पौडेल बाजेको नाम : रामदत्त पौडेल	**यशोधा पौडेल** स्थायी ठेगाना : बराम्चि-७, सिन्धुपाल्चोक हालको ठेगाना : लगनखेल, ललितपुर श्रीमानको नाम : टीकादत्त पौडेल
१२.	**शिवराम केसी** ना.प्र.नं. ८१९९०, ललितपुर स्थायी ठेगाना : चापागाउँ-७, ललितपुर हालको ठेगाना : चापागाउँ -७, ललितपुर बुबाको नाम : रुद्रबहादुर केसी बाजेको नाम : तेजबहादुर केसी	**प्रमोद न्यौपाने** ना.प्र.नं. ८९०८१, ललितपुर स्थायी ठेगाना : चापागाउँ-७, ललितपुर हालको ठेगाना : चापागाउँ -७, ललितपुर बुबाको नाम : भोलानाथ शर्मा न्यौपाने बाजेको नाम : प्रेमप्रसाद न्यौपाने
१३.	**भरतबहादुर ढुंगाना** ना.प्र.नं. ३२९५७, नुवाकोट स्थायी ठेगाना : तारुका-९, नुवाकोट हालको ठेगाना : लगनखेल, ललितपुर बुबाको नाम : कपिलमणी ढुंगाना बाजेको नाम : शक्तिबल्लभ ढुंगाना	**शोभा अधिकारी** ना.प्र.नं. २५३००१/२१६, नुवाकोट स्थायी ठेगाना : तारुका-१, नुवाकोट हालको ठेगाना : लगनखेल, ललितपुर बुबाको नाम : टेवहादुर अधिकारी ससुराको नाम : कपिलमणी ढुंगाना
१४.	**भूषण वैद्य** ना.प्र.नं. ३३११/११७८२, काठमाडौं स्थायी ठेगाना : च्यासल-१९, काठमाडौं हालको ठेगाना : च्यासल-१९, काठमाडौं बुबाको नाम : भूवनेश्वरानन्द वैद्य बाजेको नाम : रामेश्वरानन्द वैद्य	**दिनेश तन्डुकार** ना.प्र.नं. स्थायी ठेगाना : कुपण्डोल, ललितपुर हालको ठेगाना : कुपण्डोल, ललितपुर बुबाको नाम : विन्दुलाल तन्डुकार बाजेको नाम : लाल तन्डुकार
१५.	**केदार पोखरेल** ना.प्र.नं. ४३२०, गुल्मी स्थायी ठेगाना : गुल्मी नयाँगाउँ-१ हालको ठेगाना : बानेश्वर, काठमाडौं बुबाको नाम : उमाकान्ता पोखरेल बाजेको नाम : मनीराम पोखरेल	**यशुदा खनाल** ना.प्र.नं. ४११००२/७६४९९, गुल्मी स्थायी ठेगाना : गुल्मी अर्खले-४ हालको ठेगाना : बानेश्वर, काठमाडौं श्रीमानको नाम : केदार पोखरेल ससुराको नाम : उमाकान्ता पोखरेल
१६.	**कृष्णकुमारी ओली** ना.प्र.नं. ४९८५३०१८, झापा स्थायी ठेगाना : कोहबरा-२, झापा हालको ठेगाना : शंखमुल, काठमाडौं श्रीमानको नाम : टीकाराम ओली ससुराको नाम : हरिप्रसाद ओली	**अनुज थापा** ना.प्र.नं. ०४-०१-७१-०१८६३ स्थायी ठेगाना : झापा, महेशपुर हालको ठेगाना : शंखमुल, काठमाडौं बुबाको नाम : सम्भु थापा बाजेको नाम : हरिप्रसाद ओली

बिचौलिया...

पृष्ठ १ बाट क्रमशः

प्राधिकरणका दुई पूर्वअध्यक्ष मदन दाहाल र शरद ओझाविरुद्ध समेत मुद्दा दायर भएको छ।

गत वर्ष भदौमा भएको जेन-जी विद्रोहपछिको परिस्थितिमा तत्कालीन प्रधानमन्त्री सुशीला कार्की र अर्थमन्त्री रामेश्वर खनालको अग्रसरतामा संगठित वित्तीय अपराधको छानबिन अघि बढाइएको थियो। ती छानबिनलाई आंशिक टुंगो लगाउँदै मुद्दा दायर भएका छन्। अनुसन्धान अधिकारीहरूका अनुसार अझै आधा दर्जन मुद्दा दायर हुने चरणमा छन् जसको छानबिन जारी छ। अब हुने छानबिनबाट राजनीतिक-प्रशासनिक 'नेक्सस'समेतको पर्दाफास गर्ने अनुसन्धान अधिकारीहरूले बताएका छन्।

सम्पत्ति शुद्धीकरणमा ३४ व्यक्ति र पाँच कम्पनीविरुद्ध मुद्दा

सम्पत्ति शुद्धीकरण अभियोगमा लागेको मुद्दाको बिगो सबैभन्दा ठुलो आकारको छ। जसमा बिचौलिया दीपक भट्टसँग मात्रै २६ अर्ब ६३ करोड बिगो दाबी गरिएको छ। सम्पत्ति शुद्धीकरण विभागले तयार गरेर सरकारी वकिलमार्फत विशेष अदालतमा दायर मुद्दाको अभियोगपत्र ४३६ पेज लामो छ।

सम्पत्ति शुद्धीकरण कसुरको केन्द्रमा पनि भट्ट र शंकर ग्रुप छन्। भट्टसँग अग्रवाल दाजुभाइ साहिल र शुलभसमेत जोडिएर संगठित वित्तीय अपराध गरेको अभियोगपत्रमा उल्लेख छ। उनीहरूको सम्पत्ति शुद्धीकरणको शृंखलाबद्ध गतिविधि ०७९ देखि सुरु भएको थियो। त्यसयता करिब दुई वर्षमै अर्बौंको वित्तीय घोषणा भएको देखिन्छ।

विभागले सम्बद्ध कसुरका फरक-फरक गतिविधिमार्फत आर्जित सम्पत्ति र त्यसको शुद्धीकरणको शृंखला केलाएको छ। बैंकिङ कसुरबाट प्राप्त ४२ करोड १४ लाख लगेर दीपक भट्ट अध्यक्ष रहेको इन्फिनिटी होल्डिङको सेयर चुक्ता पुँजी बढाई सो रकमबाट हिमालयन रिइन्स्युरेन्सको ४५ करोडको संस्थापक सेयर खरिद गरेको भेटिन्छ।

त्यस्तै, ग्रिन डेभलपर्स प्रालिको सेयर खरिद-बिक्रीको आवरणमा गार्डेन माइक्रो लाइफ र नेपाल माइक्रो इन्स्योरेन्सको २४ करोड ८९ लाख ९४ हजार संस्थापक सेयर खरिद गरेका थिए। इन्फिनिटी होल्डिङको सिद्धार्थ बैंकमा रहेको खातालाई सम्पत्ति शुद्धीकरणको माध्यम बनाएको भेटिएको छ। त्यहाँ रहेको १९ करोड ९६ लाख सम्पत्ति शुद्धीकरणमा प्रयोग गरेको पाइएको छ।

सिद्धार्थ बैंकमा दीपक भट्टको खातामा रहेको नौ करोड ११ लाख पनि सम्पत्ति शुद्धीकरणमा प्रयोग भएको थियो। भट्टसहितका प्रतिवादीले बिमाको दुई अर्ब ८९ करोड दुरुपयोग गरेर आफ्नो नाममा सेयर खरिद गरेको भेटिएको छ।

हिमालयन क्यापसर्भ लिमिटेडको ३७ करोड, हिमालयन रिइन्स्योरेन्स लिमिटेडको दुई अर्ब ७३ करोड, हिमालय सेक्युरिटिज बैंकर लिमिटेडको २२ करोड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीको १६ करोड, एचएलआई लार्जक्याप फन्डको २५ करोडसहित कुल तीन अर्ब ७३ करोड रकम जम्मा गरेर तिनै कम्पनीको नाममा सेयर किन्न भनेर भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालिको खातामा ल्याइएको थियो। ती पाँचै कम्पनीमा दीपक भट्ट र सुलभ अग्रवालको प्रभुत्व थियो। दोस्रो बजारमा सेयर खरिद गर्ने भनेर भृकुटीको खातामा ल्याइएको रकम दुरुपयोग गरिएको थियो। उक्त रकममध्ये दुई अर्ब ८९ करोड दीपक भट्टले सेयर खरिद गरी दुरुपयोग गरे भने सुलभकी श्रीमती सुभी अग्रवालले ६२ करोड र ऋषिराज मोरले २३ करोड रकम लगेर दुरुपयोग गरेका थिए।

नेपाल रिइन्स्योरेन्सको पैसा दुरुपयोगका लागि शृंखलाबद्ध बदमासी गरेका थिए। प्रतिकित्ता ७०० को सेयरलाई १८०० पुर्‍याएर अकुत लाभ लिएको अनुसन्धानमा खुलेको छ। उनीहरूको गतिविधिका कारण दोस्रो बजारमा आमलगानीकर्ताले १० दिनमा मात्र एक अर्ब २९ करोड गुमाउनुपरेको थियो। यो वित्तीय अपराधमा नियामक निकायको समेत गम्भीर बदमासी र गैरकानुनी कार्य देखिएको अभियोगपत्रमा उल्लेख छ।

सेयर बजारमा चार अर्ब ७८ करोडको कृत्रिम कारोबार, ८१ जनाविरुद्ध मुद्दा

दीपक भट्ट र उनीनिकट समूहले कृत्रिम सेयर कारोबार गरी नेपाल रिइन्स्योरेन्स कम्पनीको ६५.२५ प्रतिशत सेयर केन्द्रीकृत गरेको थियो। त्यसका लागि उनीहरूले पब्लिक कम्पनीहरूकै रकम दुरुपयोग गरी एक करोड ४० लाख १३ हजार ३५२ कित्ता सेयर खरिद गरेका थिए। जसमा चार अर्ब ७८ करोड ८५ लाख रकम प्रयोग भएको थियो। यसमा धितोपत्रसम्बन्धी कसुरमा ८१ जनालाई प्रतिवादी बनाइएको छ।

यो काम संगठित र योजनाबद्ध अभ्यासबाट भएको अनुसन्धानको निष्कर्ष छ। अभियोगपत्रमा भनिएको छ, 'यसरी उक्त सेयरको मूल्य बढाउने मनसायले ठुलो मात्रामा संस्थापक र व्यक्तिगत पुँजी एकै ठाउँमा केन्द्रित गरी संगठित र योजनाबद्ध अभ्यासमार्फत नेपाल रिइन्स्योरेन्सको सेयरलाई अप्राकृतिक हस्तक्षेपबाट अस्वाभाविक बनाएको देखिन्छ।' आफ्ना कम्पनीको सेयर मूल्य कृत्रिम रूपमा बढाउनका लागि उनीहरूले यस्तो अपराध गरेको धितोपत्र बोर्डको छानबिन निष्कर्ष छ। बोर्डकै प्रतिवेदनका आधारमा सिआइबीले थप अनुसन्धान गरी सरकारी वकिलमार्फत मुद्दा दायर गरेको हो। सुलभ अग्रवाल अध्यक्ष रहेको सौर्य सिमेन्टको नक्सालस्थित



सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले बिचौलिया दीपक भट्टको घरबाट महँगो गाडी पनि बरामद गरेको छ। जसको मूल्य ६ करोड ३० लाख रहेको अभियोगपत्रमा उल्लेख छ।

विदेशमा सुलभको दुई अर्ब, ललितपुरको लामाटारमा दीपकको २५० रोपनी जग्गा

अनुसन्धान अधिकारीहरूका अनुसार सुलभ अग्रवालको नाममा विदेशमा मात्र दुई अर्बआसपास रकम भेटिएको छ। यो रकम उनले घरजग्गा र व्यवसायमा लगाएको भेटिएको छ। दीपक भट्टको पनि ठुलो रकम विदेशमा रहेको आशंकामा विभागले खोजी गरिरहेको छ। भट्टले ललितपुरको लामाटारमा खरिद गरेको २५० रोपनीभन्दा बढी जग्गाको स्रोत भेटिएको छैन। उक्त जग्गा जफतका लागि पूरक अभियोग लैजाने विभागको तयारी छ।

कार्यालयबाट यसरी सेयरको कृत्रिम कारोबार गरिएकोसमेत प्राविधिक छानबिनबाट खुलेको छ।

८१ प्रतिवादी भए पनि यसमा प्रहरीले भट्ट, नेपाल रिइन्स्योरेन्सका पूर्वअध्यक्ष दिवाकर गोल्छा तथा हिमालयन सेक्युरिटिजका प्रमुख कार्यकारी अधिकृत सुभाषकुमार श्रेष्ठलाई मात्र नियन्त्रणमा लिई बयान लिएको थियो।

सुलभ अग्रवालको हकमा एक अर्ब १४ करोड, भृकुटी स्टक ब्रोकिङका सन्दीप चाचन, सुधा कर्ण र राजीव ठाकुरको हकमा एक अर्ब १४ करोड बिगो कायम गरी मुद्दा दायर गरिएको छ। त्यस्तै, दीपक भट्टको हकमा १२ करोड ९१ लाख, सुभी अग्रवालको हकमा १५ करोड सात लाख, ऋषिराज मोरलाई ७० करोड ६२ लाख बिगो कायम छ।

शेखर गोल्छाले प्रत्यक्ष रूपमा सेयरको कारोबार नगरे पनि भृकुटी स्टक ब्रोकिङ कम्पनीलाई ५२ करोड ५० लाख अग्रिम रूपमा दिएका थिए। गोल्छाको सो कम्पनीमा टिएमएस नभए पनि सुलभ अग्रवालको योजनामा दीपक भट्टका मानिसहरूको नाममा सेयर खरिद गर्न उनले सो रकम दिएको अभियोग छ। रोहित गुप्ताले पनि त्यसैगरी ५२ करोड ५० लाख भृकुटी स्टक ब्रोकिङलाई दिएका थिए। हिमालयन रिइन्स्योरेन्सलगायत कम्पनीलाई क्षतिपूर्ति दिलाउनसमेत अभियोगमा माग गरिएको छ।

बिमा कम्पनीहरूको तीन अर्ब ७३ करोड अपचलन, ४२ विरुद्ध मुद्दा

हिमालयन रिइन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ७३ करोड ३३ लाख १५ हजार १६० रुपैयाँ अपचलनमा ४२ जनाविरुद्ध बिमासम्बन्धी कसुरमा जिल्ला अदालत, काठमाडौंमा मुद्दा दायर भएको छ। बिमा कम्पनीको पैसा भट्ट र उनीनिकट समूहले गैरकानुनी रूपमा सेयर बजारमा लगानी गरेका थिए। सो रकम फिर्तासमेत नगरेको धितोपत्र बोर्डकै छानबिनमा खुलेको थियो। सोही प्रतिवेदनलाई आधार बनाएर सिआइबीले अनुसन्धान सकाएर मुद्दा प्रक्रिया अघि बढाएको हो।

अभियोगपत्रमा उल्लेख भएअनुसार भट्टले मात्र हिमालयन रिइन्स्योरेन्स लिमिटेड र नेपाल माइक्रो इन्स्योरेन्सको मात्र दुई अर्ब ८९ करोड २० लाख ४८ हजार दुरुपयोग गरेका थिए। त्यस्तै, राजबहादुर शाहले ८९ करोड ७० लाख ९७ हजार, ऋषिराम मोरले २३ करोड एक लाख, सुभी अग्रवालले ६२ करोड ८९ लाख र हिमालयन इन्भेस्टमेन्ट बैंकर लिमिटेडले २२ लाख २६ हजार दुरुपयोग गरेको थियो।

'यसरी नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, हिमालयन रिइन्स्योरेन्स लि. र सोही बिमकका सहायक कम्पनीहरू हिमालयन सेक्युरिटिज बैंकर लिमिटेड, हिमालय क्यापसर्भ र हिमालयन लाइफ इन्स्योरेन्सको कोष प्रवर्द्धक रहेको एचएलआई लार्ज क्याप फन्ड समेतका बिमक तथा सहायक कम्पनीको रकम योजनाबद्ध रूपमा असम्बद्ध व्यक्ति तथा संस्थाको नाममा प्रयोग गरी गराई बिमकलाई हानि-नोक्सानी पुर्‍याइएको देखिन्छ,' अभियोगपत्रमा उल्लेख छ।

भृकुटी स्टक ब्रोकिङ कम्पनीमार्फत यसरी इन्स्योरेन्स कम्पनीको रकमबाट सेयर खरिद भएको थियो। धितोपत्रमा लगानी गर्न बिमा प्राधिकरणबाट स्वीकृतिसमेत नलिएको अनुसन्धानमा खुलेको छ। यस मुद्दामा बिमा प्राधिकरणका तत्कालीन दुई अध्यक्षलाई समेत प्रतिवादी बनाइएको छ। मदन दाहाल र शरद ओझाले अनियमिततामा साथ दिएको अनुसन्धानको निष्कर्ष छ। उनीहरूमध्ये ओझालाई गत वर्ष नै सरकारले बर्खास्त गरेको थियो भने दाहाल नेपाल सरकारको बहालवाला सचिव हुन्। यसमा भट्टलाई दुई अर्ब ८९ करोड, सुलभलाई तीन अर्ब ७३ करोड, सुभी अग्रवाललाई ६२ करोड, ऋषिराज मोरलाई २३ करोड, राजबहादुर शाहलाई ८९ करोड रुपैयाँ बिगो कायम गरिएको छ।

त्यस्तै, शेखर गोल्छा, अमित मोर, साहिल अग्रवाल, रोहित गुप्ता, राजीव मोर, शुभेच्छा खरेल, सुभासकुमार झुनझुनवाला, उपासना पौडेल, मनीषकुमार र दीपककुमार श्रेष्ठविरुद्ध संयुक्त रूपमा दुई अर्ब ७३ करोड ३३ लाख संयुक्त बिगो कायम गरिएको छ। उनीहरू नेपाल रिइन्स्योरेन्ससँग सम्बन्धित छन्।

आशिष श्रेष्ठ, सिद्धार्थ झुनझुनवाला, ललिता गोल्यान, सुनिता श्रेष्ठ, अनुप ताम्राकार, बद्री सिग्देल, प्रविना दाहाल र मृगेन्द्रनाथ रिमालविरुद्ध १६ करोड १७ लाख बिगो कायम गरिएको छ। उनीहरू नेपाल माइक्रो इन्स्योरेन्सका सञ्चालक तथा व्यवस्थापक हुन्।

हिमालयन सेक्युरिटी बैंकरका दीपककुमार श्रेष्ठ, सीताराम वाग्ले, आकांक्षा श्रेष्ठ र सुभाषबहादुर श्रेष्ठविरुद्ध २२ करोड १९ लाख बिगो छ। हिमालयन क्यापसर्भका सञ्चालकहरू शिशिर गैरे, दीपककुमार श्रेष्ठ, सीताराम वाग्ले र रितेश प्रधानलाई संयुक्त ३७ करोड बिगो कायम गरिएको छ।

हिमालयन इन्भेस्टमेन्ट बैंकर र एचएलआई लार्ज क्याप फन्डका कपिलकुमार दाहाल, राजनप्रसाद अधिकारी, बिनु घिमिरे, नारायणकुमार अधिकारी, उत्सव प्रधानांग, सुमेरशमशेर जबरा, सुभाष पौडेल, शालिनी संघाई र प्रतीक जोशीविरुद्ध संयुक्त रूपमा २५ करोड ३७ लाख बिगो छ। भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालिका कार्यकारी अध्यक्ष सन्दीप चाचन अग्रवाल, सुधा कर्ण र राजीव ठाकुरलाई संयुक्त तीन अर्ब ७३ करोड बिगो कायम गरिएको छ।

बैंकहरूको ४२ करोड अपचलन, भट्ट र अग्रवाल परिवारविरुद्ध मुद्दा

शंकर ग्रुपको जगदम्बा स्टिल्सले विभिन्न बैंकबाट लिएको रकम सो कम्पनीको मिलेमतोमै दुरुपयोग गरेकोमा छुट्टै मुद्दा दायर गरिएको छ। यसमा भट्टसहित शंकर समूहका शंकरलाल अग्रवाल, सुलभ अग्रवाल र साहिल अग्रवाललाई प्रतिवादी बनाइएको छ। जगदम्बा स्टिल्सलाई नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको अगुवाइमा प्रवाह भएको ७५ करोड २६ लाख ३२ हजार १३२ रुपैयाँकर्जा प्रवाह भएकोमा त्यसमध्ये ४२ करोड १४ लाख ८८ हजार अपचलन गरिएको दाबीसहित मुद्दा दायर भएको छ। सिआइबीको अनुसन्धानमा २४ पटक गरेर सो रकम भट्टको इन्भेस्टमेन्ट बैंकमा रहेको खातामा ट्रान्सफर गरिएको थियो। यही पैसाबाट भट्टले हिमालयन रिइन्स्योरेन्सलगायत कम्पनीको सेयर खरिद गरेका थिए। शंकर समूहलाई विभिन्न नीतिगत अनियमिततामा सघाएबापत भट्टले सो रकम लिएको आशंकासमेत गरिएको छ।

भट्टको तीन करोड चुक्ता पुँजी भएको इन्फिनिटी होल्डिङको चुक्ता पुँजी ४८ करोड अस्वाभाविक रूपमा वृद्धि भएको थियो। यसरी शंकर ग्रुपबाटै ल्याएको पैसाले चुक्ता पुँजी वृद्धि गरेको अनुसन्धानको निष्कर्ष छ। उनीहरूबिच कृत्रिम जग्गा बिक्रीको कागज बनाई लगानीको स्रोतको वैधता पुष्टि गर्ने प्रयास गरिएको अभियोगपत्रमा उल्लेख छ। नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षणमा समेत यो विषय उठ्दा पनि विगतमा कारबाही हुन सकेको थिएन। बिहीबार उच्च अदालत पाटनमा मुद्दा दायर भएको हो।

'सरकारले...

पृष्ठ १ बाट क्रमशः

'तपाईंहरूको माग पूरा गर्न सरकार प्रतिबद्ध छ, धर्ना स्थगित गर्नुहोस् र घर फर्किनुहोस्,' धर्नारत समूहसँगको भेटमा गृहमन्त्री गुरुङले भने।

काठमाडौंमा कोठा नपाउँदाको पीडा झेलेकी दीपा नेपाली, जनावरको अधिकार माग्नेदेखि मिटर ब्याजपीडितसम्म न्याय खोज्दै धर्नामा छन्। त्यस्तै, बचतकर्ताको २३ अर्ब रुपैयाँभन्दा धेरै रकम ठगी गरेर फरार जिबी राईविरुद्ध पनि पीडितले माइतीघरमा धर्ना सुरु गरेका छन्। पाल टाँगेर धर्ना दिइरहेका उनीरू सडकमै रात बिताउँछन्। दिनभर धर्ना कस्ने उनीहरू रात परेपछि टेन्टमा सुत्छन्।

जनावरको सुरक्षा मागेर अभियान छेडेका अभियन्तादेखि जबर्जस्ती करणीको आरोप लागेका नेत्रप्रसाद तिमिल्सिनालाई कारबाहीको माग राखेर पीडित पनि धर्नामा छन्। जबर्जस्ती करणीकै कसुर लागेका कर्णबहादुर मल्लविरुद्ध पनि पीडित धर्नामा छन्। त्यस्तै, मिटरब्याजपीडित उमा महतो सात दिनदेखि माइतीघरमै धर्नामा छिन् भने दलित जेन-जी फन्ट र मिर्गौलापीडितहरूको धर्ना पनि त्यहीँ जारी छ।

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/२९

यस सा व उ स बाट संकलित खयर काठ ४७४.१२ क्यू फिट (हर्ट उड), साल गोलिया काठ २५०.६० क्यू फिट र साल चिरान काठ २६१.८० क्यू फिट दुई लटमा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

बांगेसालपाखा ठूलोढुंगे बिसौनीडाँडा सा. वन उपभोक्ता समूह, आँबुखैरेनी ६, तनहूँ।

भत्किएकै घरमा...

पृष्ठ १ बाट क्रमशः

कबाडी खोलाको किनारमा रहेका जोखिमपूर्ण घरमै बसिरहेका छन्। वर्षायाम सुरु भएसँगै उनीहरू फेरि बाढीको त्रासमा रात कटाउन बाध्य छन्।

रुगिन बिउरीकी ललिता सार्कीले बाढीले घरजग्गा सबै बगाएपछि परिवारको बिचल्ली भएको बताइन्। 'सातजनाको परिवार छ, न बस्ने ठाउँ छ, न खाने अन्न। श्रीमान्‌ले बजारमा भारी बोकेर कमाएको पैसाले जेनतेन गुजारा चलाएका छौं,' उनले भनिन्, 'खोलाको फोहोर पानी पिउनुपर्दा बालबालिका बारम्बार बिरामी पर्छन्।' चुनाव जितेर गएका जनप्रतिनिधि र नेताहरू फर्केर नआएको भन्दै उनले निराशा व्यक्त गरिन्।

६० वर्षीया प्रेमकला भण्डारीको पीडा झनै हृदयविदारक छ। श्रीमान्‌को उपचार अभावमै मृत्यु भएको केही समयपछि आएको बाढीले उनको सम्पूर्ण जायजेथा बगाएको थियो। 'सरकारले एक वर्षभित्र घर बनाइदिने भनेको थियो, तर आजसम्म केही भएको छैन। फोहोर पानी खानुपर्दा आफैं बिरामी छु, अस्पताल जाने पैसा पनि छैन,' उनले गुनासो गरिन्।

बाढीले खानेपानीका मुहान र धारा बगाएपछि कबाडीदेखि गोलुसम्मका बासिन्दा अहिले पनि खोलाको फोहोर पानी प्रयोग गर्न बाध्य छन्। यसका कारण झाडापखालालगायत स्वास्थ्य समस्या बढ्न थालेको स्थानीयको भनाइ छ। बाढीले धानखेत र अन्नबाली बगाएपछि खाद्यान्न संकटसमेत गहिरिएको छ। सिँचाइ कुलो नहुँदा बचेका जमिनसमेत बाँझै छन्।

हिमाली गाउँपालिका- ५ का वडाध्यक्ष प्रदीप बुढथापाले घटनालगत्तै गाउँपालिका र रेडक्रसको सहयोगमा चामल, लत्ताकपडा र खानेपानीका पाइप वितरण गरिए पनि त्यो पर्याप्त नभएको बताए। उनका अनुसार पूर्ण रूपमा विस्थापित १७ परिवारका लागि आवास निर्माण तथा खानेपानी र सिँचाइ व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश सरकार र संघीय सरकारसँग पटक-पटक पहल गरिए पनि हालसम्म कुनै ठोस काम अघि बढ्न सकेको छैन। 'गर्मीमा खोलाको पानी पिउनुपर्ने बाध्यताले झाडापखालाका बिरामी देखिन थालेका छन्। बाढीपीडितको पुनर्स्थापनाका लागि प्रदेश र संघ सरकारको तत्काल ध्यान जानु आवश्यक छ,' बुढथापाले भने।

स्थानीयवासीले बर्खायाम सुरु भइसकेकाले थप मानवीय क्षति हुन नदिन जोखिमयुक्त क्षेत्रमा रहेका परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण, स्वच्छ खानेपानीको व्यवस्था, स्वास्थ्य शिविर सञ्चालन तथा तटबन्ध र आवास निर्माण कार्य तत्काल अघि बढाउन माग गरेका छन्। कबाडी बजारमा ९०, चौडिलामा १०, रिठ्ठामा ३०, सागुचौरमा १०, बिउरीमा ४०, गोलीमा ३० गरी जम्मा २१० परिवार बाढीबाट विस्थापित छन्। जसमध्ये बिउरीका ४० परिवारको घरभित्र बाढी पसेकाले बस्न सक्ने अवस्था छैन। वर्षाको समय रिठ्ठा र गोलीका केही परिवार गाउँभन्दा माथि लेकको गोरुखर्कमा बस्ने गरेका छन्। बाँकी पीडित परिवार बाढीले चिराचिरा पारेको घरमै बस्न बाध्य रहेको स्थानीय मणिजंग बुढथापाले बताए।

बाढीपहिरोबाट पूर्ण रूपमा विस्थापित भएकी रुगिन- ५, बिउरीकी ललिता सार्की बाढीले चिराचिरा पारेको घरमै बस्दै आएकी छिन्। दुई वर्षीया छोरी काखमा च्यापेर आँखाभरि आँसु पार्दै उनले भनिन्, 'बाढीले भएको जग्गाजमिन सबै बगाएपछि खेतीपाती पनि गर्न पाएको छैन।' खेतीपाती नहुँदा सासू, ससुरा, श्रीमान् र तीन छोराछोरी गरी सातजनाको परिवारलाई कसरी पाल्ने भन्ने चिन्ता उनमा छ।

दीर्घरोगकै कारण श्रीमान् गुमाएकी ६० वर्षीया प्रेमकला भण्डारीको अवस्था पनि ललिता सार्कीकै जस्तो छ। आर्थिक अभावकै कारण उनले मुटुरोगी श्रीमान् मानबहादुर भण्डारीको उपचार गर्न सकिनन्। श्रीमान् बितेको एक वर्ष नपुग्दै घरमै बाढीपहिरो पस्यो, घरजग्गा सबै बगाएर लियो। बाढीले घरजग्गा बगाएपछि तीन नाबालक छोरीहरूलाई पालनपोषण गर्न उनलाई निकै कठिनाइ भएको छ। 'न बस्न घर छ, न खेती गर्न जमिन नै। के खाने ? बर्खा लाग्यो। तर, सरकार बेखबर छ। बाढीले भत्काएको घरमै बसिरहेका छौं,' उनले भनिन्। बाढीपीडितको पुनर्स्थापनाका लागि स्थानीय, प्रदेश र संघ सरकारले हालसम्म कुनै काम गर्न सकेका छैनन्।

बाढीले हिमाली गाउँपालिका- ५ को कबाडी, चौडिला, गोली, बिउरीका १७ घर बगाएको थियो। बाढीपीडितका लागि तत्काल गाउँपालिका र रेडक्रसलगायत केही सरकारी तथा गैरसरकारी संस्थाबाट चामल, लत्ताकपडा, खानेपानीका लागि पाइप वितरण गरिएको थियो। पूर्ण रूपमा घरजग्गा बगेका परिवारका लागि गाउँपालिकाको पहलबाट संघ र प्रदेश सरकारसँग माग गरेर पुनः घर निर्माण गर्ने भनिए पनि हालसम्म केही भएको छैन। पालिकाको पहलमा सुदूरपश्चिम प्रदेश सरकारसँग सिँचाइ कुलो निर्माणका लागि माग गर्ने भनिए पनि हालसम्म काम अघि बढेको छैन। बाढीबाट विस्थापित २१० परिवार अहिले पनि खोलाको पानीमै निर्भर छन्। तर, हिमाली गाउँपालिका- ५ का वडाध्यक्ष प्रदीप बुढथापा पीडित परिवारका लागि खानेपानीको काम भइरहेको बताउँछन्। बाढीपीडितको व्यवस्थापनका लागि के-के काम हुँदै छ र भयो भन्ने विषयमा भने उनले ठोस जवाफ दिन सकेनन्।

विधेयक निर्माणमा कानुन मन्त्रालयको ताकेता

कानुनमन्त्री सोविता गौतमले बिहीबार विधेयक निर्माणमा भइरहेको प्रगतिबारे भूमि व्यवस्थामन्त्री रावल र महिला, बालबालिकामन्त्री वादीसँग गरिन् छलफल, आज संस्कृतिमन्त्री पौडेल र कृषिमन्त्री चौधरीसँग जानकारी लिने

● **प्रतिभा रावल**, भूमिव्यवस्थामन्त्री



कानुन निर्माणमा सानो त्रुटिले पनि ठुलो असर पार्न सक्ने भएकाले यसलाई अत्यन्त संवेदनशील विषयका रूपमा लिएका छौँ। कानुन मन्त्रालयले सहजीकरण र समन्वयमार्फत विधेयक प्रक्रियालाई तीव्र बनाउन महत्त्वपूर्ण सहयोग गरेको छ। आगामी दिनमा कानुन निर्माण प्रक्रियाको संवेदनशीलता र समयसीमाप्रति थप जिम्मेवार भई निर्धारित समयमै काम सम्पन्न गर्नेछौँ।



कमलराज भट्ट/नयाँ पत्रिका

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले समयानुकूल कानुन निर्माणका लागि मन्त्रालयहरूलाई ताकेता गरेको छ। ०७२ मा संविधान बनेपछि त्यसलाई कार्यान्वयन गर्न आवश्यक कानुन नबन्दा समग्र प्रणाली र सेवा प्रवाहमा असर परेका वेला कानुन मन्त्रालयले सबै मन्त्रालयलाई छिटो विधेयक तयार गरी बुझाउन ताकेता गरेको हो।

सुशासन र समृद्धिको लक्ष्य बोकेको सरकारले सम्पूर्ण सेवा प्रवाहलाई छिटो तथा परिणाममुखी बनाउन विभिन्न कानुन निर्माण तथा संशोधन गर्ने लक्ष्य राखे पनि मन्त्रालयहरूबाट अपेक्षित रूपमा विधेयक निर्माण नभएपछि कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मन्त्रीहरू बोलाउँदै ध्यानाकर्षण गराउन थालेकी हुन्।

परिणाममुखी कार्यसम्पादनका लागि शासकीय सुधारसम्बन्धी सय कार्यसूची नै सार्वजनिक गरेको सरकारले निर्वाचनमा गरेको वाचाअनुसार सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न नीतिगत सुधारलाई प्राथमिकतामा राखेको छ। सोअनुसार कानुन मन्त्रालयले संसद्को चालू अधिवेशन र आगामी आर्थिक वर्ष ०८३/८४ मा सदनमा पेस गर्ने विधेयक तयार गर्न अन्तरमन्त्रालय ताकेता बढाएको हो।

०७२ मा संविधान बनेपछि त्यसलाई कार्यान्वयन गर्न आवश्यक कानुन अझै बनेका छैनन्। करिब डेढ सय कानुन बन्न बाँकी रहेको संसद्कै अध्ययनले औँल्याएको छ। २१ फागुनको निर्वाचनबाट दुईतिहाइ बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले समयानुकूल कानुन निर्माणलाई तीव्रता दिन खोजेको छ।

कानुन मन्त्रालयले यसअघि सबै मन्त्रालयलाई पत्र काटेर जेठ मसान्तभित्र विधेयकको सूची बुझाउन भनेको थियो। मन्त्रालयहरूबाट विधेयक तयार नभएपछि कानुनमन्त्री गौतमले मन्त्रीहरूलाई बोलाएर असारभित्र विधेयकको सूची तयार पारी संसद्मा पेस गर्नुपर्ने कानुनी व्यवस्था स्मरण गराउँदै ध्यानाकर्षण गराएकी हुन्। बिहीबार मन्त्री गौतमले भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल र महिला, बालबालिका, लैंगिक तथा यौनिक अपसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीलाई छुट्टाछुट्टै मन्त्रालयमा बोलाएर विधायन व्यवस्थापन ऐनको प्रावधान स्मरण गराएकी छिन्।

विधायन ऐनमा 'प्रत्येक मन्त्रालयले चालू आर्थिक वर्षमा निर्माण गर्नुपर्ने विधेयक पहिचान गरी प्रत्येक वर्षको जेठभित्र विधेयकको प्राथमिकताक्रम खुलाई कानुन मन्त्रालयमा पठाउनुपर्ने, प्राप्त विवरणका आधारमा कानुन मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग छलफल गरी संसद्मा पेस गर्न विधेयकको प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यतालिका निर्धारण गर्नुपर्ने र उक्त कार्यतालिका कानुन मन्त्रालयले संसद्मा पठाउनुपर्ने' भनिएको छ।

मन्त्री गौतमले संसद्लाई बिजनेस दिन सबै मन्त्रालयले काम गर्नुपर्ने भएकाले छिटो विधेयक मस्यौदा गरेर पठाउन भनेकी थिइन्। 'उहाँहरूलाई विधायन ऐनबमोजिम प्रक्रिया अपडेट गराइयो। मन्त्रालयहरू समान बुझाइमा रहनुपर्नेछ। तयारी के भनेर छलफल भयो। उहाँहरूले आफ्नो तयारी भन्नुभयो। अहिले मन्त्रालयहरू समायोजन भएर नाम परिवर्तन भएको र सयदिने कार्यसूचीमा केन्द्रित हुँदा समयसीमामा हुन नसकेको कुरा आयो। विधेयकहरूले मूर्त रूप पाइसकेको छैन। भोलि एकचरणको विधेयकको सूची दिन्छौँ भन्नुभएको छ। अरू फेरबदल हुन सक्छ,' कानुनमन्त्री गौतमले भनिन्।

शुक्रबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल, कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग विधेयक निर्माण प्रगतिबारे मन्त्री गौतमले छलफल गर्दै छिन्। छलफलमा भूमिमन्त्री रावलले विधेयक निर्माणसम्बन्धी प्राथमिकता र कार्यदिशाबारे थप स्पष्टता पाएको बताइन्। 'कानुन निर्माणमा सानो त्रुटिले पनि ठुलो असर पार्न सक्ने भएकाले यसलाई अत्यन्त संवेदनशील विषयका रूपमा लिएका छौँ। कानुन मन्त्रालयले सहजीकरण र समन्वयमार्फत विधेयक प्रक्रियालाई तीव्र बनाउन महत्त्वपूर्ण सहयोग गरेको छ। आगामी दिनमा कानुन निर्माण प्रक्रियाको संवेदनशीलता र समयसीमाप्रति थप जिम्मेवार भई निर्धारित समयमै काम सम्पन्न गर्नेछौँ,' उनले भनिन्।

महिलामन्त्री वादीले कार्यविभाजन नियमावलीमा भएको परिवर्तनका कारण विभिन्न कानुन तथा नीतिगत विषयमा आवश्यक समायोजन र पुनरवलोकन गर्नुपर्ने अवस्था रहेको बताइन्। उनले केही विषय थप स्पष्ट हुने प्रक्रियामा रहेकाले सम्बन्धित मन्त्रालयबिच आवश्यक समन्वय र छलफललाई निरन्तरता दिनुपर्नेमा जोड दिइन्। 'कार्यक्षेत्र र जिम्मेवारीहरू स्पष्ट भएसँगै आवश्यक कानुन तथा विधेयकहरूको मस्यौदा तयारी र अगाडि बढाउने कार्यलाई तीव्रता दिइनेछ,' उनले भनिन्, 'मन्त्रालयहरूबाट प्राप्त हुने प्रस्तावलाई समयमै आवश्यक कानुनी सहजीकरण प्रदान गर्दै विधायन प्रक्रियालाई प्रभावकारी बनाइनेछ।'

कानुन निर्माण प्रक्रियामा आपसी सहयोग अपरिहार्य

मन्त्री गौतमले छलफलबाट मन्त्रालयहरूबिचको समन्वय, सहकार्य र साझा जिम्मेवारीबारे थप स्पष्टता तथा समझदारी विकसित भएको बताउँदै प्रत्येक मन्त्रालयको आफ्नै कार्यक्षेत्र, सीमा र दायित्व रहे पनि कानुन निर्माण प्रक्रियामा आपसी सहयोग अपरिहार्य रहेकोमा जोड दिइन्। 'कानुन निर्माण प्रक्रियालाई प्रभावकारी, समयबद्ध र गुणस्तरीय बनाउन सम्बन्धित मन्त्रालयहरूले पूर्वतयारीलाई प्राथमिकता दिनुपर्छ,' उनले भनिन्। मन्त्री गौतमले हतार नगरी कानुन निर्माणमा पर्याप्त गृहकार्य गर्दा कार्यान्वयन सहज हुने भन्दै अस्पष्ट वा परस्पर विरोधाभास कानुनले राज्यको समय, श्रमशक्ति र स्रोतको अनावश्यक खर्च गराउनेतर्फ ध्यानाकर्षण गराएकी थिइन्। कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालले संसद्मा पेस गर्ने विधेयकको तयारीका लागि छलफल थालेको बताए।

राज्य व्यवस्था समितिले बनायो ६ वटा उपसमिति

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले ६ वटा उपसमिति गठन गरेको छ। समितिका कामकारबाहीलाई थप प्रभावकारी एवं गतिशील बनाउन उपसमिति गठन गरिएको सभापति हरि ढकालले बताए। उनका अनुसार समितिको कार्यविधि तयारी गर्न कमल सुवेदीको संयोजकत्वमा ११ सदस्यीय कार्यविधि मस्यौदा तर्जुमा उपसमिति गठन गरिएको छ। समितिमा दर्ता भएका र हुने विभिन्न उजुरी अध्ययन विश्लेषण गरी समस्या समाधानका सुझाव दिन श्रद्धा कुँवर क्षेत्रीको संयोजकत्वमा सात सदस्यीय उजुरी अध्ययन तथा सुझाव सिफारिस उपसमिति गठन गरिएको छ।

समितिको कार्यक्षेत्रअन्तर्गतका मन्त्रालय एवं निकायहरूको कामकारबाही अध्ययन एवं सहजीकरणका लागि चारवटा छुट्टै उपसमिति पनि गठन गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालय हेर्ने गरी डा. अमरेशकुमार सिंहको संयोजकत्वमा सात सदस्यीय उपसमिति, गृह मन्त्रालय हेर्ने गरी दीपकराज बोहराको संयोजकत्वमा सात सदस्यीय उपसमिति, भूमि व्यवस्था मन्त्रालय हेर्ने गरी कमल सुवेदीको संयोजकत्वमा सात सदस्यीय उपसमिति गठन गरिएको छ।

■ चालू अधिवेशनमा कम्तीमा ४५ विधेयक पेस गर्ने तयारी

सरकारले चालू बजेट अधिवेशनमा ४५ विधेयक संसद्मा पेस गर्ने तयारी गरेको छ। कानुन मन्त्रालयका अनुसार सरकारले डेढ सय कानुन बनाउनुपर्ने पहिचान गरेको छ। जसमध्ये बजेट अधिवेशनमा पेस गर्न कम्तीमा ४५ वटा कानुनको मस्यौदा अन्तिम चरणमा छ। कानुनमन्त्री गौतमले कुन विधेयक लाने, कुन नलाने भनेर टुंगो नलागिसकेको, तर बढीभन्दा बढी विधेयक बनाउनुपर्ने चापमा सरकार रहेको बताइन्। कानुन मन्त्रालयका अनुसार चालू अधिवेशनमा कानुन मन्त्रालयबाट १०, अर्थ मन्त्रालय, कृषि, भौतिक, पर्यटनबाट तीन-तीन, प्रधानमन्त्री कार्यालय, ऊर्जा, रक्षा, वन, श्रम, संघीय मामिला, सञ्चार, सहरी विकासबाट दुई-दुई, उद्योग, खानेपानी, गृह, परराष्ट्र, महिला, शिक्षा, स्वास्थ्यबाट एक-एक विधेयक ल्याउने गृहकार्य छ।

नेपाल-भारत सीमा व्यवस्थापनसम्बन्धी संयन्त्रको बैठक बस्ने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल-भारत सीमा व्यवस्थापनसम्बन्धी दुईवटा संयन्त्रका बैठक बस्ने भएका छन्। परराष्ट्रमन्त्री शिशिर खनालका अनुसार दुई देशबिच सीमा व्यवस्थापनसम्बन्धी संयुक्त कार्य समूह (जेडब्लुजी) को बैठक दुई महिनापछि बस्दै छ। जेडब्लुजीमातहतको सर्भे अधिकारीस्तरीय समिति (एसओसी) को बैठक त्यसअघि बस्नेछ।

बुधबार प्रतिनिधिसभामा र बिहीबार राष्ट्रिय सभालाई आफ्नो भारत भ्रमणबारे जानकारी दिँदै नेपाल-भारत द्विपक्षीय संयन्त्र सक्रिय भएको बताए। नेपाल र भारतबिच क्षेत्रगत ३० भन्दा बढी द्विपक्षीय संयन्त्र छन्। 'नेपाल र भारतबिच विभिन्न क्षेत्रमा काम गर्ने गरी दर्जनौँ द्विपक्षीय संयन्त्र स्थापित छन्। लामो समयदेखि निष्क्रिय रहेका द्विपक्षीय संयन्त्रका बैठकहरू हाल सुचारु भएका छन्,' परराष्ट्रमन्त्री खनालले बिहीबार राष्ट्रिय सभामा भने, 'यस प्रकारका संयन्त्रहरूको नियमित बैठकले नेपाल-भारतबिच रहेका सम्भावना र सहकार्यका विषयमा छलफल गरी दुई देशबिचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।'



परराष्ट्रमन्त्री **शिशिर खनाल**ले संसद्मा भने- **संयन्त्रहरूको नियमित बैठकले नेपाल-भारतबिच रहेका सम्भावना र सहकार्यका विषयमा छलफल गरी दुई देशबिचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।**

जेडब्लुजीले सुस्ता तथा कालापानी र पश्चिमबाहेकका सीमा व्यवस्थापनबारे ११ वर्षदेखि काम गर्दै आएको छ। जेडब्लुजीको नेतृत्व नेपाली विभागका महानिर्देशकले गर्दै आएका छन्। यसभन्दा तल्लो निकाय सर्भे अधिकारीस्तरीय समिति (एसओसी) हो। पहिला सर्भे अधिकारीको बैठक बस्ने र त्यस आधारमा जेडब्लुजीको बैठक बस्ने नापी विभागका एक अधिकारीले बताए। नापी विभागका उपमहानिर्देशकको नेतृत्वमा उक्त विभागको प्राविधिक टोलीलगायत परराष्ट्र, गृह र सशस्त्र प्रहरी बलका प्रतिनिधिको सहभागिता रहनेछ। भारतीय पक्षतर्फ पनि सोहीबमोजिमको प्रतिनिधित्व हुने गरेको छ।

सर्भे अधिकारीको समितिमातहतमा रहेको संयुक्त फिल्ड सर्भे टिमले दुई महिनादेखि विभिन्न स्थानमा काम गरिरहेको परराष्ट्रमन्त्री खनालले संसद्मा जानकारी दिए। उनका अनुसार ३० अप्रिल र ०१ मे २०२६ मा कोशी र गण्डक परियोजनासम्बन्धी संयुक्त आयोगको बैठक काठमाडौँमा बसेको छ। 'चार वर्षको अन्तरालमा आयोजित यस महत्त्वपूर्ण बैठकमा उक्त परियोजना क्षेत्रमा देखापरेका समस्या अध्ययन गरी तिनको समाधान गर्ने विषयमा छलफल भई कार्य अगाडि बढेको खनालले बताए।

यसैगरी, ०२ मे ०२६ मा नेपाल र भारतका साझा नदीमा बाढी पूर्वानुमानसम्बन्धी संयन्त्रको बैठक काठमाडौँमा बसेको थियो। 'वर्षात्को समयमा हुने विपत् एवं धनजनको क्षति न्यूनीकरण गर्नका लागि पूर्वसूचना प्रणालीलाई थप चुस्त बनाउने दिशामा लिन सकिने कदमहरूका सम्बन्धमा छलफल भै सहकार्य अगाडि बढेको छ,' उनले भने। दुई देशबिच ७-८ मे २०२६ मा ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त प्राविधिक समूहको बैठक नयाँदिल्लीमा भएको थियो।

रास्वपा कोशी प्रदेश सभापतिमा राई विजयी

विराटनगर/ राष्ट्रिय स्वतन्त्र पार्टी कोशी प्रदेशको सभापतिमा चन्द्रबहादुर राई विजयी भएका छन्। प्रतिस्पर्धी गोमा तामाङ सरिनलाई दोब्बर मतान्तरले पराजित गर्दै राई विजयी भएका हुन्। राईले २८० मत र सरिनले १४१ मत पाए। प्रतिस्पर्धी खगेन्द्र कटुवालले ४१ र चन्द्रकुमार गौलीले २७ मत पाए।



सभापतिमा पराजय भोगेपछि तामाङले राजनीतिबाट सन्न्यास लिएको घोषणा गरेकी छिन्। 'आजदेखि राजनीतिको बिट मारेँ, मतदाता सम्पूर्ण साथीहरूलाई धन्यवाद,' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छिन्।

मोरङको विराटचोकमा सम्पन्न रास्वपाको पहिलो कोशी प्रदेश अधिवेशनमा सभापतिका लागि प्रदेश कार्यवाहक सभापति गोमा तामाङ, मोरङका चन्द्रबहादुर राई, तेह्रथुमका डा. खगेन्द्र कटुवाल र झापाका चन्द्रकुमार गौली चुनावी प्रतिस्पर्धामा थिए। रास्वपाको विधानअनुसार प्रदेश सभापतिमा निर्वाचित हुन कुल सदर मतको ५१ प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था छ। निर्वाचन समितका अनुसार अधिवेशनको सम्पन्न निर्वाचनमा ९०१ मध्ये ७०२ मत खसेको थियो।

निर्वाह भत्ता रोकिएपछि वीरका आवासीय चिकित्सक आन्दोलनमा

नयाँ पत्रिका

वीर अस्पतालमा कार्यरत चार सय आवासीय चिकित्सक आन्दोलित बनेका छन्। तोकेअनुसारको निर्वाह भत्ता नपाएको भन्दै बुधबार अस्पतालपरिसरमा चिकित्सकहरूले कालोपट्टी बाँधेर आन्दोलन गरे। ७२ घण्टाभित्र भत्ता नआए थप आन्दोलनका कार्यक्रम अघि सार्ने तयारी उनीहरूले गरेका छन्।

चिकित्सकहरूका मागमा ऐक्यबद्ध हुँदै रेजिडेन्ट एसोसिएसन अफ न्याम्स (र्‍यान)ले आन्दोलनका कार्यक्रम घोषणा गरेको थियो। र्‍यानले ७२ घण्टाभित्र माग सम्बोधन नभए सम्पूर्ण सेवा ठप्प पार्ने चेतावनीसमेत दिएको छ। यसअघि १४ माघ ०८१ मा आवासीय चिकित्सक र स्वास्थ्य मन्त्रालयबिच भएको सहमतिअनुसार आवासीय चिकित्सकले हरेक महिनाको ७ गतेभित्र भत्ता पाउनुपर्छ। त्यतिवेला आवासीय चिकित्सकको तलब ४८ हजार रुपैयाँ तोकिएको थियो। उक्त निर्वाह भत्ताको रकम चिकित्सा शिक्षा आयोगले वीर अस्पतालको खातामा पठाउँछ, त्यसपछि अस्पतालले चिकित्सकलाई दिन्छ। तर, पछिल्लो समय दुई महिनासम्म उनीहरूलाई निर्वाह भत्ता दिइएको छैन।

चिकित्सकहरूले आफूहरूको निर्वाह भत्ता रोकिएको भन्दै यथाशक्य छिटो उपलब्ध गराउन अस्पताल प्रशासनसँग माग गरेका छन्। 'अस्पताल प्रशासनले हाम्रो निर्वाह भत्ता रोकेको छ, हामीले उक्त सुविधा समयमै पाउनुपर्ने नियम नै हो, तर अस्पतालले दिएन,' र्‍यानका अध्यक्ष डा. प्रकाश खरेलले भने, 'यसबारे चिकित्सा शिक्षा आयोग र अस्पताल प्रशासनबिच पटक-पटक छलफल भएको थियो, तर अस्पताल प्रशासनले आनाकानी गरिरहेको छ, हाम्रो सुविधाबारे प्रशासन बोल्दैन।' उनले ७२ घण्टाभित्र माग सम्बोधन नगरिए उपचार सेवा ठप्प पार्ने बताए।

वीर अस्पतालका सहायक निर्देशक तथा सूचना अधिकारी डा. प्रकाश बुढाथोकीले चिकित्सा शिक्षा आयोगबाट रकम नआएकाले रोकिएको बताए। 'वीरमा सात-आठथरीका कर्मचारी छन्, त्यसमध्ये एक प्रकारका कर्मचारी तथा चिकित्सक रेजिडेन्ड हुन्, उनीहरूका लागि चिकित्सा शिक्षा आयोगबाट रकम आउँथ्यो, तर पछिल्लो दुई महिनादेखि रोकिएको छ, आयोगबाट दुई महिनायता रकम आएको छैन,' उनले भने, 'मन्त्रालयबाट पनि पुल दरबन्दी र छात्रवृत्तिको चिकित्सकका लागि भत्ता आएको छैन, हामीले फोन र पत्रबाट ताकेता गरिरहेका छौँ, अस्पतालको खातामा पैसा आउनासाथ डाक्टरहरूको खातामा पठाउँछौँ।'

साझा सहमति खोज्न संस्थापन र देउवा समूह लचक बन्दै

अनौपचारिक छलफल जारी, एक-दुई दिनभित्रै निर्णायक छलफल हुने

नयाँ पत्रिका

कांग्रेसमा संस्थापन र इतर समूह एकतासहित पन्ध्रौँ महाधिवेशनमा सहभागी हुन लचक बन्दै गएका छन्। इतर पक्षले राखेको अघिल्लो केन्द्रीय समितिमा रहेका सबै नेताको समायोजन र सदस्यता अद्यावधिकबाहेकका प्रस्तावमा संस्थापन पक्ष सम्बोधन गरेर जान तयार देखिएको छ। इतर पक्ष पनि महाधिवेशनमा सम्मानजनक सहभागितासहित निष्पक्षताको सुनिश्चिता देखिए एक भएर जान तयार देखिएको छ। दुवै पक्षबिच अनौपचारिक छलफल चलिरहेकाले एक-दुई दिनभित्रै सहमतिका लागि निर्णायक छलफल गर्न आपसी दबाब सिर्जना गरिरहेका छन्।

इतर पक्षका तर्फबाट नेता डा. प्रकाशशरण महतले बिहीबार सञ्चारकर्मीमार्फत एकताका लागि प्रस्ताव सार्वजनिक गरेका छन्। उनले पार्टीको बृहत्तर एकताका लागि तयार रहेको भन्दै सभापति गगन थापासँग ठोस संवाद हुने अपेक्षा रहेको सुनाए। 'हामीले भागबन्डा खोजेका होइनौँ, महाधिवेशन निष्पक्ष रूपमा हुने सुनिश्चितता मात्र खोजेका छौँ। दुवै पक्ष बसेर महाधिवेशन सम्पन्न गर्न साझा संयन्त्र, विधान संशोधन र क्रियाशील सदस्यताजस्ता तीनवटा मूलभूत विषयमा समझदारी भएको अवस्थामा पन्ध्रौँ महाधिवेशन पारदर्शी र निष्पक्ष हुन्छ भन्ने सुनिश्चित हुन्छ भन्ने हाम्रो भनाइ हो,' महतले भने, 'धेरै साथीहरू विचलित हुनुहुन्छ, कति साथीहरू निष्क्रिय हुनुहुन्छ, विश्वास, भरोसा टुटेको अवस्था छ। त्यसैले बृहत्तर एकता जरुरी छ। तर, समय धेरै छैन। गगनजीहरूबाटै एकताको पहल जरुरी छ।'

इतर पक्षको प्रस्ताव

- महाधिवेशनका लागि दुवै पक्ष रहेको साझा संयन्त्र
- विधान संशोधनमा सहमति
- क्रियाशील सदस्यतामा सहमति

संस्थापन पक्षको लचकता र अडान

- साझा संयन्त्रका लागि लचक
- महाधिवेशनका तयारी समितिमा प्रतिनिधित्व गराउन तयार
- सदस्यता अद्यावधिकमा अडान, १४औँ महाधिवेशनबाट निर्वाचित सबै केन्द्रीय सदस्य समायोजन अस्वीकार

संस्थापन पक्षले पार्टीको विधान पालना गर्नेबाहेक सबै विषयमा लचकताका साथ सहमति जुटाउने कुरामा छलफलका लागि तयार भएको जनाएको छ। '१४औँ महाधिवेशनका सदस्यहरू समायोजन गरौँ भन्ने उहाँहरूको माग अहिलेको पार्टी विधानले पूरा गर्दैन, त्यो सम्भव छैन, तर अरू विषयमा छलफल गर्न तयार छौँ,' प्रवक्ता देवराज चालिसेले भने, 'साझा संयन्त्र बनाउने विषय निष्पक्षताको खोजी हो, त्यो गर्न अप्ठ्यारो छैन, सदस्यता व्यवस्थापन, अनुशासन, निर्वाचन समितिमा सबैमा उहाँहरूलाई राखेर महाधिवेशनमा जान सकिन्छ।'

कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिकका लागि समय नथप्ने भएको छ। पछिल्लो सयम एक साता थप गरिएको म्याद बिहीबार मध्यरातिदेखि सकिएको छ। कांग्रेसमा अद्यावधिकका लागि योग्य सात लाख ८२ हजार २०९ क्रियाशील सदस्य छन्। कांग्रेस महामन्त्री प्रदीप पौडेलले ६ लाखभन्दा बढी सदस्यले क्रियाशील सदस्यता अद्यावधिक गरिसकेको बताएका छन्।

शैक्षिक गतिविधि (कार्यक्रम) व्यवस्थापनका लागि संस्था/कम्पनी/फर्म/एजेन्सी सूचीकृत गर्ने सम्बन्धी सूचना

यस संघद्वारा आगामी दिनहरूमा विभिन्न प्रकारका शैक्षिक गतिविधि तथा कार्यक्रमहरू आयोजना गरिने भएकोले उक्त कार्यक्रमहरूको व्यवस्थापन कार्यका लागि इच्छुक मेला व्यवस्थापक/कम्पनी/संस्था/फर्म/ एजेन्सीहरूलाई सूचीकृत हुन दरखास्त आह्वान गरिन्छ। इच्छुक संस्थाहरूले तपसिल बमोजिमका कागजातसहित निर्धारित अवधिभित्र निवेदन पेश गर्नँहुन अनुरोध गरिन्छ।

तपसिल :

१. दरखास्त निवेदन पेश गर्दा रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी नगद दाखिला गर्नँ पर्नेछ।
२. दरखास्त निवेदन मिति २०८३/०२/२९ गतेदेखि मिति २०८३/०३/०३ गते दिनको ५:०० बजेभित्र संघको कार्यालयमा पेश गर्नँ पर्नेछ।
३. दरखास्त निवेदनसँग कम्पनी/फर्म/संस्था/एजेन्सीको वैधानिकता तथा आधिकारिकता पुष्टि गर्ने सम्पूर्ण प्रमाणपत्रहरू संलग्न गर्नँ पर्नेछ। सम्बन्धित संस्था हालसम्म नियमानुसार नवीकरण तथा अद्यावधिक भएको हुनु पर्नेछ।
४. म्याद नाघी प्राप्त भएका वा रीत नपुगेका दरखास्त निवेदन उपर कुनै कारवाही गरिने छैन।
५. दरखास्त निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संघमा सुरक्षित रहनेछ।
६. सूचीकृत भएका कम्पनी/संस्था/फर्म/एजेन्सीहरूले यस संघबाट २०८४ साल आषाढ मसान्तसम्म आयोजना हुने शैक्षिक कार्यक्रमहरूको व्यवस्थापन सम्बन्धी बोलपत्र आह्वान प्रक्रियामा सहभागी हुन पाउनेछन्।
७. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा संघको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

ECAN **नेपाल शैक्षिक परामर्श संघ (ECAN)**
डिल्लीबजार, काठमाण्डौ,
फोन : ४५२१४८७/४५२२२६७
Email : info@ecan.org.np

प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय, बबरमहल काठमाण्डौका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मिति २०८३/०२/२९ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा)

यस बैंकका तपसिलमा तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात् मिति २०८३/०४/०८ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच विखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/०७/२८ मा दर्ता नं. ७७४८७/०६७/०६८ मा दर्ता भई आन्तरीक राजश्व कार्यालय, जनकपुरबाट मिति २०६७/०८/०५ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०४५३१६५१ को प्रमाणपत्र प्राप्त **कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि.**।

रजिष्ट्र्रड ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ (साविक जनकपुर न.पा. वडा नं. ४)।

संचालक तथा जमानतकर्ता : रामपृत यादव (ना.प्र.नं. १७५०/१७३२ जारी मिति २०४४/०३/१७, प्रतिलिपि मिति २०६९/०७/१७, जि.प्र.का. सिराहा)।
ठेगाना : सिराहा जिल्ला नवराजपुर गा.पा. वडा नं. ४ (साविक नवराजपुर गा.वि.स. वडा नं. २)।
बाबु : ब्रहमदेव यादव।
बाजे : खुशी लाल यादव।

जमानतकर्ता : रामसती यादव (ना.प्र.नं. ६४२२२७०३-५२, जारी मिति २०५९/१०/०६ प्रतिलिपि मिति २०७८/०४/०७, जि.प्र.का. सिराहा)।
ठेगाना : सिराहा जिल्ला नवराजपुर गा.पा. वडा नं. ४ (साविक नवराजपुर गा.वि.स. वडा नं. २)।
बाबु : अमृतलाल यादव।
पति : रामपृत यादव। **ससुरा :** ब्रहमदेव यादव।

ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :

१. कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि.को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको जनकपुर न.पा. वडा नं. ९, नक्सा सिट नं. १३५५०४, स्थित कित्ता नं. क्रमसः २४९, २५२, ४, २५३, २५८, २५०, ७ र २६८, क्षेत्रफल क्रमसः ०-०-२-१.५, ०-०-३-२.५, ०-४-१३-१, ०-०-२-१, ०-०-५-३.५, ०-०-१-३, ०-०-१६-० र ०-०-११-० (बिघा)को घर/जग्गा र ऐ.ऐ वडा नं. ९, नक्सा सिट नं. १३५५०९, स्थित कित्ता नं. २४८ क्षेत्रफल ०-०-८-१.२५ (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..................।
२. रामपृत यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायम रहेको नहरनीया नवराजपुर गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २, स्थित कित्ता नं. ५७१ र ७०९, क्षेत्रफल ०-०-१३.५-० र १-६-०-० (बिघा) को जग्गा, ऐ.ऐ. वडा नं. ३, नक्सा सिट नं. ३ स्थित कित्ता नं. २११, ६५४ र ७७१ क्षेत्रफल ०-६-१२-०, १-४.५-०-० र ०-१-५-० र (बिघा) को जग्गा र ऐ.ऐ वडा नं. ४, नक्सा सिट नं. ४ स्थित कित्ता नं. १००९ क्षेत्रफल ०-०-७-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....।
३. **ऋणी कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राख्न सकिनेछ।

prabhu Bank **प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

चीनको विकासबाट के सिक्ने नेपालले ?

चीनले आफ्ना नागरिकको रक्षा र सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न उच्च प्रविधिमा आधारित डेटा सेन्टर निर्माण गरेको छ



● हिरेन्द्र शाही

अग्रलेख

सामान्यतया विकासलाई विगतको अवस्थामा भएको परिवर्तन भनेर बुझ्ने प्रचलन छ। विकासलाई हेर्ने पनि विभिन्न राजनीतिक दृष्टिकोण हुन्छन्। कस्तो विकास ? कुन वर्गका लागि विकास ? केका लागि विकास ? कसरी गर्ने विकास ? किन गर्ने विकास ? विकास गरेर के परिणाम आउँछ ? आदि विकाससम्बन्धी बहसका प्रारम्भिक तर महत्त्वपूर्ण प्रश्न हुन्।

केही समयपहिले 'जिजाङ प्रोभिन्स'ले आयोजना गरेको 'चीनको उच्चस्तरीय विकास र बिआरआई देशहरू' शीर्षकमा आयोजना गरेको कार्यक्रममा चीनको उच्चस्तरीय विकासको स्थितिबारे थप बुझ्ने अवसर प्राप्त भयो। जिजाङ प्रोभिन्सको राजधानी होन्जाओलाई चिनियाँ सिलिकन भ्याली भनेर पनि चिनिने रहेछ। होन्जाओमा ठुल्ठुला अन्तर्राष्ट्रिय प्रविधि तथा एआई कम्पनी रहेछन्। 'च्याट जिपिटी'लाई मात खुवाएको 'डिपसिक'को 'हेड अफिस', अलिबाबा, युनिभ्यु, एन्टावर्क, होन्जाओ ब्रेन सेन्टर आदि पनि यहीँ रहेछन्। होन्जाओमा रहेको 'वेस्ट' लेक विश्व 'हेरिटेज साइट' रहेछ। सयौँ वर्ष लगाएर सिमेन्ट र रडको प्रयोग नगरी विशाल मानव निर्मित वेस्ट लेक भव्य रहेछ। त्यही ठाउँमा २०१६ मा 'जी-२०' समिट भएको थियो, जहाँ विश्वका शक्तिराष्ट्रका नेता भेला भएका थिए।

चीनको उच्चस्तरीय विकास

चीनले आफ्नो विकासलाई उच्चस्तरीय विकासको परिभाषामा व्याख्या गरिरहेको छ। यथार्थमा के हो त उच्चस्तरीय चिनियाँ विकासको मोडेल ? विकासका लागि चीनले अपनाइरहेका मापदण्ड हेर्दा असाध्यै वातावरणमैत्री तथा दिगो विकासकेन्द्रित देखिन्छन्। सडक निर्माण गर्दा अपनाइएको हरियाली, सडक सुरक्षा, फराकिला सडक, गुणस्तरीय निर्माण, एआईमा आधारित कृषि तथा उद्योग, एआई तथा प्रविधिमा जोड, इभी गाडीको प्रवर्द्धन, ग्रामीण क्षेत्रको पुनरुत्थान, ग्रिन अर्थतन्त्र, नवप्रवर्तनमा आधारित शिक्षा, सहर र गाउँको योजनाबद्ध विकासले चिनियाँ विकास मोडेललाई प्रस्ट पार्न सघाउँछन्। मुख्य कुरा सबै क्षेत्र प्रविधिको उच्चतम प्रयोग र पूर्णतया प्रविधिको निगरानीमा हुँदा रहेछन्।

प्रविधिको अत्यधिक उपयोग

गुडिरहेको गाडीमा अचानक कुनै समस्या आएमा राज्यको प्रविधियुक्त 'ब्रेन सेन्टर'मा तत्काल सूचना पुग्दो रहेछ र त्यसबाट मानवीय तथा भौतिक क्षति हुन नदिन तत्काल प्रभावकारी कदम चालिँदो रहेछ। हरपल राज्यले प्रविधिमार्फत नागरिकसम्म पहुँच पुऱ्याएको देख्दा राज्यको महत्त्व नागरिकका लागि कति महत्त्वपूर्ण छ भन्ने थाहा हुन्छ। चीनले ठुला सहरमा सहरी 'ब्रेन सेन्टर' निर्माण गरिरहेको रहेछ। तीमध्येको एक होन्जाओ ब्रेन सेन्टर जाँदा सहरभरि के भइरहेको छ, त्यहीँ बसीबसी हेर्न सकिने रहेछ। कुनै ठाउँमा दुर्घटना वा आगलागी भयो भने सबैभन्दा पहिला ब्रेन सेन्टरमा 'वार्निङ' आउँदो रहेछ। जसपश्चात् त्यहाँ तत्कालै राज्य पुग्दो रहेछ। यसरी चीनले आफ्ना नागरिकको रक्षा र सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न उच्च प्रविधिमा आधारित डेटा सेन्टर निर्माण गरेको छ।

हाई स्पिड रेल सेवा

हाई स्पिड रेल प्रविधिले त चीनको यातायात क्षेत्रमा क्रान्ति नै ल्याइदिएको रहेछ। सांघाईबाट बेइजिङ पुग्न पहिला ३० घण्टा लाग्दो रहेछ। तर, अहिले पाँच घण्टामै पुग्न सकिँदो रहेछ। यसरी विशाल चीनभरि हाई स्पिड रेल्वे प्रणालीमार्फत नागरिकलाई द्रुत सेवामा आबद्ध गराइएको रहेछ। रेल्वे स्टेसनहरू अन्तर्राष्ट्रिय हवाई टर्मिनलजस्तै भव्य बनाइएको रहेछ। एयरपोर्टहरूमा रोबर्ट एआई, डिजिटल प्रविधि र भौतिक संरचना हेर्दा चीनको विकास साँच्चै अद्भूत लाग्दो रहेछ। कुन्मिङतिरका डाँडाकाँडाभरि ठुल्ठुला विद्युत् उत्पादन गर्ने पंखा, सहर र गाउँको प्लानिङ हेर्दा कुनै वेलाको औपनिवेशिक अपमान र भोकमारीले पीडा भोगेको चीन यही हो त ? भनेर पत्याउन मुस्किल हुने रहेछ। त्यसैले, चीनको विकासलाई चामत्कारिक मान्न सकिन्छ। नेपालको प्रजातान्त्रिक र चीनको जनवादी गणतन्त्रको यात्रा १९५० वरिपरि एकै समयमा सुरु भएको थियो। तर, आजको चीनले नेपाललाई धेरै पछाडि छाडेर विश्वकै शक्तिशाली राष्ट्र बनिसकेको छ। नेपालले कठोर प्रतिज्ञा गरेर अगाडि बढ्न ढिला भइसकेको छ।

नागरिक र राज्यको भूमिका

नागरिक र राज्यको भूमिकाबारे इतिहासदेखि नै बहस हुँदै आएको छ। राज्यको भूमिका एकदमै सीमित हुनुपर्छ भन्ने एकथरीको मत छ भने अर्काथरीले राज्य भनेकै जनताको जीवनरक्षाका लागि निर्माण भएकाले राज्य जनताप्रति पूर्ण उत्तरदायी हुनुपर्छ भन्ने मान्यता राख्छन्। चीनको विकासलाई हेर्दा राज्यले नागरिकका लागि कसरी कार्य गरिरहेको छ, त्यो देख्न पाइन्छ। उदारवादी विचारधाराले राज्यको भूमिका कम र निजी क्षेत्रको भूमिका बढी हुनुपर्ने मान्यता राख्छ, तर समाजवादी चीनले राज्य नागरिकप्रति जवाफदेही र जिम्मेवार हुनुपर्ने मान्यता राखेको देखिन्छ।

> छोटो समयमै गरेको समृद्धि यात्राले संसारलाई चकित बनाउँदै गएको चीनको विकासबाट छिमेकी देश हुनुका नाताले नेपालले अधिकतम लाभ लिन सक्नुपर्छ। तर, त्यसतर्फ हाम्रो अझै ध्यान जान सकेको नदेखिनु दुःखको विषय हो।

ड्रोनमार्फत छिटो र प्रभावकारी सेवा प्रवाह

बढ्दो सहरीकरणले गर्दा चिनियाँ सहरमा गाडीको औसत गति २५ को 'स्पिड'मा हुने रहेछ। यसको विकल्पका रूपमा तीव्र गतिका रेल सञ्चालन भइरहेका छन् भने सहरभित्र छिटो सुविधा उपलब्ध गराउन 'एन्टावर्क'ले सहरी तथा ग्रामीण क्षेत्रमा हवाई रुटको प्रयोग गरी ड्रोनमार्फत छिटो सुविधा दिइरहेको रहेछ। जस्तै- रगतका नमुना संकलन र 'रिपोर्ट'हरू तुरुन्तै अस्पतालमा पुऱ्याउने, खानेकुरा र औषधि पनि त्यसरी नै द्रुवानी गरिने व्यवस्था रहेछ। कोभिडको समयमा यस कम्पनीले अत्यधिक सेवा प्रदान गरेपछि ड्रोन प्रविधिको प्रयोग चिनियाँ सहरमा दिन-प्रतिदिन बढिरहेको रहेछ। विभिन्न प्रविधिको प्रयोग गरी चीनले सबै क्षेत्रलाई सहज बनाउने कार्य गरिरहेको पाइन्छ। प्रविधि र नवप्रवर्तनमा आधारित विकास नै उच्चस्तरीय विकासको कडी रहेछ।

नेपाली विकासको 'डिपार्चर'

नेपाली जनताको विकास र समृद्धिको चाहना अधिक छ। जनताको चाहनाअनुसार विकासले 'डिपार्चर' भने लिन सकिरहेको छैन। नयाँ सरकारलाई विकासमा डिपार्चर दिने सुनौलो अवसर छ। अवसरको उपयोग हुन्छ वा पहिलेका सरकारले झैँ 'टाइम बाई' हुन्छ, त्यो भने समयक्रममा देखिँदै जानेछ। चीन हाम्रो उत्तरी छिमेकी देश हो, जसले छोटो समयमै गरेको विकासले संसारलाई चकित बनाउँदै गएको छ। छिमेकी हुनुका नाताले नेपालले त्यसको लाभ लिन सकिरहेको देखिँदैन। चीनले अगाडि सारेको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरई) परियोजनामार्फत निर्माण गर्न खोजेको नेपालमार्फत दक्षिण एसियाको कनेक्टिभिटीमा पनि कुनै प्रगति भएको पाइँदैन।

चिनियाँ परियोजनामा समेत भूराजनीतिक चासो बढ्दै गएका देखिन्छन्। नेपाल विकासको महत्त्वपूर्ण चरणमा रहेकाले उत्तरी छिमेकी चीनको उच्चस्तरीय विकास मोडेलबाट लाभान्वित हुन सक्ने अवसर छ। नागरिकलाई सुविधा, सुरक्षा र जिम्मेवारी बहनमा चिनियाँ प्रविधि सार्थक हुन सक्छ। काठमाडौं महानगरपालिकाले होन्जाओको 'युनिभ्यु' प्राविधिक कम्पनीसँग सहकार्य गरी काठमाडौं उपत्यकाको रिङरोडमा सिसिटिभी क्यामेरा जडान गरी काम गरिरहेको छ। 'फेस रिडिङ'मा चिनियाँ प्रविधि विश्वकै अब्बल मानिन्छ। चीनमा त्यस प्रविधिको प्रयोगपछि अपराध निकै कम भएको र ज्येष्ठ नागरिक पार्कमा घुम्दाघुम्दै हराएको अवस्थामा छिट्टै भेटिने क्रम पनि उल्लेख्य रूपमा बढेको रहेछ। नेपालमा पनि ठुला सहर र अपराध बढी हुने ठाउँमा चिनियाँ प्रविधिको सहयोगमा 'फेस डिटेक्सन' जडान गरी अपराध कम गर्न सघाउ पुग्छ।

सही ठाउँमा आवश्यक विकास भएमा त्यसले आर्थिक विकासको ढोका खोल्छ। नेपालमा नीति र आर्थिक क्षेत्र उच्चस्तरमा चलायमान बनाउने क्षेत्रको मेल आवश्यक छ। 'एक घर एक रोजगार' नीतिका आधारमा चीनले गरिबी निवारणमा ऐतिहासिक सफलता हासिल गऱ्यो। नेपालमा पनि विभिन्न प्रदेश तथा विभिन्न स्थानमा विकासको डिपार्चर के हो ? र कसरी हुन्छ ? आदि विषयमा छलफल हुँदै आएका छन्। ती छलफलका निष्कर्ष र चीनको उच्चस्तरीय विकासलाई सरकारले ध्यान दिँदै आगामी दिनमा आवश्यक योजना समावेश गरी गति दिनु आवश्यक छ।

(शाही त्रिभुवन विश्वविद्यालयमा विश्व व्यवस्था र भूराजनीतिक मामिलाका पिएचडी स्कलर हुन्)

---

३ प्रश्न

काङ्ग्रेस सहमहामन्त्री **प्रकाश रसाइली स्नेही**लाई



क्रियाशील सदस्यता अद्यावधिकको क्रम कहाँ पुग्यो ?

संख्यात्मक रूपमा हेर्दा निकै उत्साहजनक र उपलब्धिपूर्ण देखिएको छ। बिहीबार राति १२ बजेभित्र सदस्यता अद्यावधिक गर्न पाइन्छ। त्यसैले, शुक्रवार बिहान केन्द्रीय कार्यसमिति बैठक बसेर मात्र यसको आधिकारिक संख्या सार्वजनिक गरिनेछ। अहिले सर्सर्ती हेर्दा पुरानो सदस्यता अद्यावधिकबै हाराहारीमा साथीहरूले उत्साहसाथ अद्यावधिक गराउनुभएको छ।

क्रियाशील सदस्यता अद्यावधिक नगर्नेले महाधिवेशनमा सहभागी हुन नपाउने नै हो त ?

त्यो त स्वाभाविकै भयो। नवीकरण गरिसकेका सदस्यका हकमा उहाँहरूको विवरण पार्टीको 'सिस्टम'मा त रहिरहने नै भयो। तर, महाधिवेशनका प्रक्रियामा सहभागी हुन अहिले अद्यावधिक गरेपछि एनसिआइडी नम्बर आउँछ। त्यसैका आधारमा महाधिवेशनका सम्पूर्ण प्रक्रियामा सहभागी हुन पाइन्छ। पार्टी विधानको व्यवस्थाअनुसार केन्द्रीय समितिले गरेको निर्णय सम्पूर्ण पार्टी सदस्यले मान्नैपर्छ। विधानभन्दा माथि कोही पनि हुन सक्दैन।

यस्तो विवादले कांग्रेसलाई थप कमजोर बनाउँदैन र ?

एउटा जीवन्त पार्टीभित्र आन्तरिक विवाद हुनु, समूहहरू बन्नु अनौठो होइन। पार्टी निर्णय कसैलाई मन पर्न सक्छ, कसैलाई मन नपर्न पनि सक्छ। हामी अहिले जे गरिरहेका छौं, त्यो सबै १५औँ महाधिवेशनको गृहकार्य हो। आगामी महाधिवेशन सफल पार्न यी प्रक्रिया समयमै टुंग्याउँदै लानुको विकल्प छैन। विगतमा अदालतको निर्णय मान्छौं भनिसकेपछि अहिले अदालतको निर्णय आइसकेको अवस्थामा अर्घेल्याइँ गरेर हुँदैन। वैधानिक कार्य समितिले गरेका निर्णयमा अर्घेल्याइँ गर्ने छुट कसैलाई छैन। आफूले आफ्नो सदस्यता अद्यावधिक नगर्न पाइन्छ, तर अरूलाई नगर भनेर भड्काउन पाइन्न। यस्ता सानातिना विवादले पार्टी नै कमजोर हुने भन्ने हुँदैन। वेलावेलामा यस्ता विवाद उठिरहन्छन्, तर समयक्रमसँगै ती सल्टिँदै पनि जान्छन्।

प्रेरक प्रसंग

सयवटा उँटको सेवा

एक निजी कम्पनीमा काम गर्ने सरोज आफ्नो जिन्दगीदेखि कत्ति पनि सन्तुष्ट थिएनन्। हरेक समय उनी कुनै न कुनै समस्याबाट पीडित रहन्थे।

एकपटक उनको सहरनजिकै एक सन्तको समूह आइपुग्यो। सन्तले हरेक समस्याको समाधान निकाल्छन् भन्ने चर्चा सुनिन्थ्यो। त्यसैले, सरोज पनि उनलाई भेट्न पुगे। उनले लामो प्रतीक्षापछि सन्तलाई भेटेर आफ्नो समस्या सुनाए। उनको समस्या सुनेर सन्त मुस्कुराए र भने- बाबु, आज साँझ पनि पर्न लागिसक्यो। म तिम्रो समस्याको समाधान भोलि बताउनेछु। के तिमी आज यहीँ बसेर मेरो एउटा काम गरिदिन सक्छौ ?

सरोजले उत्साहसाथ भने- भन्नुहोस् न साधुबाबा, म गरिहाल्छु नि। सन्तले भने- हेर न बाबु हाम्रो समूहमा सयवटा उँट छन्। आज उँटको हेरचाह गर्ने मानिस बिरामी छ। त्यसैले, तिमीले तिनको हेरचाह गरिदिए बडो राम्रो हुने थियो। अनि, जब ती सयमा सय उँट नै बस्नेछन्, तब तिमी सुते हुन्छ है !

यति भनेर सन्त आफ्नो कक्षातिर गए। अर्को बिहान जब सरोजको सन्तसित भेट भयो। सन्तले प्रश्न गरे- बाबु, राति राम्ररी निदायौ नि ? सरोजले दुःखी हुँदै जवाफ दिए- कहाँ निदाउन पाउनु र बाबा ? लाख कोसिस गर्दा पनि सबै उँटलाई बसाउनै सकिनँ।

एउटा न एउटा त उठिरहेकै हुन्थ्यो। सन्तले भने- हो, यस्तै हुन्छ भन्ने मलाई थाहा थियो। राति तिमीले लाख कोसिस गर्दा पनि सबै उँटलाई एकसाथ बसाउन सकेनौ। एउटालाई बसाउँदाबसाउँदै अर्को उठिहालेझैँ तिम्रो जीवनमा पनि एउटा समस्याको समाधान गर्दा नगर्दै अर्को समस्या आइहाल्छ। कहिले बढी र कहिले कम मात्र हो, जीवन समस्यारहित त हुनै सक्दैन।

त्यसैले, हामीले समस्याको बिचबाटै समाधान निकाल्न सक्नुपर्छ। कतिपय उँट आफैँ बसेजस्तै कतिपय समस्या पनि आफैँ समाधान भएर जान्छन्। कति समस्या जति कोसिस गर्दा पनि समाधान हुँदैनन्। तिनलाई वास्तै नगरी छाडिदिनुपर्छ। कतिपय समस्याको आफैँले कोसिस गर्दा समाधान निकाल्न सकिन्छ। जीवनमा हार नमान्ने हो भने समस्या कुनै ठुलो समस्या होइन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निर्णायक संवाद केका लागि ?

विगतमा आफू संस्थापन पक्ष हुँदा इतर पक्षलाई पेलेरै पार्टी चलाएको काङ्ग्रेसको वर्तमान इतरपक्षले बिर्स्यो कि के हो ? नत्र, पार्टी केन्द्रले विधिवत् गरेको निर्णय नमानेर अत्तो थाप्ने काम उनीहरूले किन गरिरहेका छन् ? पार्टीका सक्रिय सदस्यको विवरण अनलाइनमा अपडेट गर्नु के गलत हो र ? हिजोको संस्थापन पक्षका बुढाखाडा नेतालाई अनलाइन चलाउनै आउँदैनथ्यो। अहिले सबै प्रक्रिया अनलाइन गर्ने भनिएपछि खुरुक्क आफ्नो विवरण अपडेट गराउन छाडेर अब केको निर्णायक संवाद हो ? के एउटै पार्टीमा पनि दुई पार्टीबिचको एकता प्रक्रियाको वार्ताजस्तो पटक-पटक संवाद गरिरहनुपर्ने हो र ?

● **सामूहिक सुवेदी**, गढ्ठाघर, भक्तपुर

दलहरू कहिले सुध्रेलान् ?

जम्मा पाँचवर्षे कार्यकालको लुम्बिनी प्रदेश सभामा मात्र साढे तीन वर्षको अवधिमा चार मुख्यमन्त्रीसहित ५० मन्त्री बनिसक्दा पनि अझै हेरफेरको तयारी भइरहेको समाचार पढियो। उसै त प्रदेश संरचना नेपालमा निकै आलोचित छ। प्रदेश खारेज गरिदिए पनि हुन्छ भन्ने आवाज पटक-पटक उठिरहेको छ। तैपनि, दलहरू सुधिएर प्रदेशमा एउटा स्थिर सरकार दिनेभन्दा पनि प्रदेशका सबै सांसदलाई पालैपालो मन्त्री बनाउने दौडमा लागेका छन्। कहिले सुध्रेलान् दलहरू ?

● **कुलबहादुर विक**, कमलपोखरी, काठमाडौं

जिम्मेवारमाथि कारबाही गर

डेढ करोड खर्च गरेपछि अलपत्र छाडिएको झापास्थित विज्ञान पार्क अलपत्र परेको तस्बिर समाचार पढियो, हेरियो। जब कुनै संरचनाको उपयोग हुने सक्दैन भने त्यसको निर्माणका नाममा राज्यकोषबाट किन रकम खर्च गरिरहनु ? फेरि जब निर्माण सुरु भइसक्यो भने त्यसलाई पूर्णता दिएर उद्देश्यअनुरूप सञ्चालन गर्न कसले रोकेको छ ? झापाको दमक-१० मा बनाउने भनिएको यो विज्ञान पार्कमा भएको खर्च त्यसलाई अलपत्र पार्ने जिम्मेवार अधिकारीबाट असुलउपर गरियोस्।

● **सर्वोत्तम पालिखे**, नारायणघाट, काठमाडौं

कर्मचारीको मनोबल गिर्न नदेऊ

यतिखेर आमजनताले आफ्नो दैनिक जीवनमा महसुस गर्न सक्ने सुशासन र अमनचैनको खोजी गरिरहेका छन्। विडम्बना ! वर्तमान सत्ता र 'जेन-जी' मानसिकता बोकेको नेतृत्व भने दशकौँ पुराना र रहस्यको गर्भमा विलीन भइसकेका 'दरबार हत्याकाण्ड'जस्ता फाइल खोल्ने सस्ता नारामा अल्झिएर 'लोकप्रिय' बन्न खोज्दै छ। युवा वर्गलाई एक सातामा पासपोर्ट दिनु वा केही छिटो सवारी चालक अनुमतिपत्र (लाइसेन्स) उपलब्ध गराउनु सकारात्मक त हो, तर यसैलाई राज्यको 'महान् उपलब्धि' ठानिनु दृष्टिभ्रम मात्र हो। नयाँ पुस्तालाई आफ्नै माटोमा पसिना बगाउने र राष्ट्र निर्माणमा जोड्ने ठोस कार्यक्रम खोइ ? उत्पादन र रोजगारी बढाउने कुनै दूरगामी योजना सरकारको प्राथमिकतामा परेको खोइ ?

जसले आफ्नो सम्पूर्ण ऊर्जा, यौवन र श्रम देशको सेवामा अर्पण गरे, आज उत्तरार्धमा उनीहरूलाई नै अपमानको घुट्को पिलाइँदै छ। '५५ वर्षे उमेर हद वा ३० वर्षे सेवा अवधि'को 'नयाँ अवधारणा' ल्याएर करिब १० देखि १५ हजार अनुभवी सरकारी कर्मचारीलाई घर पठाउने गरी निजामती सेवा विधेयकको मस्यौदा तयार पारिएको छ। अझ, बढेको तलबसमेत उपभोग गर्न नदिई उनीहरूलाई पदमुक्त गरिने बजारिया हल्लाले कर्मचारीतन्त्रको मनोबल गिराएको छ।

प्रशासन संयन्त्रमा नयाँ र युवा ऊर्जा प्रवेश गराउनु राम्रो हो। अनावश्यक दरबन्दी ओगटेर राज्यको स्रोत दोहन गर्नेहरूलाई बिदा गर्नु अझ स्वागतयोग्य कदम हो। के यसले कर्मचारी संयन्त्रको मनोबल उच्च होला त ?

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakumar14@gmail.com

विश्वकपका खेलाडीको ट्यातुले राख्ने अर्थ

ट्यातु एक प्रकारको 'अमौखिक सञ्चार' हो, जसले खेलाडीलाई उनीहरूको व्यक्तिगत भावना, विचार र रुचि प्रकट गर्न सघाउँछ



देश/विदेश

● गुस्ताभो मोरेलो
(मोरेलो बोस्टन कलेजका सोसोलोजीका प्राध्यापक हुन्)

जुन ११, २०२६ मा फिफा विश्वकप सुरु हुँदै गर्दा परम्परागत समाचार र सामाजिक सञ्जाल खेलाडीका तस्बिरले भरिएका हुनेछन्। तीमध्ये धेरैले खेलाडीको ट्यातु देखाउनेछन्। कलात्मक रूपमा शरीरमा ट्यातु खोप्नु अन्तर्राष्ट्रिय फुटबलको हिस्सा बन्दै गएको छ, यद्यपि यसको व्यापकता भौगोलिक क्षेत्रमा फरक हुन सक्छ। २०१८ को विश्वकपमा भाग लिने खेलाडीमाझ गरिएको अध्ययनले ल्याटिन अमेरिकी खेलाडीले सबैभन्दा धेरै ट्यातु खोपेको देखाएको थियो। त्यसपछि सामुद्रिक देश र युरोपेली खेलाडी थिए। अफ्रिकी र एसियाली खेलाडीले कम ट्यातु खोपेका छन्। मैले २०१८ देखि ट्यातु र तिनको आध्यात्मिक तथा धार्मिक भूमिकाबारे अध्ययन गर्दै आएको छु। ट्यातुहरू समय र पैसाका लगानी तथा व्यक्तिको जीवनका महत्त्वपूर्ण प्रतीक हुन्। यद्यपि, पेसेवर खेलाडीका लागि तिनले अर्कै अर्थ दिन्छन्।

खेलाडीले कम्पनी र अन्य लगानीकर्तासँगको सम्झौता दायित्वलाई विचार नगरी स्वतन्त्र रूपमा स्की गर्न, कसरत गर्न वा बिदा लिन सक्दैनन्। विश्वकपमा खेल्ने धेरैजसो खेलाडीले प्रायोजन सम्झौतामा हस्ताक्षर गरेका हुन्छन्। यसले खेलाडीले आफ्नो सामाजिक सञ्जालमा के प्रेषित गर्ने या नगर्ने भन्ने विषयमा नियमन गर्छ। यस पृष्ठभूमिमा ट्यातु व्यक्तिगत स्वतन्त्रताको केही स्थानमध्ये एक हो।

समाजशास्त्री साम बेल्किन र डेल सेप्टक तर्क गर्छन्- ट्यातु प्रायः खेलाडीले आफ्नो अपेक्षा व्यक्त गर्ने तरिका हो। बेल्किन र सेप्टकका अनुसार दृश्यात्मक ट्यातु एक प्रकारको 'अमौखिक सञ्चार' हो, जसले खेलाडीलाई उनीहरूको व्यक्तिगत भावना र उनीहरूलाई के महत्त्वपूर्ण छ भन्नेबारे इमानदार हुन सक्षम बनाउँछ। मेरा सहकर्मी र मैले २०२२ मा कतारमा भएको अन्तिम विश्वकप जित्ने अर्जेन्टिनाको पुरुष राष्ट्रिय टोलीका सदस्यको ट्यातुको विश्लेषण गर्‍यौं। हामीले लगभग २०० तस्बिर हेर्‍यौं र पत्ता लगायौं कि रोस्टरमा रहेका २६ खेलाडीमध्ये २० जनामा कुल २२६ ट्यातु थिए।

हामीले टोलीको जनसांख्यिकी र खेलाडीको शरीरमा ट्यातु डिजाइन र स्थानको विश्लेषण गर्‍यौं। अन्तर्वार्ताको पनि विश्लेषण गर्‍यौं, जहाँ तीमध्ये केहीले ट्यातुलाई जीवनसँग जोडेका थिए। केही अवस्थामा तिनको ट्यातुपछाडिका कथा पनि थिए। हामीले यी ट्यातुलाई तिनको व्यावसायिक मार्ग, धार्मिक र लोकप्रिय संस्कृतिको फराकिलो सन्दर्भमा राखेर हेर्‍यौं। धेरैजसो खेलाडीले ट्यातुमार्फत आफ्नो धार्मिक विश्वास व्यक्त गरेको पाइयो। ७५ प्रतिशत ट्यातुले धार्मिक विश्वास व्यक्त गरे, अर्थात् २० मध्ये १५ खेलाडीले क्याथोलिक धर्मसँग सम्बन्धित धार्मिक व्यक्तित्वको शरीर कला, जस्तै भर्जिन मेरी, यशु र सन्तहरूको शरीर कला प्रस्तुत गरे। केहीले पवित्र आत्मा र चर्चहरूसँग सम्बन्धित ढुकुरको ट्यातु पनि बनाएका थिए।

हामीले धार्मिक विविधता पनि देख्यौं। त्यहाँ बुद्ध, सन्त र आध्यात्मिक वस्तुका ट्यातु थिए। एक खेलाडीले 'ड्रिम क्याचर'को ट्यातु बनाएका थिए। अर्का खेलाडीले आफ्नो शरीरमा 'एनर्जी' अर्थात् शब्द कोरेका थिए। पचहत्तर प्रतिशत खेलाडीले आफ्नो करिअरमा के हासिल गरेका छन् भनेर चित्रण गर्ने ट्यातु बनाएका थिए। उनीहरूले प्रयोग गर्ने केही प्रतीक टूफी, जर्सी र संख्या थिए। सामान्यतया उनीहरूले पाउने संख्या उनीहरूले लगाउने जर्सी नम्बरसँग मेल खान्छ।



असी प्रतिशत (१६ खेलाडी) ले आफूले मन पराएको कुरा चित्रण गर्ने ट्यातु खोपेका थिए। यी ट्यातुमा संख्याको डिजाइन समावेश छन्- सामान्यतया खेलाडीका बच्चाको जन्ममिति। त्यस्तै आफ्ना प्रियजनको नाम वा उनीहरूका पार्टनरका आँखा वा ओठ पनि ट्यातुमा कोरेका थिए। केही ट्यातुले आमाबाबु, हजुरबा, हजुरआमा, उनीहरूलाई हुर्काउन मद्दत गर्ने व्यक्ति र घरपालुवा जनावरसहित उनीहरूको विस्तारित परिवारलाई व्यक्त गरे। 'प्लेसमेन्ट' पनि महत्त्वपूर्ण थियो। लगभग ६० प्रतिशत ट्यातु हात र टाउकामा थिए, जुन स्थान उनीहरूले मैदानमा प्रदर्शन गर्दा सजिलै देखिन्थे। तर, ट्यातुको डिजाइनले यसको स्थान पनि निर्धारण गऱ्यो, धार्मिक प्रतीकहरू सामान्यतया सम्पूर्ण काँध वा माथिल्लो वा तल्लो खुट्टामा राखिन्थ्यो। व्यावसायिक करिअरसँग सम्बन्धित ट्यातु सामान्यतया खेलाडीको प्रमुख खुट्टामा राखिन्थ्यो। जनावरका ट्यातु सामान्यतया पछाडि राखिन्थ्यो र खेलको समयमा देखिँदैनथ्यो।

फुटबलको अध्ययन गर्ने धेरै विद्वान्ले राजनीतिसँग यसको सम्बन्धको जाँच गरेका छन् र यो खेल कसरी राजनीतिका लागि एक स्थान भएको छ भनेर अध्ययन गरेका छन्। उदाहरणका लागि डिएगो म्याराडोनाले आफ्नो दाहिने हातमा चे ग्वेभाराको ट्यातु र आफ्नो तल्लो खुट्टाको पछाडिपट्टि क्युबाली क्रान्तिकारी फिडेल क्यास्ट्रोको ट्यातु खोपे, जसले उनको क्रान्तिकारी राजनीतिक विचार व्यक्त भयो।

ट्यातु हेर्दा लिंग पनि महत्त्वपूर्ण हुन्छ। महिला खेलाडीलाई प्रायः पुरुष समकक्षीभन्दा बढी जाँच गरिन्छ। अर्जेन्टिनाको राष्ट्रिय महिला टोलीकी कप्तान यामिला रोड्रिगेजले क्रिस्टियानो रोनाल्डोको ट्यातु खुलासा गर्दा प्रशंसक र मिडियाबाट तीव्र आलोचनाको सामना गर्नुपऱ्यो। उनले ट्यातुमा अर्जेन्टिनाका लियोनल मेस्सीको नभई पोर्चुगिज सुपरस्टारको चित्रण गरेकी थिइन्। रोड्रिगेजको अनुभवले महिलाको शरीरलाई पुरुषको जस्तो व्यक्तिगत निर्णयको अधीनमा राखिएको कुरा प्रकाश पार्छ। यो विश्वकप, यसको अभूतपूर्व विश्वव्यापी पहुँचका साथ, खेलाडीले आफ्नो शरीरमा प्रदर्शन गर्न छनोट गर्ने मूल्य-मान्यता, विश्वास र सम्बन्ध अवलोकन गर्ने एक अद्वितीय अवसर प्रदान गर्छ। केही तरिकामा ट्यातुलाई खेलाडीको आत्मामा सानो झ्यालको रूपमा हेर्न सकिन्छ।

द कन्भर्सेसनबाट

१३ हजार जनसंख्या भएको नाउरुले औपनिवेशिक नाम बदलेर 'नाओएरो' बनाउँदै



यारेन/ विश्वको सबैभन्दा सानो गणतान्त्रिक राष्ट्र नाउरुले आफ्नो नाम बदलेर 'नाओएरो' राख्ने तयारी सुरु गरेको छ। यस परिवर्तनले 'हाम्रो देशको सम्पदा, हाम्रो भाषा र हाम्रो पहिचानलाई थप इमानदारीपूर्वक व्यक्त गर्नेछ,' नाउरुका राष्ट्रपति डेभिड अडेएङले गत जनवरीमै संसद्मा सम्बोधन गर्दै भनेका थिए।

नाउरुको संसद्ले हालै देशको नाम परिवर्तन गर्ने सम्बन्धमा पेस गरिएको प्रस्ताव निर्विरोध पारित गरेको छ। १३ हजार जनसंख्या भएको यो २१ वर्ग किलोमिटरको सानो टापुराष्ट्रले यस परिवर्तनलाई औपचारिक बनाउने विषयमा अब जनमत संग्रह गर्नेछ।

विगतमा औपनिवेशिक शासकको जिब्रोले सहज उच्चारण गर्न नसकेपछि नाउरुवासीले बोल्ने भाषाको 'नाओएरो'लाई नाउरु उच्चारण गर्न थालिएको थियो। पछि यसैलाई आधिकारिक नाम राखियो। 'अहिलेको देशको नाम हामीले रोजेका होइनौँ, बाहिरका मानिसका सुविधाका लागि यसलाई परिवर्तन गरिएको थियो,' राष्ट्रपतिले जनवरीमा सम्बोधनका क्रममा भनका थिए।

अस्ट्रेलियाबाट करिब तीन हजार किलोमिटर उत्तरपूर्वमा अवस्थित यो दुर्गम टापुदेशमा सन् १७९८ मा पहिलोपटक युरोपेली पुगेका थिए (एक ब्रिटिस नाविक)। पछि सन् १८८८ मा जर्मनीले टापुलाई आफ्नो कब्जामा लियो र यसलाई 'नाउरु' नामले बोलाउन थाल्यो। सन् १९१९ मा 'लिग अफ नेसन्स'ले यसलाई अस्ट्रेलियाको नियन्त्रणअन्तर्गत राख्यो, जसले जर्मनीले राखिदिएको नाम नै कायम राख्यो। सन् १९६८ मा स्वतन्त्रतापछि भने नाम परिवर्तनबारे पटक-पटक बहस भए पनि हालसम्म कार्यान्वयन हुन सकेको थिएन।

'नाओएरो' नामको पक्षमा बहस गर्ने क्रममा त्यहाँको सरकारले पछिल्लो समय नाम बदलेका देश 'टर्किए' (पहिले टर्की) र 'इस्वातिनी' (स्वाजिल्यान्ड) उदाहरण पेस गरिरहेका छ। विगतमा अन्य धेरै अफ्रिकी र एसियाली देशले स्थानीय भाषालाई राम्रोसँग प्रतिबिम्बित गर्न र विगतको औपनिवेशिक नाम त्याग्न नाम बदलेका छन्।

विद्वान्हरूका अनुसार उपनिवेशकालको स्थानीय नाम परिवर्तनको उद्देश्य उच्चारण सहज पार्ने मात्र थिएन। अमेरिकाको एभरग्रिन स्टेट कलेजमा भूगोल र मूल अमेरिकी अध्ययनका प्राध्यापक जोल्टन ग्रोसम्यानका अनुसार स्थानीयले प्रयोग गरिरहेको नाम परिवर्तन खासमा औपनिवेशिक शक्तिको प्रदर्शनको हिस्सा थियो।

'मूल बासिन्दाको उपस्थिति मेटाउन पहिले नाम बदल्ने अभ्यास व्यापक थियो। यो अभ्यास खाली नाम परिवर्तनसँग मात्र सीमित थिएन। खासमा नाम परिवर्तन गर्ने शक्ति कोसँग छ भन्ने शक्ति प्रदर्शनसँग सम्बन्धित थियो,' ग्रोसम्यानले भने।

पुराना स्थानीय नामको नक्सांकन र दस्ताबेजीकरण गर्ने परियोजना 'डि-कोलोनियल एट्लस'का संस्थापक जोर्डन एंगेलका अनुसार पछिल्लो समय औपनिवेशिक कालमा बदलिएको स्थानीय नाम पुनर्स्थापित गर्ने चलनले 'गति' लिएको छ। 'यो अभ्यास आत्मनिर्णयको सबैभन्दा आधारभूत अभिव्यक्ति हो। आफ्नो पुर्खाहरूले राखेको नाम पुनः प्रयोग गर्न सक्षम हुनुलाई गर्वका रूपमा हेरिन थालिएको छ,' एंगेल भन्छन्।

इतिहासमा आज जुन १२



सन् १९६४ : रंगभेद शासनविरुद्ध संघर्षरत दक्षिण अफ्रिकी नेता नेल्सन मन्डेला र अन्य सातजनालाई आजीवन कारावासको सजाय दिइयो। उनको कारावासले रंगभेदविरुद्धको संघर्षप्रति विश्वव्यापी ध्यान तान्यो।

सन् १७०१ : 'एक्ट अफ सेटलमेन्ट'ले शाही अनुमोदन पाएसँगै बेलायतको राजगद्दीका उत्तराधिकारी प्रोटेस्टेन्ट धर्मावलम्बी मात्र हुन पाउने नियम लागू भयो।

सन् १७७० : कपडा बुन्ने कार्यलाई क्रान्तिकारी परिवर्तन गर्ने 'स्पिनिङ जेनी' नामक उपकरणका लागि अंग्रेज आविष्कार जेम्स हारग्रिम्सले प्याटेन्ट पाए।

सन् १८९७ : तत्कालीन ब्रिटिस इन्डियाको हिस्सा रहेको असममा ८.३ रेक्टर स्केलको शक्तिशाली भूकम्प आयो। भूकम्पको तीव्रता उच्च भए पनि तुलनात्मक न्यून मानवीय क्षति भएको प्रकोपमा १५४२ को ज्यान गएको थियो।

सन् १८९८ : जनरल एमिलियो एगुनाल्डो तथा फिलिपिनो क्रान्तिकारी फौजले औपचारिक रूपमा स्पेनको औपनिवेशिक शासनबाट स्वतन्त्र गऱ्यो। अमेरिका-स्पेनबिच विश्वव्यापी रूपमा युद्ध चलिरहँदा भएको घोषणाले तीन सय वर्षको स्पेनिस शासन अन्त्य गऱ्यो र अमेरिकी शासनको जग बसाल्यो।

सन् १९०१ : अमेरिकी सेना नफर्किने देखेपछि क्युबाले अमेरिकाले प्रस्ताव गरेको 'प्ल्याट संशोधन' स्विकार्दै अमेरिकी संरक्षित राज्य बन्न सहमति जनायो।

सन् १९३७ : स्टालिनले पार्टीभित्रका विरोधी नेताविरुद्ध सञ्चालन गरेको 'मस्को ट्रायल (सुनुवाइ)'का क्रममा यो दिन आठजना जनरललाई मृत्युदण्ड सुनाइयो।

सन् १९९१ : सोभियत संघको सबैभन्दा ठुलो हिस्सा 'रुसी सोभियत संघीय समाजवादी गणतन्त्र'मा पहिलोपटक सर्वदलीय राष्ट्रपतीय चुनाव भयो। चुनावमा कम्युनिस्ट उम्मेदवारलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार बोरिस एल्तसिन राष्ट्रपति बने।

सन् २०१८ : उत्तर कोरियाली नेता किम जोङ-उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच सिंगापुरको क्यापेला होटेलमा भेटवार्ता भयो। यो कुनै पनि उत्तर कोरियाली नेता र सत्तासीन अमेरिकी राष्ट्रपतिबिचको पहिलो भेटवार्ता थियो।

अमेरिकी आक्रमणमा तीन भारतीय नाविकको मृत्यु



अमेरिकी सेनाको केन्द्रीय कमान्ड (सेन्टकम)ले जारी गरेको आक्रमणअघिको जहाजको फोटो

मसकट/ इरानसँग सम्बन्धित ढुवानीलाई अवरुद्ध गर्ने वासिंटनको अभियानका क्रममा ओमानबाट अघि बढेको तेल ट्यांकर रोक्न अमेरिकाले गरेको सैन्य कारबाहीमा तीन भारतीय नाविकको मृत्यु भएको भारतीय अधिकारीले बिहीबार बताए। भारतीय ढुवानीमन्त्री सर्वानन्द सोनोवालले तीन नाविकको मृत्यु भएको पुष्टि गरे। 'दुःखको कुरा, बेपत्ता भएका तीन भारतीय नाविकको शव फेला परेको छ। उनीहरूको पहिचानसमेत भएको छ,' मन्त्री सोनोवालले भने। अमेरिकी सेनाको केन्द्रीय कमान्ड (सेन्टकम)ले यसअघि नै ओमान खाडीमा पलाउको झन्डा लगाइएको तेल ट्यांकर 'एमटी सेटेबेलो'मा अमेरिकी विमानले सटिक आक्रमण गरेको बताएको थियो।

नयाँदिल्लीले भारतमा रहेका अमेरिकी कूटनीतिज्ञ बेलाएर घटनाप्रति 'कठोर विरोध' जनाएको रोयटर्सले दुई भारतीय स्रोतलाई उद्धृत गर्दै लेखेको छ। बुधबार आक्रमणमा परेको 'एमटी सेटेबेलो' ट्याङ्करमा कुल २४ भारतीय चालक दल सवार थिए, जसमध्ये २१ जनालाई उद्धार गरिएको थियो। सामाजिक संजाल एक्समा पोस्ट गर्दै भारतका ढुवानी मन्त्री सर्वानन्द सोनोवालले मृतक तीन जनाको शव चाँडै देश ल्याइने बताएका छन्।

भारतीय अधिकारीका अनुसार जहाजमाथि आक्रमण भएलगत्तै ओमानी सेना त्यहाँ पुगेका थिए। तिनले नै २४ जना चालक दललाई जमिनमा ल्याएको र तीनजनाको मृत्यु भएको भारतीय अधिकारीले बताए। योसँगै अमेरिकाले यो साता हर्मुज क्षेत्रमा आक्रमण गरेका जहाजको संख्या तीन पुगेको छ। र, यी तीनैवटा जहाजमा सवार सबै चालक दल भारतीय रहेका थिए। भारतीय अधिकारीका अनुसार मारिनेको नाम क्याडेट आदित्य शर्मा, फिटर शिवानन्द चौरासिया र प्रमुख इन्जिनियर पटनाला सुरेश रहेको छ।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८३/०२/२९, शुक्रबार, नयाँ पत्रिका
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ आषाढ १२ गते, शुक्रबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको सांवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समय देखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफुले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नु होला भनी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसील बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस वित्तीय संस्थाको सम्पुर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसुची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	ऋणी तथा जमानी दिनेहरूको नाम	
	कुपण्डोल शाखा	
१.	**ब्रजेश अधिकारी** ना.प्र.प.नं.: ९७८१, काठमाण्डौं जारी मिति : २०५३/११/१६ बाबुको नाम : मोहन प्रसाद अधिकारी बाजेको नाम : शिवहरि अधिकारी ठेगाना : साविक काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४ **व्यक्तिगत धनजमानी दिने** **१. शान्ता अधिकारी** ना.प्र.प.नं.: १४०३, काठमाण्डौं जारी मिति : २०५५/०४/२६ बाबुको नाम : कृष्ण मुरारी गौतम पतिको नाम : मोहन प्रसाद अधिकारी ससुराको नाम : शिवहरि अधिकारी ठेगाना : साविक काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४	**२. फाल्गनु कुमारी दाहाल** ना.प्र.प.नं.: ३४३५, काठमाण्डौं जारी मिति : २०६०/०६/१३ बाबुको नाम : देव नारायण दाहाल पतिको नाम : ब्रजेश अधिकारी ससुराको नाम : मोहन प्रसाद अधिकारी ठेगाना : साविक काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. ०९, हाल ललितपुर, जिल्ला ल.पु.म.न.पा. वडा नं. २४ **३. मोहन प्रसाद अधिकारी** ना.प्र.प.नं.: २७२०२१०/३७५७, काठमाण्डौं जारी मिति : २०६७/०९/१२ (प्रतिलिपी) बाबुको नाम : शिवहरी अधिकारी बाजेको नाम : डोरनाथ अधिकारी ठेगाना : साविक काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४
	धितोको विवरण फाल्गनु कुमारी दाहाल र शान्ता अधिकारीको संयुक्त नाममा भूमी प्रशासन कार्यालय ललितपुर, लगनखेलमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, साविक धापाखेल गा.वि.स. वडा नं ०४ क, हाल ललितपुर म.न.पा. वडा नं. २४ स्थित कि.नं. २५६ र २५७ को क्षेत्रफल क्रमशः ०-०-१-० र ०-३-३-० गरी जम्मा क्षेत्रफल ०-४-०-० (रो.आ.पै.दा) को जग्गा, सो मा निर्मित घर लगायत उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
	सिमरा शाखा	
१.	**यादव अधिकारी** ना.प्र.प.नं. : १२-०१-७६-००६५४, खोटाङ जारी मिति : २०७६/०२/१२ बाबुको नाम : देवराज अधिकारी बाजेको नाम : नन्दराम अधिकारी ठेगाना : साविक खोटाङ जिल्ला, दिक्तेल रु.म.न.पा. वडा नं.४, हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. २ **व्यक्तिगत धनजमानी दिने** **१. रेणुका न्यौपाने** ना.प्र.प.नं. : १८६०८६१३, झापा जारी मिति : २०५२/१/२७ पतिको नाम : यादव अधिकारी ससुराको नाम : देवराज अधिकारी ठेगाना : साविक झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६, हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. २	**२. बिवेक अधिकारी** ना.प्र.प.नं. : ३३-०२-७७-००१६७, बारा जारी मिति : २०७७/०३/३० बाबुको नाम : यादव अधिकारी बाजेको नाम : देवराज अधिकारी ठेगाना : बारा लिल्ला जितपुर सिमरा उ.म.न.पा. वडा नं. २ **धितोको विवरण** यादव अधिकारीको नाममा भूमी प्रशासन कार्यालय बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, साबिक पिप्रा सिमरा गा.वि.स वडा नं २, हाल जितपुर सिमरा उ.म.न.पा. वडा नं. २ स्थित कि.नं. ६२८७ को क्षेत्रफल ०-०-६-१४ (बि-क-धु-क) र सो जग्गाले चर्चेको लिगलगापात समेत।

लिलामीका शर्तहरू

१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको कुपण्डोल तथा सिमरा शाखाबाट रु. १,०००/०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको कुपण्डोल तथा सिमरा शाखामा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्ने छ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन।
१२. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ साल आषाढ महिना १२ गते शुक्रबार कार्यालय समयभित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ साल आषाढ महिना १५ गते सोमबार दिनको ३:०० बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, कुपण्डोल तथा सिमरा शाखा।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np बेबसाइटः www.centralfinance.com.np

पिनाक बचत तथा ऋण सहकारी संस्था लि.

त्रिपुरेश्वर काठमाडौं
सम्पर्क नं.: ०१-४२४८६३८, ९८५१०४९५५३

कर्जा चुक्ता सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रथम प्रकाशित मिति : २०८३/०२/२९ गते

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेकोमा कर्जाको भूक्तानी सम्बन्धि सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने ब्याज हर्जाना वा नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा (ऋण) बापत तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना तिर्ने सम्बन्धमा मौखिक, टेलिफो न र विभिन्न मितिमा संस्थाबाट जारी भएको पत्रहरूको माध्यमबाट लिखित रुपमा पटक पटक तारताकेता गर्दा समेत उक्त कर्जा (ऋण) रकमको ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी कर्जा समेत नियमित नगरी यस संस्थासँग भएका कर्जा (ऋण) सम्बन्धी शर्त बन्देजहरू उल्लङघन गर्नु भएकोले यथासिघ्र संस्थामा सम्पर्क गरी आफुले उपभोग गरे को ऋण कर्जा सुविधा बापत संस्थालाई तिर्न बुझाउन पर्ने बक्यौता रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा पनि ऋण कर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने ब्याज र सो को हर्जना आदि सम्पुर्ण रकम चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको नियम र कर्जा लगानी तथा असुलि निति २०७७ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई कर्जा सुरक्षण बापत धितोलेखिदिएको तपशिलमा उल्लेखित घर जग्गा लिलाम बिक्री वा टेण्डर गरी संस्थाले लेना रकम असुल उपर गरिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताको विवरण कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सुचिमा समावेश गरीने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

सि.नं.	ऋणीको नाम र तिन पुस्ते विवरण	जमानी दिनेको नाम, ठेगाना र तिन पुस्ते विवरण
१	**नाम : धर्म महर्जन** ना. प्र. नं.: ५८४९, ललितपुर स्थाई ठेगाना : ललितपुर, वडा नं. १३ हालको ठेगाना : ललितपुर, वडा नं. १३ बुवाको नाम : नरसिं महर्जन बाजेको नाम : कुल बीर महर्जन	**नाम : नरेश महर्जन** ना.प्र. नं.: १०३८४८, ललितपुर ठेगाना :- ललितपुर, वडा नं. १३ हालको ठेगाना :- ललितपुर, वडा नं. १३ बुवाको नाम :- नरसिं महर्जन बाजेको नाम :- कुल बीर महर्जन
२	**नाम : प्रविन नकर्मी** ना.प्र. नं.: ९३३२, काठमाडौं स्थाई ठेगाना : का.म.न.पा ३५, पेप्सीकोला हालको ठेगाना : काठमाडौं - १४, कुलेश्वर बुवाको नाम : पूर्णमान नकर्मी बाजेको नाम : इन्द्रमान नकर्मी	**नाम : प्रकाश विष्ट** ना.प्र. नं.: १६०१९७, काठमाडौं ठेगाना : काठमाडौं - १४, कुलेश्वर हालको ठेगाना : काठमाडौं - १४, कुलेश्वर बुवाको नाम : रामकृष्ण विष्ट बाजेको नाम : तिलक बहादुर विष्ट
३	**नाम : राज कुमार प्रसाइ** ना.प्र. नं.: ३२३५२०५०, झापा स्थाई ठेगाना : झापा हालको ठेगाना : काठमाडौं - १४, कुलेश्वर बुवाको नाम : कृष्ण प्रसाद प्रसाइ बाजेको नाम : धनपति प्रसाइ	**नाम : विक्रम शाही** ना.प्र. नं.: १०९०५ ठेगाना : का.म.न.पा-१९, काठमाडौं हालको ठेगाना : काठमाडौं - १४, कुलेश्वर बुवाको नाम : त्रिरत्न शाही बाजेको नाम : सुर्य बहादुर शाही
४	**नाम : श्याम बहादुर पाण्डे** ना.प्र. नं.: ५४८३ / ३७०९ स्थाई ठेगाना : किमडाँडा गाविस-७, अर्घाखांची हालको ठेगाना : गोंगबु, बालाजु बुवाको नाम : बल बहादुर पाण्डे बाजेको नाम : हिम बहादुर पाण्डे	
५	**नाम : प्रभात पोखरेल विक** ना.प्र. नं.: ५७९/४०१०४२ स्थाई ठेगाना : धनचौर गाविस ८, अर्घाखांची हालको ठेगाना : पेप्सीकोला टाउनप्लानिङ बुवाको नाम : बोम बहादुर विश्वकर्मा बाजेको नाम : पदम बहादुर विश्वकर्मा	**नाम : बोम बहादुर विश्वकर्मा** ना.प्र. नं. : ५९५३/५४४/१८९२ ठेगाना : धनचौर गाविस ८, अर्घाखांची हालको ठेगाना : पेप्सीकोला टाउनप्लानिङ बुवाको नाम : पदम बहादुर विश्वकर्मा बाजेको नाम :
६	**नाम : सम्झना लामिछाने** ना.प्र. नं.: ११२२१९ स्थाई ठेगाना : दाडसिङ -७, नुवाकोट हालको ठेगाना : का.म.न.पा.-१४, कुलेश्वर बुवाको नाम : शम्भु प्रसाद पण्डित बाजेको नाम : हरिप्रसाद पण्डित	**नाम : राममणी लामिछाने** ना.प्र. नं.: ५११३४, नुवाकोट ठेगाना : दाडसिङ-७, नुवाकोट हालको ठेगाना : का.म.पा. १४ बुवाको नाम : गोर्कण लामिछाने बाजेको नाम : धर्मदत्त लामिछाने
७	**नाम : कासीनाथ लम्साल** ना.प्र.नं.: ३५७४१५६२, इलाम स्थाई ठेगाना : वरवोटे- ७, इलाम हालको ठेगाना : गरामनी - ९, झापा बुवाको नाम : लोकनाथ लम्साल बाजेको नाम : कुवेर प्रसाद लम्साल	
८	**नाम : दिपेश लम्साल** ना.प्र. नं.: ३५७४४६१७९, झापा स्थाई ठेगाना : गरामनी-५, झापा हालको ठेगाना : भोटेवहाल, काठमाडौं बुवाको नाम : डिल्लीराम लम्साल बाजेको नाम : लोकनाथ लम्साल	**नाम : रिणुका देवी लम्साल** ना.प्र. नं.: ३५७४४१९, झापा ठेगाना : गरामनी-५, झापा हालको ठेगाना : भोटेवहाल, काठमाडौं बुवाको नाम : भद्रप्रसाद चुडाल बाजेको नाम : लक्ष्मीप्रसाद चुडाल
९	**नाम : प्रमोद पाण्डे** ना.प्र. नं. : १०९५४/४१३९/४२५९, अर्घाखांची स्थाई ठेगाना : भगवती ८, अर्घाखांची हालको ठेगाना : का.म.न.पा., स्वयम्भु बुवाको नाम : उमाकान्त पाण्डे बाजेको नाम : मणीराम पाण्डे	**नाम : पुष्पा खनाल** ना.प्र. नं. : ठेगाना : पोखराथोक गाविस ५, अर्घाखांची हालको ठेगाना : का.म.न.पा., स्वयम्भु बुवाको नाम : पशुपती खनाल संसारको नाम : उमाकान्त पाण्डे
१०	**नाम : अरविन्द विष्ट** ना.प्र. नं.: स्थाई ठेगाना : का.म.न.पा.-१४, कुलेश्वर हालको ठेगाना : का.म.न.पा.-१४, कुलेश्वर बुवोको नाम : रामकृष्ण विष्ट बाजेको नाम : तिलक बहादुर विष्ट	**नाम : विर बहादुर तामाङ** ना. प्र. नं. : ३/२३१/०४४, धादिङ ठेगाना : का.म.न.पा.-१४, कुलेश्वर हालको ठेगाना: का.म.न.पा.-१४, कुलेश्वर बुवाको नाम : गणेश बहादुर तामाङ बाजेको नाम : बुद्धि बहादुर तामाङ
११	**नाम : लोचन कुमार कार्की** ना.प्र. नं.: ७६१८, काठमाडौं स्थाई ठेगाना : का.म.न.पा १३, काठमाडौं हालको ठेगाना : का.म.न.पा १३, काठमाडौं बुवाको नाम : वर्ण बहादुर कार्की बाजेको नाम : ऋषी बहादुर कार्की	**नाम : अनुप कुमार कुवँर** ना.प्र. नं.: १२३८२/७०१९ ठेगाना : का.म.न.पा ३२, डिल्लीबजार हालको ठेगाना: का.म.न.पा ३२, डिल्लीबजार बुवाको नाम : चित्रबहादुर कुवर बाजेको नाम : तेजबहादुर कुवर
१२	**नाम : बोम बहादुर विश्वकर्मा (सिफारीस कर्ता मुक्तीराम पाण्डे छत्रदेव-७, अर्गाखाँची)** ना.प्र. नं. : ५९९३/५४४/१८९२ अर्घाखांची स्थाई ठेगाना : धनचौर गाविस ८, अर्घाखांची हालको ठेगाना : का.म.न.पा.-३५, पेप्सीकोला बुवाको नाम : पदम बहादुर विश्वकर्मा बाजेको नाम : टिकाराम विश्वकर्मा	**नाम : प्रभात पोखरेल** ना.प्र. नं. : ५७९/४०१०४२ ठेगाना : धनचौर गाविस ८, अर्घाखांची हालको ठेगाना : का.म.न.पा.-३५, पेप्सीकोला बुवाको नाम : भोम बहादुर विश्वकर्मा बाजेको नाम : पदम बहादुर विश्वकर्मा
१३	**नाम : प्रतिक भट्टराई** ना.प्र. नं.: १०६०/५१५२८, सुनसरी स्थाई ठेगाना : इनरुवा - ९, सुनसरी हालको ठेगाना : का.म.न.पा. - ११, त्रिपुरेश्वर बुवाको नाम : छविरमण भट्टराई आमाको नाम : उमा भट्टराई	**नाम : वर्षा खतिवडा भट्टराई** ना.प्र. नं.: ४७७८३, ओखलढुंगा ठेगाना : ओखलढुंगा हालको ठेगाना : का.म.न.पा.-११, त्रिपुरेश्वर बुवाको नाम : चन्द्रप्रसाद खतिवडा श्रीमानको नाम : प्रतिक भटराई
१४	**नाम : माया खत्री** ना.प्र. नं.: ००२२३, भक्तपुर स्थाई ठेगाना : मध्यपुर ठिमी, भक्तपुर हालको ठेगाना : कीर्तिपुर, काठमाडौं बुवाको नाम : मोहन बहादुर खत्री बाजेको नाम : वलवहादुर खत्री	**नाम : केशव दुलाल** ना.प्र. नं.: ९१२, कीर्तिपुर ठेगाना : कीर्तिपुर हालको ठेगाना : कीर्तिपुर बुवाको नाम : कान्छा दुलाल बाजेको नाम : सुन्दर बहादुर दुलाल
१५	**नाम : दिलिप खड्गी** ना.प्र. नं.: २७०५८, भक्तपुर स्थाई ठेगाना : भक्तपुर हालको ठेगाना : का.म.न.पा.-९, काठमाडौं बुवाको नाम : इन्द्र बहादुर खड्गी बाजेको नाम : जितलाल खड्गी	**नाम : सबिता खड्गी** ना.प्र.नं. : १४३८९, काठमाडौं ठेगाना : का.म.न.पा.-३, काठमाडौं हालको ठेगाना : का.म.न.पा.-९, काठमाडौं श्रीमान्को नाम : दिलिप खड्गी ससुराको नाम : इन्द्र बहादु खड्गी
१६	**नाम : नारायण प्रसाद ढकाल** ना.प्र.नं. : ९१४२, काठमाडौं स्थाई ठेगाना : फुटुङ गा.वि.स-२, काठ्माडौं हालको ठेगाना : का.म.न.पा.-१६, माछापोखरी बुवाको नाम : यदुकुमार ढकाल बाजेको नाम : टिकाराम ढकाल	**नाम : विरेन खड्गी** ना.प्र.नं. : ८३४२२, ललितपुर स्थाई ठेगाना : ललितपुर महानगरपालिका -३ हालको ठेगाना : का.म.न.पा.-१०, काठमाडौं बुवाको नाम : बेखा नारायण खड्गी बाजेको नाम : तरि बाबु खड्गी **नाम : भरत गिरी** ना.प्र.नं. : १०२४, काठमाडौं स्थाई ठेगाना : दहचोक-२, काठमाडौं हालको ठेगाना : दहचोक-२, काठमाडौं बुवाको नाम : भोला गिरी बाजेको नाम : लाल बहादुर गिरी
१७	**नाम : लेखनाथ पाण्डे (संस्थाको कोषाध्यक्ष)** ना.प्र.नं. : २३९३/२८३, अर्घाखांची स्थाई ठेगाना : छत्रदेव -६, अर्घाखांची हालको ठेगाना : महालक्ष्मी -१, ललितपुर बुवाको नाम : विनिराम पाण्डे बाजेको नाम : कमला पती पाण्डे श्रीमती : लक्ष्मी पाण्डे	
१८	**नाम : गोपाल प्रसाद तिमल्सिना (संस्थाको सचिव)** ना.प्र.नं. : ९८२०२, ललितपुर स्थाई ठेगाना : शंखु-३, ललितपुर हालको ठेगाना : ल.पु.न.पा., धापाखेल बुवाको नाम : शिवहरी तिमल्सिना बाजको नाम : तिर्थनारायण तिमल्सिना	
१९	**छत्र बहादुर श्रेष्ठ (संस्थाको उपाध्यक्ष)** ना.प्र.नं. : स्थाई ठेगाना : भिरपानी-८, रामेछाप हालको ठेगाना : महालक्ष्मी-१, ललितपुर बुवाको नाम : राम बहादुर श्रेष्ठ बाजेको नाम : बाबुलाल श्रेष्ठ	
२०	**नाम : प्रमोद पाण्डे (संचालक सदस्य)** ना.प्र. नं.: १०९५४/४१३९/४२५९, अर्घाखांची स्थाई ठेगाना : भगवती ८, अर्घाखांची हालको ठेगाना : का.म.न.पा., स्वयम्भु, काठमाडौं बुवाको नाम : उमाकान्त पाण्डे बाजेको नाम : मणीराम पाण्डे	**नाम : पुष्पा खनाल** ना.प्र. नं. : ठेगाना : पोखराथोक गाविस ५, अर्घाखांची हालको ठेगाना : का.म.न.पा., स्वयम्भु बुवाको नाम : पशुपती खनाल संसारको नाम : उमाकान्त पाण्डे

■ मधेशको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित

आगामी बजेटमा टुक्रेभन्दा ठुला आयोजनामा लगानी गर्ने सरकारको योजना





प्रादेशिक गौरवका आयोजनामा बजेट केन्द्रित हुनेछ

● **युवराज भट्टराई**, अर्थमन्त्री, मधेश प्रदेश

आगामी बजेटलाई आर्थिक सुशासन, विकासको प्रभावकारिता र नागरिकमैत्री सेवा प्रवाहमा केन्द्रित गरिनेछ। विगतमा आलोचित बनेका टुक्रे तथा साना आयोजनालाई निरुत्साहित गर्दै प्रादेशिक गौरव तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरूमा स्रोत केन्द्रित गरिनेछ। उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग, लगानीमैत्री वातावरण निर्माण तथा बहुआयामिक गरिबी उल्लेख्य रूपमा घटाउने लक्ष्य छ। शिक्षा, स्वास्थ्य, रोजगारी र सिप विकासमा बजेट निर्माण गर्ने योजनामा छौं।

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ल्याएको नीति तथा कार्यक्रम प्रदेश सभाबाट सर्वसम्मत रूपमा पारित भएको छ। यससँगै प्रदेशको आगामी बजेट निर्माण प्रक्रिया औपचारिक रूपमा अगाडि बढेको छ।

बिहीबार बसेको प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रममाथि विस्तृत छलफल सम्पन्न भएपछि सभामुख रामअशिष यादवले निर्णयार्थ प्रस्ताव प्रस्तुत गरेका थिए। प्रस्तावको विपक्षमा कुनै सदस्यले असहमति नजनाएपछि सभामुख यादवले नीति तथा कार्यक्रम सर्वसम्मतिले स्वीकृत भएको घोषणा गरे। १५ जेठमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले प्रस्तुत गरेको आगामी आवाको नीति तथा कार्यक्रम प्रतिपक्षी दलहरूको अवरोधका कारण लामो समयसम्म छलफल प्रक्रियामा प्रवेश हुन सकेको थिएन।

- ४५ अर्बहाराहारीमा बजेट आउने अनुमान
- वित्तीय सन्तुलन कायम राख्न खर्च कटौती गरिने
- असारे विकास अन्त्य गर्न अधिकांश बजेट रोक्का

सत्ता पक्ष र विपक्षी दलहरूबिच सहमति जुटेपछि मात्र बुधबारदेखि सदनमा नीति तथा कार्यक्रममाथि छलफल अगाडि बढेको थियो। छलफलका क्रममा विभिन्न सांसदहरूले संशोधन प्रस्ताव दर्ता गराए पनि सत्तारुढ नेकपा एमालेका सांसद राजकुमार लेखीको प्रस्तावबाहेक अन्य सबै संशोधन प्रस्ताव अस्वीकृत भएका छन्।

नीति तथा कार्यक्रम पारित भएसँगै अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्षको विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता सदनमा प्रस्तुत गरेका छन्। उनले आगामी बजेटलाई आर्थिक सुशासन, विकासको प्रभावकारिता र नागरिकमैत्री सेवा प्रवाहमा केन्द्रित गरिने बताएका छन्।

अर्थमन्त्री भट्टराईले विगतमा आलोचित बनेका टुक्रे तथा साना आयोजनालाई निरुत्साहित गर्दै प्रादेशिक गौरव तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरूमा स्रोत केन्द्रित गरिने स्पष्ट पारे। उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग, लगानीमैत्री वातावरण निर्माण तथा बहुआयामिक गरिबी उल्लेख्य रूपमा घटाउने लक्ष्यसहित बजेट तर्जुमा गरिने उनको भनाइ छ। शिक्षा, स्वास्थ्य, रोजगारी र सिप विकासमा समान पहुँच सुनिश्चित गर्दै गत वर्षका कमजोरीहरू नदोहोरिने गरी बजेट निर्माण गरिने उनले बताए। साथै, अनुत्पादक खर्च कटौती गर्दै 'शून्य बेरुजु'को नीति कडाइका साथ कार्यान्वयन गरिने प्रतिबद्धता उनले व्यक्त गरेका छन्।

सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी राज्यको उत्तरदायित्व, सेवा दक्षता र आर्थिक क्षमतासँग जोडेर अघि बढाइने मन्त्री भट्टराईले बताए। सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिने तथा एकीकृत डिजिटल सेवा प्रणालीलाई थप सुदृढ बनाइने उनले उल्लेख गरे।

■ ब्रोकरबाट मार्जिन सुविधा लिएर सेयरमा लगानी

३१ कम्पनीलाई स्वीकृति, तर एउटाबाट मात्रै कर्जा प्रवाह

आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने छुट्याउन सक्ने सामर्थ्य हालको टिएमएस प्रणालीमा छैन, त्यसैले लगानीकर्तालाई मार्जिन सुविधा दिन धमाधम नयाँ सफ्टवेयर राख्दै ब्रोकर



मार्जिन सुविधा प्रवाह गर्ने सफ्टवेयर निर्माण हुँदै छ

● **धर्मराज सापकोटा**, स्टक ब्रोकर

लगानीकर्ताले आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने विषय टिएमएस प्रणालीले छुट्याउनुपर्ने हुन्छ। अहिले प्रयोगमा रहेको टिएमएसमा मार्जिन सुविधासम्बन्धी व्यवस्था समावेश गर्न बाँकी रहेकाले अनुमति लिएका कम्पनीहरू सफ्टवेयर निर्माणकै चरणमा छन्।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले ब्रोकरमार्फत मार्जिन सुविधा लिएर सेयर कारोबार गर्न पाउने गरी अनुमतिपत्र दिएका ३१ ब्रोकरमध्ये एउटा मात्रै कर्जा प्रवाह गर्न सक्षम भएको छ।

नेप्सेका प्रवक्ता मुरारहरि पराजुलीका अनुसार हालसम्म ३१ वटा ब्रोकर कम्पनीले मार्जिन कारोबारको स्वीकृत लिइसकेका छन् र थप ब्रोकरहरू अनुमति लिने प्रक्रियामा सामेल भएका छन्। तर, हालसम्म ५८ नम्बरको ब्रोकर नासा सेक्युरिटिजले मात्रै लगानीकर्तालाई यस्तो कर्जा तथा कारोबार सुविधा उपलब्ध गराइरहेको छ। समग्र कारोबार बढ्न नसकेका कारण पनि मार्जिन सुविधाको माग बढ्न नसकेको ब्रोकरहरूको भनाइ छ।

मार्जिन कारोबारको स्वीकृति लिएका अधिकांश ब्रोकरसँग सेयर खरिद-बिक्री गर्ने ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) प्रणालीमा आवश्यक कप्राविधिक व्यवस्था नभएकाले यो सेवा प्रवाह गर्न नसकेका हुन्। स्टक ब्रोकर धर्मराज सापकोटाका अनुसार लगानीकर्ताले आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने विषय टिएमएस प्रणालीले छुट्याउनुपर्ने हुन्छ। अधिकांश ब्रोकरहरूले 'वाईको सोलुसन्स प्राली' र 'डिजीहब प्रालि'द्वारा निर्माण गरिएको टिएमएस प्रयोग गर्दै आइरहेका छन्। यी दुवै कम्पनीको टिएमएसमा मार्जिन सुविधासम्बन्धी व्यवस्था समावेश गर्न बाँकी रहेकाले सफ्टवेयर निर्माणकै चरणमा छ।

यो सफ्टवेयर पूर्ण रूपमा तयार भएपछि मात्र ब्रोकरहरूमार्फत मार्जिन सुविधा कार्यान्वयनमा आउनेछ। यद्यपि, ५८ नम्बरको ब्रोकर नासा सेक्युरिटिजको भने आफ्नै छुट्टै टिएमएस प्रणाली रहेकाले सहज रूपमा मार्जिन सुविधा कार्यान्वयनमा ल्याएको हो। नासा सेक्युरिटिजले ग्राहकका लागि दुई करोड रुपैयाँसम्मको ऋण संरचना सार्वजनिक गरिसकेको छ। योजनाको उदाहरणअनुसार यदि कुनै ग्राहकले १० लाख रुपैयाँको मार्जिन सुविधा लिन चाहेमा ३० प्रतिशत अर्थात् तीन लाख रुपैयाँ प्रारम्भिक मार्जिन आफैंले बुझाउनुपर्छ र बाँकी सात लाख रुपैयाँ नासाले ऋणस्वरूप उपलब्ध गराउँछ।

यी ३१ ब्रोकरले लिएका छन् लाइसेन्स

स्वीकृति लिएकाबाहेक थप २४ ब्रोकर मार्जिन सुविधाका लागि आवेदन दिएर बसेका नेपाल स्टक एक्सचेन्जले जनाएको छ।

- क्रिस्टल कञ्चनजंघा सेक्युरिटिज प्रालि
- सेक्युर्ड सेक्युरिटिज
- भिजन सेक्युरिटिज प्रालि
- प्राइमो सेक्युरिटिज प्रालि
- कोहिनुर इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज
- दीपशिखा धितोपत्र कारोबार कम्पनी प्रालि
- इम्पेरियल सेक्युरिटिज प्रालि
- दिव्या सेक्युरिटिज एन्ड स्टक हाउस
- आर्यतारा इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि
- डाइनामिक मनी म्यानेजर्स सेक्युरिटिज प्रालि
- दक्षिणकाली इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि
- स्वेता सेक्युरिटिज प्रालि
- सुमेरु सेक्युरिटिज प्रालि
- निभ सेक्युरिटिज प्रालि
- रहरी सेक्युरिटिज प्रालि
- नासा सेक्युरिटिज
- सिप्रवी सेक्युरिटिज
- भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालि
- सुन्धारा सेक्युरिटिज लि.
- क्रिएटिभ सेक्युरिटिज
- त्रिशक्ति सेक्युरिटिज पब्लिक लि.
- एबिसी सेक्युरिटिज
- कृष्ण सेक्युरिटिज लिमिटेड
- अनलाइन सेक्युरिटिज लिमिटेड
- सनी सेक्युरिटिज कम्पनी लिमिटेड
- ओपल सेक्युरिटिज इन्भेस्टमेन्ट
- कालिका सेक्युरिटिज
- नबिल स्टक डिलर
- नागरिक स्टक डिलर कम्पनी
- एनआइएमबि स्टक मार्केट्स
- हिमालयन सेक्युरिटिज लिमिटेड

मार्जिन सुविधाका लागि यस्तो छ मापदण्ड

धितोपत्र बोर्डले मार्जिन कारोबार सहजीकरण निर्देशिका, २०८२ जारी गर्दै यो सुविधा लिनका लागि ३० प्रतिशत प्रारम्भिक मार्जिन राख्नु अनिवार्य गरिएको छ। त्यस्तै, १८ वर्षभन्दा माथिका व्यक्ति मात्र यसका लागि योग्य हुने व्यवस्था छ। यसअन्तर्गत सेबोनद्वारा स्वीकृत सूचीभित्रका कम्पनीहरूको सेयर मात्र किन्न पाइन्छ। यो ऋणको ब्याजदर सेवा शुल्कसहित प्रतिमहिना एक प्रतिशत तोकिएको छ। जसमा ग्राहकलाई आकर्षित गर्न दुई महिनाको योजनामा २.५ प्रतिशत र तीन महिनाको योजनामा पाँच प्रतिशत छुटको व्यवस्थासमेत गरिएको छ। तर, एकपटक भुक्तानी गरिसकेको ब्याज तथा सेवा शुल्क भने फिर्ता हुँदैन, यद्यपि लगानीकर्ताले आफ्नो ऋण समयअगावै आंशिक वा पूर्ण रूपमा चुक्ता गर्न भने सक्छन्।

यस सुविधामा मार्जिन कलसम्बन्धी कडा व्यवस्थासमेत रहेको छ। निर्देशिकाअनुसार लगानीकर्ताले बजारमा सेयरको मूल्य घटबढ हुँदा न्यूनतम २० प्रतिशत मर्मत मार्जिन सधैं कायम राख्नुपर्छ। यदि सेयर बजार घटेर लगानीकर्ताको पोर्टफोलियोको मूल्य यो तोकिएको २० प्रतिशतको स्तरभन्दा तल पुगेमा ब्रोकर कम्पनीले मार्जिन कल जारी गर्छ। यस्तो अवस्थामा लगानीकर्ताले भोलिपल्ट बिहान ११ बजेभित्र थप रकम जम्मा गर्नुपर्छ वा थप सेयर धितोका रूपमा राख्नुपर्ने हुन्छ। यदि तोकिएको समयभित्र थप रकम वा सेयर जम्मा नगरिएमा ब्रोकर कम्पनीले आफैं सेयर बिक्री गरेर आफ्नो घाटा समायोजन गर्ने अधिकार राख्छ।



ब्रोकरमार्फत मार्जिन सुविधा हुँदा कारोबार बढ्ने अपेक्षा

बैंक तथा वित्तीय संस्थाबाट प्रदान गर्ने कर्जा ब्रोकरबाटै पाउन थालेपछि सेयर कारोबार बढ्ने अपेक्षा लगानीकर्ताले राखेका छन्। बैंकको मार्जिन ऋण र ब्रोकरको मार्जिन ट्रेडिङमा भने स्पष्ट भिन्नता छ। बैंक तथा वित्तीय संस्थाहरूमा पहिले लगानीकर्ताले आफ्नै रकमबाट सेयर खरिद गर्नुपर्छ र पछि मात्र उक्त सेयर धितो राखेर एक सय ८० दिनको औसत मूल्य वा पछिल्लो कारोबार मूल्यमध्ये जुन कम हुन्छ, त्यसका आधारमा ७० प्रतिशतसम्म ऋण पाइन्छ। तर, ब्रोकरको मार्जिन ट्रेडिङ सुविधाअन्तर्गत लगानीकर्ताले कुल लगानी रकमको ३० प्रतिशत प्रारम्भिक मार्जिन मात्र भुक्तानी गरे पुग्छ र बाँकी ७० प्रतिशत रकम अग्रिम उपलब्ध हुन्छ। यो सुविधा पछिल्लो कारोबार मूल्यका आधारमा तय गरिन्छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालय: काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८३/०२/२९)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) **दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ। विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण			
क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	दमक शाखा	मालपोत कार्यालय दमक, झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं.७ स्थित कित्ता नं. १०४६३, १८८२९, १९४४७, ८०१७, २३०९४, २११७९, ८७३२ र ८७३४ को क्षे.फ. क्रमशः ०-०-११-०, ०-०-१०-०, ०-०-४.२५-०, ०-१-११-०, ०-१-८.५-०, ०-०-४-०, ०-०-२.७५-० र ०-०-११.७५-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा
		मालपोत कार्यालय दमक झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७८५४, ८४८४, ८८८७, १७७०९, १७७०७, ८४८७ र ८४७७ को क्षेत्रफल क्रमशः १२३६.०३, ११८.५२, ८८४.७०, ५४३०.९३, २०९१.१०, ३३०.१७ र १०१.५९ (ब.मि.) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (मितिः २०८३/०३/३२) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०४/०४ गते सोमबार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque साथै विद्युतिय माध्यमबाट रकम जम्मा गरेको भए सो को भौचर (Receipt) समेत राखी शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दे-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।

संसद्मा पनि अर्थमन्त्रीको प्रस्टीकरण

विपक्षीले लगाएको आर्थिक विधेयक संशोधन आरोपको प्रतिवाद गर्दै अर्थमन्त्रीले भने– स्वर्णिम वाग्लेले करको दर चलाएर व्यापारी पोस्यो भन्नेजस्ता आरोप सुनिए। सुशासनलाई मूल एजेन्डा बनाएको सरकारले जनताको विश्वासमाथि धोका दिन सक्दैन

नयाँ पत्रिका



आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमाथि बिहीबारको संसद् बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले रक्षात्मक देखिएका छन्। आफूमाथि आर्थिक विधेयक संशोधन र सूचना चुहाएर व्यवसायीलाई लाभ दिएको भन्दै सांसदहरूले गरेका प्रश्नको उनले आत्मविश्वासका साथ खण्डन गरेका छन्।

बजेटमार्फत व्यापारीलाई फाइदा पुऱ्याइएको भन्ने आरोपको प्रतिवाद गर्दै उनले भने, 'स्वर्णिम वाग्लेले करको दर चलाएर व्यापारी पोस्यो भन्नेजस्ता आरोप सुनिए। सुशासनलाई मूल एजेन्डा बनाएर अगाडि बढेको सरकारले दुई महिनामै जनताको विश्वासमाथि धोका दिन सक्दैन।' बिहीबार बिहान बसेको सार्वजनिक लेखा समितिमा पनि सोही कुरा राखेको जानकारी गराउँदै उनले भ्रष्टाचारको कुनै प्रमाण भेटिए राजनीतिक र सार्वजनिक जीवन नै त्याग्न तयार रहेको चुनौती दिए।

'दुई अर्ब होइन, दुई रुपैयाँ मात्र पनि बदमासी वा बेइमानी मबाट भएको प्रमाणित हुन्छ भने म मन्त्री पद त्यागिदिन्छु, सार्वजनिक जीवन नै त्याग्न पनि तयार छु,' उनले भने।

आफूमाथि उठाइएका आरोपहरूको यथार्थ संसद् र जनतासामु राख्न चाहेको बताउँदै अर्थमन्त्री वाग्लेले केही समयअघि नै यस विषयमा संसद्मा बोल्न चाहेको भए पनि अवसर नपाएको बताए। शिक्षा क्षेत्रमा यस वर्षको सबैभन्दा महत्त्वपूर्ण र दीर्घकालीन सुधारको आधार तयार गरेको उनले बताए।

आर्थिक विधेयकमा मनलाग्दी हेरफेर भएको कांग्रेसको आरोप

कांग्रेस सचेतक निष्कल राईले विज्ञ अर्थमन्त्री भए पनि करका दरहरूमा मनलाग्दी हेरफेर गरेर संसद्को अवमूल्यन गरेको बताए। उनले संसद्को अधिकारमाथि नै कैंची चलाउने प्रयत्न भएको आरोप लगाए। 'अर्थमन्त्रीले करका दरहरूमा बारम्बार हेरफेर गर्नुभयो। के उहाँले संसद्को अधिकारमा कैंची चलाउनुभएको हो ?' उनले प्रश्न गर्दै भने।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७, ६८८८८, फ्याक्स: +९७७-१-५१११११८, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैंकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	रौतहट जिल्ला, गुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०२९ र १०२८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०२५.३४ (ब.मि) को जग्गा।
२.	रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १२ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २२०.७२ व.मि.को जग्गा।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (केन्द्रिय असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

बिक्रिमा रहेको र/जग्गाको स्थान पहिचानको लागि Google Map

डिजिटल कर्जा दिन लक्ष्मी सनूराइजले आइएमएस सफ्टवेयरसँग सहकार्य गर्ने

काठमाडौं/ लक्ष्मी सनूराइज बैंकले साना तथा मझौला उद्यमीलाई कर्जा प्रवाह गर्न प्राविधिक सेवाप्रदायक कम्पनी आइएमएस सफ्टवेयरसँग सहकार्य गर्ने भएको छ। बैंकले नेपालका साना तथा मझौला उद्यम (एएमइज)लाई डिजिटल माध्यमबाट सहज कर्जा सुविधा उपलब्ध गराउने उद्देश्यले सहकार्य गर्ने भएको हो।



नेपाल राष्ट्र बैंकको डिजिटल लेन्डिङ मार्गदर्शनअनुसार लक्ष्मी सनूराइज बैंकका साना तथा मझौला ग्राहकले छिट्टै डिजिटल प्रक्रियामार्फत कर्जाका लागि आवेदन दिन तथा स्वीकृति प्राप्त गर्न सक्नेछन्। यस सुविधाको लाभ लिन उद्यमहरूले आफ्नो व्यवसायमा इन्टरप्राइज रिसोर्स प्लानिङ प्रणाली प्रयोग गरेको तथा आइएमएस सफ्टवेयरमा आबद्ध तथा आवश्यक मापदण्ड पूरा गरेको हुनुपर्ने जनाइएको छ।

यस सहकार्यअन्तर्गत आइएमएस सफ्टवेयरले प्राविधिक सेवाप्रदायकका रूपमा डिजिटल लेन्डिङ प्लाटफर्म उपलब्ध गराउनेछ, जसमार्फत योग्य उद्यमहरूले प्रणालीमा उपलब्ध व्यावसायिक तथ्यांकका आधारमा डिजिटल माध्यमबाट कर्जा आवेदन तथा प्रक्रिया पूरा गर्न सक्नेछन्। यसले कर्जा प्राप्तिको प्रक्रिया थप सरल, छरितो र पारदर्शी बनाउनुका साथै व्यवसायहरूलाई आवश्यक वित्तीय स्रोतमा सहज पहुँच दिलाउने अपेक्षा गरिएको छ। यो पहलले एसएमई क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न सहयोग पुर्‍याउनुका साथै व्यवसायहरूलाई डिजिटल प्रणाली अपनाउन प्रोत्साहित गर्नेछ।

नबिल र धुलिखेल अस्पतालबिच साझेदारी

काठमाडौं/ नबिल बैंक र धुलिखेल अस्पतालबिच अत्यावश्यक स्वास्थ्य सेवा सुदृढीकरण एवं पुनर्स्थापना सेवाका लागि रणनीतिक साझेदारी गर्न हस्ताक्षर भएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र धुलिखेल अस्पतालका प्रशासनिक निर्देशक डा. विराजमान कर्माचार्यले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। नेपालमा विशेषगरी जलनको उपचार, पुनर्स्थापनामा सहयोग र डायलाइसिस सेवाको पहुँच र गुणस्तरीय स्वास्थ्य सेवाको बढ्दो आवश्यकतालाई मनन गर्दै दुवै पक्ष यस क्षेत्रमा सहकार्य गर्ने



सम्झौतापत्रमा उल्लेख छ। सम्झौता तीन वर्षसम्म लागू हुने बैंकले जनाएको छ। दुई पक्षबिच भएको सम्झौताअनुसार धुलिखेल अस्पतालमा १० शय्याको सघन जलन उपचारकक्ष स्थापना गरिनेछ। साथै, अस्पताल व्यवस्थापनको नेतृत्वमा अन्य प्रदेशहरूमा पनि यस्तै सुविधा विस्तार गरिने बताइएको छ। यसका साथै बैंकले दुईवटा कृत्रिम अंग जडान तथा पुनर्स्थापना सेवा एकाइ स्थापना गर्न र डायलाइसिस सेवालाई थप सुदृढ बनाउन पनि ६ करोड सहयोग गरेको हो। बैंकका अध्यक्ष निर्वाणकुमार चौधरीले नबिल बैंक र धुलिखेल अस्पतालबिचको सहकार्यले सार्थकता पाउने विश्वास व्यक्त गरे।

सिइओ ज्ञवालीले यस साझेदारीमार्फत समग्र मुलुक र विशेषगरी गरिब तथा सीमान्तकृत समुदायका बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेमा विश्वास व्यक्त गरे।

विश्वकपमा सामसङका टिभीमा २५% सम्म क्यासब्याक

काठमाडौं/ सामसङ नेपालले विश्वकप सिजनका लागि आफ्ना टिभी लाइनअपमा विशेष अफर घोषणा गरेको छ। २०२६ जुलाई १९ सम्म मान्य हुने अफरअन्तर्गत सीमित सामसङ टिभी मोडेलहरूमा २५ प्रतिशतसम्म क्यासब्याक पाइनेछ। उत्कृष्ट इमर्सिभ अनुभवका लागि ७५ इन्च वा ८५ इन्चको टिभी मोडेल खरिद गर्ने ग्राहकले केवल नौ हजार नौ सय ९९ रुपैयाँमा ४९ हजार नौ सय ९० रुपैयाँको साउन्डबार पनि प्राप्त गर्ने कम्पनीले जनाएको छ।



विश्वकपमा सामसङले निःशुल्क वर्ल्डकप लाइभ सब्स्क्रिप्सनसँगै १२ महिनासम्मको निःशुल्क नेट-टिभी प्याकेजसमेत दिइरहेको छ। क्युलेड तथा युएचडी मोडेलमा १२ महिनासम्मको निःशुल्क नेट-टिभी प्याकेज उपलब्ध हुन्छ भने एफएचडी/एचडी मोडेलमा ६ महिनासम्मको निःशुल्क नेट-टिभी प्याकेज उपलब्ध हुने कम्पनीको भनाइ छ। हुलास फिनसर्भ हायर पर्चेजद्वारा सञ्चालित सामसङ इन्स्टा फाइनान्स सेवामार्फत ग्राहकले १२ महिना वा २४ महिनाको इएमआई योजनामा टिभी खरिद गर्न सक्छन्।

रत्ननगरमा कजारियाको सोरुम



काठमाडौं/ कजारिया रमेश टायल्स लिमिटेडले चितवनको रत्ननगरमा सोरुम सञ्चालनमा ल्याएको छ। चितवन हार्डवेयर एन्ड सेनेटरीद्वारा सञ्चालित यस सोरुमले स्थानीय उपभोक्ता, आर्किटेक्ट र इन्टेरियर डिजाइनरका लागि विश्वस्तरीय पहिचान बनाएका वाल र फ्लोर टायल्स उपलब्ध गराउने कम्पनीले जनाएको छ। यस अवसरमा कम्पनीका कन्ट्री म्यानेजर अभ्यास तिवारी, कजारियाका प्रतिनिधि तथा चितवन हार्डवेयर एन्ड सेनेटरीको व्यवस्थापन टोलीलगायतको उपस्थिति थियो।

ग्राहकमैत्री र आकर्षक वातावरण प्रदान गर्ने उद्देश्यले डिजाइन गरिएको उक्त सोरुममा आगन्तुकले कजारियाका सिग्नेचर फ्लोर र वाल टायल्सको विस्तृत शृंखला प्रत्यक्ष अवलोकन गर्न सक्ने बताइएको छ।

यसले ग्राहकलाई आफ्नो घर वा परियोजनाका लागि उपयुक्त डिजाइन, टेक्स्चर र फिनिसिङ छनोट गर्न प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने कम्पनीको भनाइ छ। 'चितवनको नयाँ सोरुम प्रमुख सहरभन्दा बाहिर पनि उच्च गुणस्तरीय टाइलिङ सोलुसन्स उपलब्ध गराउने दिशामा एउटा महत्त्वपूर्ण कदम हो,' कम्पनीका प्रतिनिधिले भने, 'चितवन र आसपासका बासिन्दाले कजारियाका उत्पादनमा सहज पहुँच पाउन सकून् भन्ने हाम्रो लक्ष्य हो।'

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८३/०२/२९, शुक्रबार, नयाँ पत्रिका
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ आषाढ ४ गते, बिहीबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफुले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिंदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरधरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं. | ऋणी तथा जमानी दिनेहरुको विवरण

कुपण्डोल/नारायणगढ शाखा

१. मान सरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि.
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको साबिक मानसरोवर स्याण्ड वासिङ्ग उद्योग प्रा. लि. हाल परिवर्तित नाम मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि.
अख्तियार प्राप्त सञ्चालक सावित्री श्रेष्ठ
दर्ता नं.: २१२१४२/०७५/०७६
दर्ता मितिः २०७५/१२/१८
स्थायी लेखा नं.: ६०६८४०८१९
ठेगाना : धादिङ्ग जिल्ला, गल्छी गा.पा. वडा नं. ६

व्यक्तिगत तथा संस्थागत धनजमानी दिने
१. सावित्री श्रेष्ठ
ना.प्र.प.नं.: ३४४७, धादिङ्ग
जारी मितिः २०४४।११।१९
पतिको नामः रुपक चन्द्र अमात्य
ससुराको नामः शुशिल चन्द्र अमात्य
ठेगानाः साबिक धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ९, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, पाटनढोका

व्यक्तिगत धनजमानी दिने
१. राज कुमार थापा
ना.प्र.प.नं.: ८५००/०६३, धादिङ्ग
जारी मितिः २०६३।०४।१०
बाबुको नामः रामजी थापा
बाजेको नामः चन्द्र बहादुर थापा
ठेगानाः धादिङ्ग जिल्ला, गल्छी गा.पा. वडा नं. ६

धितोको विवरण
१. धनी यस संस्था ऋणी मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. कायम रही यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको इन्जिन नं. H00113999, च्यासिस नं. HAR3DXSUH01496195, दर्ता नं. बा २ क ३८३८ को JCB 3DX Backhoe Loader वर्ष 2016 को मेसिन थान १ ।
२. धनी यस संस्था ऋणी मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. कायम रही यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको इन्जिन नं. 90034449, च्यासिस नं. LCG922DCZ01700254, दर्ता नं. बा ३ क ८८५ को LiuGong Excavator वर्ष 2018 को मेसिन थान १ ।
३. धनी यस संस्था ऋणी मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. कायम रही यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको इन्जिन नं. 22226412, च्यासिस नं. N602D01963, दर्ता नं. बा २ क ६००३ को Hyundai R220 LC-7 Excavator वर्ष 2017 को मेसिन थान १ ।
४. यातायात व्यवस्था कार्यालय, साना/ठूला सवारी, बागमती प्रदेश, एकान्तकुना, ललितपुरमा धनी सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी मानसरोवर स्याण्ड वासिङ उद्योग प्रा.लि. कायम रहेको Liugong कम्पनीमा २०१८ मा निर्मित मोडेल CLG 922 D HD च्यासिस नं. 922L18CZ00062 इन्जिन नं. 90036469 दर्ता नं. बा. ३ क १४३४ नं. को Excavator ।

२. सावित्री श्रेष्ठ
ना.प्र.प.नं.: ३४४७, धादिङ्ग
जारी मितिः २०४४।११।१९
पतिको नामः रुपक चन्द्र अमात्य
ससुराको नामः शुशिल चन्द्र अमात्य
ठेगानाः धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ९, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, पाटनढोका

२. सरिक अमात्य
ना.प्र.प.नं.: २८-०१-०६५-००१२१, ललितपुर
जारी मिति :२०६५।०१।१०
बाबुको नामः रुपक चन्द्र अमात्य
बाजेको नामः शुशिल चन्द्र अमात्य
ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, पाटनढोका

व्यक्तिगत धनजमानी दिने
१. राज कुमार थापा
ना.प्र.प.नं.: ८५००/०६३, धादिङ्ग
जारी मितिः २०६३।०४।१०
बाबुको नामः रामजी थापा
बाजेको नामः चन्द्र बहादुर थापा

धितोको विवरण
१. यातायात व्यवस्था कार्यालय, साना/ठूला सवारी, बागमती प्रदेश, एकान्तकुना, ललितपुरमा धनी सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी सावित्री श्रेष्ठ कायम रहेको TATA कम्पनीमा २०१६ मा निर्मित मोडेल SK १६१३ TC/36 च्यासिस नं. MAT388116G1R15637 इन्जिन नं. 61F63526599 दर्ता बा. ४ ख ३७७३ नं. को भाडा टिपर ।
२. शिव लाल श्रेष्ठको नातिनी, अष्ट लाल श्रेष्ठको छोरी, रुपक चन्द्र अमात्यको पत्नी जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १६, पाटनढोका बस्ने श्रीमती सावित्री श्रेष्ठको नाममा भूमी प्रशासन कार्यालय ललितपुर लगनखेलमा श्रेष्ता दर्ता कायम रहेको जिल्ला ललितपुर साबिक ठेचो गा.वि.स. वडा नं. ८ क, हाल बज्रबाराही नगरपालिका वडा नं. १२ स्थित कि.न. ४५४ र ४५५ जग्गा क्षेत्रफल क्रमशः ०-३-०-० र ०-३-०-० (रो-आ-पै-दा) जग्गा, सोले चर्चेको लिगलगापात समेत ।
३. सुशिल चन्द्र अमात्यको बुहारी रुपक चन्द्र अमात्यको पत्नी ललितपुर जिल्ला ललितपुर उ.प.म.न.पा. वडा नं. १६, न्याइल बस्ने सावित्री श्रेष्ठको नाममा भूमि प्रशासन कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेको साबिक नारायणगढ गा.वि.स. वडा नं. ९/क चितवन स्थित कि.नं. ८०६ को क्षेत्रफल ०-१-०-० (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

भिमान शाखा

३. लक्ष्मी धामी
ना.प्र.प.नं. : २३४१/२७१०, सिन्धुली
जारी मिति : २०४४/११/२९
बाबुको नाम : परुवा धामी
बाजेको नाम : चोक्तु धामी
ठेगाना : जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा. वडा नं. ५

व्यक्तिगत धनजमानी दिने
१. सुलोचना अधिकारी
ना.प्र.प.नं. : १३४८/४५२५, सिन्धुली
जारी मिति : २०५१/०३/०७
बाबुको नाम : पछेरिया अधिकारी
पतिको नाम : लक्ष्मी धामी
ससुराको नाम : परुवा धामी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

२. मुकेश धामी
ना.प्र.प.नं. : २०-०१-७१-०४१८७, सिन्धुली
जारी मिति : २०७१/०९/०७
बाबुको नाम : लक्ष्मी धामी
बाजेको नाम : परुवा धामी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

२. सुजिता कुमारी दनुवार
ना.प्र.प.नं. : १७-०१-७७-०४७३९, धनुषा
जारी मिति : २०७७/०७/१७
बाबुको नाम : विमल कुमार दनुवार
पतिको नाम : मुकेश धामी
ससुराको नाम : लक्ष्मी धामी
ठेगाना : साबिक जिल्ला धनुषा, सबैला न.पा. वडा नं. १३, हाल जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

२. बोरिस धामी दनुवार
ना.प्र.प.नं. : २०-०१-७५-०५८३४, सिन्धुली
जारी मिति : २०७५/०९/०३
बाबुको नाम : लक्ष्मी धामी
बाजेको नाम : परुवा धामी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

३. पुनम चौधरी
ना.प्र.प.नं. : १७-०१-७३-०१७१०, धनुषा
जारी मिति : २०७३/०२/०५
बाबुको नाम : जोग कुमार चौधरी
पतिको नाम : बोरिस धामी दनुवार
ससुराको नाम : लक्ष्मी धामी
ठेगाना : साबिक जिल्ला धनुषा, क्षीरेश्वरनाथ न.पा. वडा नं. १०, हाल जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

धितोको विवरण
१. लक्ष्मी धामीको नाममा भूमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.वि.स वडा नं ७ क हाल दुधौली न.पा. वडा नं. ५ स्थित कि.नं. ४५६ र ४५९ को जग्गा क्षेत्रफल क्रमशः ०-२-१७-० र ०-७-१६-१ (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. सुलोचना अधिकारी
ना.प्र.प.नं. : १३४८/४५२५, सिन्धुली
जारी मिति : २०५१/०३/०७
बाबुको नाम : पछेरिया अधिकारी
पतिको नाम : लक्ष्मी धामी
ससुराको नाम : परुवा धामी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली नगरपालिका वडा नं. ५

व्यक्तिगत धनजमानी दिने
१. लक्ष्मी धामी
ना.प्र.प.नं. : २३४१/२७१०, सिन्धुली
जारी मिति : २०४४/११/२९
बाबुको नाम : परुवा धामी
बाजेको नाम : चोक्तु धामी
ठेगाना : जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा. वडा नं. ५

२. मुकेश धामी
ना.प्र.प.नं. : २०-०१-७१-०४१८७, सिन्धुली
जारी मिति : २०७१/०९/०७
बाबुको नाम : लक्ष्मी धामी
बाजेको नाम : परुवा धामी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

३. बोरिस धामी दनुवार
ना.प्र.प.नं. : २०-०१-७५-०५८३४, सिन्धुली
जारी मिति : २०७५/०९/०३
बाबुको नाम : लक्ष्मी धामी
बाजेको नाम : परुवा धामी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ५

धितोको विवरण
१. सुलोचना अधिकारीको नाममा भुमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.वि.स वडा नं ७ क हाल दुधौली न.पा. वडा नं. ५ स्थित कि.नं. ४२६ को जग्गा क्षेत्रफल ०-१-०-० (बि-क-धु-क) जग्गा र सो जग्गामा निर्मित घर लगायत उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

५. नारायण अधिकारी
ना.प्र.प.नं. : १४९२/२३१३, सिन्धुली
जारी मिति : २०४४/११/१८
बाबुको नाम : महन्थु अधिकारी
बाजेको नाम : धनिया अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ६

व्यक्तिगत धनजमानी दिने
१. सरकाइन दनुवार
ना.प्र.प.नं. : ४५०९/३७७३, उदयपुर
जारी मितिः २०४३/१०/०३
बाबुको नामः सत्रु धामी दनुवार
पतिको नाम : नारायण अधिकारी
ससुराको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ६

२. शिव नारायण अधिकारी
ना.प्र.प.नं. : ३३३१७, सिन्धुली
जारी मिति : २०६०/०८/१५
बाबुको नामः नारायण अधिकारी
बाजेको नामः महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

१. अन्जनी कुमारी राई
ना.प्र.प.नं. : ३३१०१, सिन्धुली
जारी मिति : २०६०/०८/०८
बाबुको नाम : शंकर बहादुर राई
पतिको नाम : शिव नारायण अधिकारी
ससुराको नाम : नारायण अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक पिपलमाडी गा.वि.स वडा नं. ९, हाल दुधौली न.पा वडा नं. ६

१. देव नारायण अधिकारी
ना.प्र.प.नं. : ४३८४१, सिन्धुली
जारी मिति : २०६२/०५/२६
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

१. जित नारायण अधिकारी
ना.प्र.प.नं. : २०१०४८/२४१, सिन्धुली
जारी मिति : २०६९/०५/१२
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

धितोको विवरण
१. सरकाइन दनुवारको नाममा भुमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं ७ क हाल दुधौली न.पा. वडा नं. ६ स्थित कि.नं. ३१४ को जग्गा क्षेत्रफल ०-४-०-० (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. सरीता कुमारी चौधरी दनुवार
ना.प्र.प.नं. : २०१०४७/१६५, सिन्धुली
जारी मिति : २०६७/१२/०३
बाबुको नाम : हिरालाल कुमर
पतिको नाम : जनक चौधरी दनुवार
ससुराको नाम : धम्पतिया चौधरी
ठेगाना : जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.बि.स. वडा नं. ७, हाल दुधौली न.पा वडा नं. ५

व्यक्तिगत धनजमानी दिने
१. धम्पतिया चौधरी
ना.प्र.प.नं. : १८७९/२४८१, सिन्धुली
जारी मिति : २०४४/११/२६
बाबुको नाम : बनुवा चौधरी
बाजेको नाम : ठकु चौधरी
ठेगाना : जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.वि.स वडा नं. ७, हाल दुधौली न.पा वडा नं. ५

व्यक्तिगत धनजमानी दिने
१. पाने कुमारी चौधरी
ना.प्र.प.नं. : १९९८/२५४६, सिन्धुली
जारी मिति : २०४४/११/२६
बाबुको नाम : पुस्ना कुमर
पतिको नाम : धम्पतिया चौधरी
ससुराको नाम : बनुवा चौधरी
ठेगाना : जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.वि.स वडा नं. ७, हाल दुधौली न.पा वडा नं. ५

धितोको विवरण
१. सरीता कुमारी चौधरी दनुवार को नाममा भुमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक सिद्धेश्वर गा.वि.स वडा नं ९ क हाल कमलामाई न.पा. वडा नं. ४ स्थित कि.नं. २९६९, २९७१ र २९७३ को जग्गा क्षेत्रफल क्रमशः ०-०-०-२, ०-०-२-२ र ०-०-५-० (बि-क-धु-क) को जग्गा र सो जग्गामा निर्मित घर लगायत उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

७. युना कोल्ड स्टोर्स.
प्रो. सरीता कुमारी चौधरी दनुवार
ठेगाना : जिल्ला सिन्धुली, दुधौली नगरपालिका वडा नं. ५
दर्ता नं : २४९८/०७४/७५ कमलामाई नगरकार्यपालिका, उद्योग विकास शाखा, सिन्धुली
दर्ता मिति : २०७४/०६/१८
स्थायी लेखा नं. : ६०७०२३९२७

संस्थागत/व्यक्तिगत धनजमानी दिने
१. सरीता कुमारी चौधरी दनुवार
ना.प्र.प.नं. : २०१०४७/१६५, सिन्धुली
जारी मिति : २०६७/१२/०३
बाबुको नाम : हिरालाल कुमर
पतिको नाम : जनक चौधरी दनुवार
ससुराको नाम : धम्पतिया चौधरी
ठेगाना : जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.बि.स. वडा नं. ७, हाल दुधौली न.पा वडा नं. ५

व्यक्तिगत धनजमानी दिने
१. जनक चौधरी दनुवार
ना.प्र.प.नं. : २०३०४७/३८९, सिन्धुली
जारी मिति : २०६३/१२/१२
बाबुको नाम : धम्पतिया चौधरी दनुवार
बाजेको नाम : बनुवा चौधरी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न. पा वडा नं. ५

धितोको विवरण
१. जनक चौधरी दनुवारको नाममा भुमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक सिर्थौली गा.बि.स वडा नं ६ ग हाल दुधौली न.पा. वडा नं. ५ स्थित कि.नं. ६९८, ७०१ र ७०३ को जग्गा क्षेत्रफल क्रमशः ०-१-०-०, ०-२-२-० र ०-६-३-० (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

८. अन्जनी कुमारी राई
ना.प्र.प.नं. : ३३१०१, सिन्धुली
जारी मितिः २०६०/०८/०८
बाबुको नामः शंकर बहादुर राई
पतिको नाम : शिव नारायण अधिकारी
ससुराको नाम : नारायण अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक पिपलमाडी गा.वि.स वडा नं. ९, हाल दुधौली नगरपालिका वडा नं. ६

व्यक्तिगत धनजमानी दिने
१. शिव नारायण अधिकारी
ना.प्र.प.नं. : ३३३१७, सिन्धुली
जारी मिति : २०६०/०८/१५
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

२. नारायण अधिकारी
ना.प्र.प.नं. : १४९२/२३१३, सिन्धुली
जारी मिति : २०४४/११/१८
बाबुको नाम : महन्थु अधिकारी
बाजेको नाम : धनिया अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

३. सरकाइन दनुवार
ना.प्र.प.नं. : ४५०९/३७७३, उदयपुर
जारी मिति : २०४३/१०/०३
बाबुको नाम : सत्रु धामी दनुवार
पतिको नाम : नारायण अधिकारी
ससुराको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली नगरपालिका वडा नं. ६

४. देव नारायण अधिकारी
ना.प्र.प.नं. : ४३८४१, सिन्धुली
जारी मिति : २०६२/०५/२६
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

५. जित नारायण अधिकारी
ना.प्र.प.नं. : २०१०४८/२४१, सिन्धुली
जारी मिति : २०६९/०५/१२
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

धितोको विवरण
१. अन्जनी कुमारी राईको नाममा भुमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं ७ क हाल दुधौली न.पा. वडा नं. ६ स्थित कि.नं. ६०१ को जग्गा क्षेत्रफल ०-२-०-० (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

९. गोराइत कृषि पशु पंक्षी फर्म. पौ. सरकाइन दनुवार
ठेगानाः जिल्ला सिन्धुली, दुधौली न.पा. वडा नं. ६
दर्ता नंः ४१७४/०७६/७७ (घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुली)
दर्ता मितिः २०७६/०५/३१
स्थायी लेखा नं.: ६१२२६१२६८

संस्थागत/व्यक्तिगत धनजमानी दिने
१. सरकाइन दनुवार
ना.प्र.प.नं. : ४५०९/३७७३, उदयपुर
जारी मिति : २०४३/१०/०३
बाबुको नाम : सत्रु धामी दनुवार
पतिको नाम : नारायण अधिकारी
ससुराको नाम :महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. ६

व्यक्तिगत धनजमानी दिने
१. नारायण अधिकारी
ना.प्र.प.नं. : १४९२/२३१३, सिन्धुली
जारी मिति : २०४४/११/१८
बाबुको नाम : महन्थु अधिकारी
बाजेको नाम : धनिया अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

३. शिव नारायण अधिकारी
ना.प्र.प.नं. : ३३३१७, सिन्धुली
जारी मिति : २०६०/०८/१५
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

४. देव नारायण अधिकारी
ना.प्र.प.नं. : ४३८४१, सिन्धुली
जारी मिति : २०६२/०५/२६
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

५. जित नारायण अधिकारी
ना.प्र.प.नं. : २०१०४८/२४१, सिन्धुली
जारी मिति : २०६९/०५/१२
बाबुको नाम : नारायण अधिकारी
बाजेको नाम : महन्थु अधिकारी
ठेगाना : जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं. ८, हाल दुधौली न.पा वडा नं. ६

धितोको विवरण
१. नारायण अधिकारीको नाममा भुमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिन्धुली, साबिक हर्षाही गा.वि.स वडा नं ७ क हाल दुधौली न.पा. वडा नं. ६ स्थित कि.नं. ३८२ को जग्गा क्षेत्रफल ०-१३-९-० (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

लिलामीका शर्तहरु
१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको कुपण्डोल, नारायणगढ तथा भिमान शाखाबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको कुपण्डोल, नारायणगढ तथा भिमान शाखामा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्ने छ ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन ।
१२. गोप्य शिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ साल आषाढ महिना ४ गते बिहीबार कार्यालय समयभित्र ।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ साल आषाढ महिना ५ गते शुक्रबार दिनको ३:०० बजे ।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, कुपण्डोल, नारायणगढ तथा भिमान शाखा ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np



फिफा वर्ल्ड कप विशेष



का.जि.द.नं.१२८ / ०६३ ६४, म.के.हु.नि.द.नं. १७ / ०६१ / ०७७
नयाँ पत्रिका
शुक्रबार २९ जेठ ०८३
www.nayapatrikadaily.com

२३औँ विश्वकपको भव्य उद्घाटन



तस्बिरः एजेन्सी

एजेन्सी

२३औँ संस्करणको फिफा विश्वकप फुटबल प्रतियोगिताको बिहीबार राति भव्य उद्घाटन भएको छ। पहिलोपटक तीन राष्ट्रद्वारा आयोजित विश्वकपको मेक्सिको ऐतिहासिक रंगशाला एस्टेकामा विभिन्न सांस्कृतिक कार्यक्रमसहित उद्घाटन गरिएको हो। इतिहासमै तीनवटा विश्वकप खेल आयोजना गर्ने एस्टेका रंगशाला पहिलो बनेको छ। सन् १९७० र १९८६ मा मेक्सिकोले विश्वकप गर्दा यसै रंगशालामा फाइनल खेल भएको थियो। त्यसवेला मेक्सिकोले एक्लै फुटबलकै सबैभन्दा ठुलो प्रतियोगिता आयोजना गरेको थियो। यसपटक भने सहआयोजकका रूपमा रह्यो।

> मेक्सिकोको ऐतिहासिक रंगशाला एस्टेकामा विभिन्न सांस्कृतिक कार्यक्रमसहित विश्वकपको भव्य उद्घाटन हुँदा गायिका सकिराले प्रतियोगिताको आधिकारिक गीत 'लेट्स गो' प्रस्तुत गरेकी थिइन्

अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गरेको यस विश्वकपको औपचारिक सुरुवातसँगै विश्वभरका फुटबल समर्थकको ध्यान अहिले मेक्सिकोमा केन्द्रित भएको छ। रंगशालामा हजारौँ दर्शकले उत्साहपूर्ण उद्घाटन समारोह हेरेका थिए। समारोहमा सांस्कृतिक कार्यक्रममा सहभागी कलाकार विभिन्न रंगीविरंगी पोसाकमा सजिएका थिए। दर्शकको हुटिङ र उत्साहले रंगशालाको माहोल रोमाञ्चक देखिएको थियो।

एस्टेका रंगशालामा विश्वप्रसिद्ध गायिका सकिराले प्रतियोगिताको आधिकारिक गीत 'लेट्स गो' प्रस्तुत गर्दै मञ्च तताइन्। उनीसँगै नाइजेरियाली गायक बर्ना ब्वायले पनि मञ्चमा सहभागी भएर आफ्नो प्रस्तुति दिए। यी दुई चर्चित कलाकारको जोडीले रंगशालामा उपस्थित हजारौँ दर्शकलाई झुमाएको छ। यसैगरी, क्यानडाको बहुसांस्कृतिक समाज, विभिन्न समुदाय र राष्ट्रिय पहिचानलाई संगीत तथा दृश्यमार्फत प्रस्तुत गरिएको छ। समारोहमा अलानिस मेरिसेट, अलेसिया कारा, माइकल बुब्ले, जेसी रेयेज, नोरा फतेह, एलियाना सन्जोय, भेगेड्रिम र विलियम प्रिन्सलगायत कलाकारले प्रस्तुति दिएका थिए। मेक्सिकोमा भएको उद्घाटन समारोहमा मेक्सिकन तथा ल्यातिन अमेरिकनको सांगीतिक प्रस्तुत देखाइएको थियो। यसपटक विश्वकपलाई आप्रवासन विवाद, महँगा टिकट, नयाँ प्रविधि, जलपान विश्रामको विवादले प्रभावित बनाएको छ। फिफाले विश्वकपमा पहिलोपटक ४८ राष्ट्रलाई सहभागी गराइएको छ।



रंगशालाबाहिर प्रदर्शन

विश्वकपमा मेक्सिकोको इस्टाडिओ एस्टेका रंगशालामा इतिहासले भरिएका धेरै कथा छन्। यस मैदानमा सन् १९८६ मा अर्जेन्टिनी खेलाडी डिएगो म्याराडोनाले इंग्ल्यान्डविरुद्ध हातेगोल गरेका थिए। यहाँ नै एकल प्रयासमा म्याराडोनाले अर्जेन्टिनालाई दोस्रोपटक विश्वकप विजेता बनाएका थिए। फेरि यस रंगशालामा कीर्तिमानी तेस्रोपटक विश्वकप आयोजना हुँदै छ। यस अर्थमा मेक्सिकोले तीनपटक आयोजनाको अवसर पाएको हो। यसअघि दुईपटकको विश्वकपमा मेक्सिकोलाई आयोजकका रूपमा त्यति धेरै समस्या थिएन।

तर, २३औँ संस्करणमा सहआयोजक हुँदा मेक्सिको समस्याले घेरिएको छ। दक्षिण अफ्रिकाविरुद्धको उद्घाटन खेलअघि मेक्सिकन समर्थकले रंगशालाबाहिर आक्रोश व्यक्त गरेका छन्। विश्वकपको उद्घाटन भव्य बनाउँदा रंगशालाबाहिर तनावको सामना गर्नुपरेको हो। सहज रूपमा रंगशालाभित्र प्रवेश गर्न नपाउँदा समर्थक रिसाएका छन्। उनीहरूले रंगशालामा आफ्नो सिटसम्म पुग्न विभिन्न सुरक्षा घेरा पार गरेको एजेन्सीले जनाएको छ।

'उद्घाटन समारोह भइरहँदा इस्टाडियो रंगशालाबाहिर समर्थकहरू लाइनमै देखिन्थे,' अलजजिराले भनेको छ, 'फिफा र अमेरिकाको दबाबमा विश्वकप खेल हुने प्रत्येक रंगशालामा सुरक्षा व्यवस्था कडा बनाइएको छ। यसको मार समर्थकमाथि परेको छ।'

भूराजनीतिक तनाव कारण कडा सुरक्षा व्यवस्था अपनाउनुपरेको हो। 'अमेरिकासँग सिमाना जोडिएकाले पनि विश्वकप आयोजकमध्ये एक मेक्सिकोले सुरक्षा व्यवस्था सामान्यभन्दा कडा बनाएको हो,' अलजजिराले लेखेको छ, 'यसमा सिमानाकै सन्दर्भ आउँछ, तर खेलमैदानमा भूराजनीति जोड्नु राम्रो होइन।' सन् १९६० र १९८६ को विश्वकपको मुख्य आयोजक मेक्सिकोले तेस्रोपटक भव्य बनाउने उद्देश्य राखेको छ। तर, उद्घाटन समारोह चलिरहँदा नै उसले आफ्नै नागरिक आलोचनामा उत्रिएका छन्।

म्याराडोनाको उदय भएको इस्टाडिओ रंगशालामा भव्य उद्घाटन भएको थियो। रंगशालाभित्र प्रवेश गर्न पाएका समर्थक खुसीले गदगद भए। अहिलेसम्मकै उत्कृष्ट उद्घाटन समारोह प्रत्यक्ष रूपमा हेर्न पाउँदा उनीहरू खुसी भएका हुन्। तर, बाहिरको दृश्य फरक थियो। हजारौँ मेक्सिकन समर्थक टिकट नपाउँदा र पाएका पनि सुरक्षा घेरामा फस्दा आक्रोशित बनेका थिए। अझ यसमा सयौँ हुल्याहा समर्थक आयोजकसँगै नाराबाजी गर्दै बसेका देखिन्थे। विरोध मेक्सिकन सरकारको नीतिविरुद्ध थियो। सरकारले समयमा तलब, पेन्सनसँगै श्रम सुधारलाई बेवास्ता गर्दै विश्वकप आयोजनामा मात्र ध्यान दिएको भन्दै शिक्षकहरूले विरोध जनाएका छन्।

शिक्षक संघ कोअर्डिनेडोरा नेसियोनल डे ट्राजाडोरेसले रंगशालाबाहिर र मुख्य सकडमा प्रदर्शन गरेको थियो। 'हामी विश्वकपको विरोधी होइनौं। यस्ता प्रतियोगिता हुनुपर्छ, जसले राष्ट्रको गौरव बढाउँछ। तर, यसका कारण देशभित्र परेका समस्यामा सरकारले ध्यान दिनुपर्छ,' शिक्षक संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'शिक्षकहरूले मात्र नभएर अन्य सरकारी निकायमा काम गर्ने कर्मचारीले पनि समयमा तलब पाउन सकेका छैनौं। वर्षौंदेखि बढ्न नसकेको पेन्सन र श्रममा सुधार गर्न बाँकी छ।'

म्याच प्रिभ्यु

पहिलो जितको खोजीमा क्यानडा

सहआयोजकका रूपमा स्वतः विश्वकपमा छनोट भएको क्यानडा घरेलु मैदानमा पहिलो जितको प्रयासमा हुनेछ। क्यानडाले बोस्निया एन्ड हर्जगोभिनासँग प्रतिस्पर्धा गर्दै छ। दुई टोलीले पहिलोपटक विश्वकपमा प्रतिस्पर्धा गर्न लागेका हुन्। कुनै पनि अन्तर्राष्ट्रिय स्पर्धामा उनीहरूबिच पहिलो खेल हुनेछ।

टोरेन्टाको रंगशालामा लगभग ४० हजार समर्थकमाझ क्यानडाले ३ अंकका लागि प्रतिस्पर्धा गर्ने ५२ वर्षीय प्रशिक्षक जेसी मार्चले बताएका छन्। 'हाम्रो प्रयास समर्थकलाई खुसी दिलाउनुका साथै ३ अंक बटुल्ने हो,' जेसीले भने। अमेरिकी पूर्वमिडफिल्डर जेसी आफ्नो समूह 'बी'मा कतार र स्विट्जरल्यान्डजस्ता कडा प्रतिद्वन्द्वी रहेको बताउँछन्। चार वर्षअघि कतारमा भएको विश्वकपमा क्यानडा आफ्नो समूहको पुछारमा रहँदै घर फर्केको थियो।

अल्फान्सो डेभिसले क्रोएसियाविरुद्ध एक गोल गरेका थिए। जुन फिफा विश्वकप इतिहासमा क्यानडाको पहिलो गोल थियो। यसपटक क्यानडाको मुख्य हतियार नै बायर्न म्युनिखबाट व्यावसायिक फुटबल खेल्ने डिफेन्डर अल्फान्सो डेभिस हुन्। उनीबाहेक फुलहामका लुक डी फुगेरोल्स, नर्विच सिटीका अली अहमद, युभेन्टुसका जोनाथन डेविड र भिल्लारियलबाट खेलिरहेका टोनी ओलुवासेयी क्यानडाका प्रमुख खेलाडीमा पर्छन्।

इटालीलाई स्तब्ध पारेको बोस्निया

चारपटकको विश्व च्याम्पियन इटालीलाई युरोपियन प्लेअफमा स्तब्ध बनाएर बोस्नियाले विश्वकपमा टिकट पक्का गरेको हो। युरोपियन छनोट र प्लेअफमा उत्कृष्ट प्रदर्शन गरेको बोस्नियाको मनोबल उच्च छ।

बोस्नियाले क्यानडापछि स्विट्जरल्यान्ड र कतारसँग खेल्दै छ। प्रशिक्षक सर्गेज बाबरिजले विश्वकपमा जितको खोजीमा हुने बताए। बोस्नियामा स्ट्राइकर इडेन जेको छन्। ४० वर्षीय स्ट्राइकर इडेनसँगै म्यानचेस्टर सिटी, रोमा र इन्टरमिलानबाट व्यावसायिक फुटबल खेलिरहेका खेलाडी बोस्नियामा छन्। क्यानडा र बोस्नियामा युरोपियन बेसमा प्रतिस्पर्धा गरिरहेका खेलाडी रहँदा प्रतिस्पर्धा रोमाञ्चक हुने अपेक्षा छ।

बोस्नियाले यसपटक नकआउट चरणसम्मको यात्रा गर्ने दाबी गरेको छ। जेकोसँगै मिडफिल्डर इभान बेसिक, अमार मेमिक, बेन्जामिन ताहिरोभिक र स्ट्राइकर हरिस टाबाकोभिक, जोभो लुकीजस्ता खेलाडी छन्। बोस्नियाको यो दोस्रो विश्वकप हो। यसअघि टोलीले सन् २०१४ को विश्वकपमा पहिलोपटक सहभागिता जनाएको थियो। त्यतिखेर टोली समूह चरणबाटै बाहिरिएको थियो। फिफा विश्व वरीयताको ६६औँ स्थानमा रहेको बोस्नियाले क्यानडालाई कडा चुनौती दिने अपेक्षा छ।

आजका खेल

समूह 'बी' | ३० जेठ | ००:४५

क्यानडा vs बो.हर्जगोभिना

समूह 'डी' | ३० जेठ | ६:४५

अमेरिका vs पाराग्वे

यस्तो पनि

नेमारको नाममा धेरै इन्जुरी समय



सन् २०१८ मा रसियाले आयोजना गरेको विश्वकपमा ब्राजिलका मुख्य स्ट्राइकर नेमार जुनियरले खराब रेकर्ड राखेका छन्। सो विश्वकपमा उनले चार खेल खेलेका थिए। ती खेलमा चोट बोक्दा उनका कारण १४ मिनेट इन्जुरी समय थप भएको थियो। विश्वकप इतिहासमा एक खेलाडीका कारण समग्रमा १४ मिनेट इन्जुरी समय थप भएको पहिलोपटक हो। क्वार्टरफाइनलबाट बाहिरिएको ब्राजिलले सो विश्वकपमा नेमारबाट ठुलो अपेक्षा राखेको थियो। तर, मैदानमा विपक्षी खेलाडीले हल्का छुँदा पनि नेमार ठुलो धक्का दिएको भाव देखाउँथे। खेलाडीले सामान्य रूपमा टुयाकल गर्दा पनि डरलाग्दो र खुट्टा नै भाँचेजस्तो गर्थे। यसकारण रसिया विश्वकपमा नेमार खेलभन्दा पनि इन्जुरीका कारण चर्चामा रहे।

चार विश्वकपमा जितविहीन इजिप्ट

इजिप्टको यो पाँचौं विश्वकप यात्रा हो। यसअघि अफ्रिकन राष्ट्र इजिप्टले चार विश्वकप खेल्दा एक जित पनि निकाल्न सकेन। सन् १९३४, १९९०, २०१८ र २०२२ को विश्वकपमा इजिप्ट एक खेल पनि नजिती घर फर्किएको थियो। विश्वकप इतिहासमा दक्षिण अफ्रिकाका राष्ट्रहरू दोस्रो चरणमा प्रवेश गरेका छन्। तर, अपवादका रूपमा सन् २०१० को विश्वकप आयोजक दक्षिण अफ्रिका पहिलो चरणमै सीमित भयो।

विश्वकपकै युवा खेलाडी नोम्यान

विश्वकप इतिहासमा सबैभन्दा युवा खेलाडी उत्तरी आयरल्यान्डका नोम्यान ह्वाइटसाइड हुन्। सन् १९८२ मा युगोस्लाभियाविरुद्ध प्रतिस्पर्धा गर्दा उनको उमेर १७ वर्ष १४ दिन थियो।

युवा प्रशिक्षक टोनी

अमेरिकाका टोनी मेरोलालाई युवा प्रशिक्षकका लिने गरिन्छ। सन् १९९० मा अमेरिकाले टोनीको प्रशिक्षणमा विश्वकपमा प्रतिस्पर्धा गरेको थियो। अमेरिकी टोलीको प्रशिक्षण सम्हाल्दा टोनीको उमेर २१ वर्ष ३१० दिन थियो। उनको प्रशिक्षणमै अमेरिकाले पहिलो खेलमा चेकोस्लोभियाविरुद्ध खेलेको थियो।

मेक्सिकन समर्थकको लाइन



२३औँ संस्करण फिफा विश्वकपअन्तर्गत मेक्सिको र दक्षिण अफ्रिकाबिचको खेल हेर्न क्रमबद्ध लाइन बस्दै दर्शक। तस्बिर : एजेन्सी

प्लेयर्स टु वाच



इडेन जेको (बोस्निया एन्ड हर्जगोभिना)

क्यानडाविरुद्धको खेलमा सबैका ध्यान बोस्नियाका स्ट्राइकर इडेन जेकोमाथि हुनेछ। इंग्लिस क्लब म्यानचेस्टर सिटीमा चार वर्ष, इटालियन क्लब रोमामा ६ वर्ष र इन्टर मिलानबाट खेलेको अनुभव उनीसँग छ। व्यावसायिक फुटबलका अनुभवी खेलाडी जेको ठुलो प्रतियोगितामा अब्बल देखिन्छन्। जेकोले सन् २००७ देखि राष्ट्रिय टोलीबाट १४८ खेल खेलिसकेका छन्। जेकोले बोस्नियाको फिनिसिङ सम्हाल्दा उनलाई क्यानडाका डिफेन्डर अल्फान्सो डेविजले रोक्ने प्रयास गर्नेछन्। अल्फान्सोजस्ता विश्वस्तरीय डिफेन्डरलाई बिट गर्नु पनि जेकोका लागि ठुलै चुनौती हुनेछ।

अल्फान्सो डेविज (क्यानडा)

फुटबल मैदानको तीनै क्षेत्रमा अल्फान्सो उत्कृष्ट प्रदर्शन गर्न सक्छन्। उनी लेफ्ट ब्याक, विंगर र विङ ब्याकमा राम्रा खेलाडीमा पर्छन्। २५ वर्षीय अल्फान्सो युरोपेली फुटबलमा निकै रुचाइएका छन्। बोस्नियाविरुद्ध उनले उत्कृष्ट नतिजाको आशा गरेका छन्। उनले सात वर्षदेखि जर्मन बुन्डेस लिगा क्लब बायर्न म्युनिखबाट खेलिरहेका छन्। घानामा जन्मिएका उनले क्यानडाबाट ५८ अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन्। उमेर समूहमा यू-१७ र यू-२० हुँदै उनले क्यानडाको राष्ट्रिय टोलीमा स्थान बनाएका हुन्। बोस्नियाको फिनिसिङलाई रोक्न सक्ने क्षमता अल्फान्सोसँग छ। यति मात्र नभएर आवश्यकताअनुसार उनी मिडफिल्डमा पनि जम्न सक्छन्।




विश्वकपका आधा टिकट अझै बिकेनन्

एजेन्सी

२३औँ संस्करणको फिफा विश्वकप फुटबल प्रतियोगिता बिहीबारदेखि सुरु भएको छ। यसपटक अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा विश्वकप आयोजना गरिरहेका छन्। आयोजक तथा फिफाको प्रमुख उद्देश्य उत्कृष्ट प्रतियोगिता आयोजना गर्नुका साथै लाखौँ समर्थक रंगशाला आऊन् भन्ने हो। अर्को अर्थमा विश्वकप आयोजनाबाट प्राप्त हुने आम्दानीको धेरै हिस्सा टिकट बिक्रीमा रहेको हुन्छ। यसकारण उनीहरू प्रत्येक खेलमा रंगशाला भरिभराउ भएको हेर्न चाहन्छन्।

तर, यसपटक विश्वकपमा यस्तो हुनेछैन। विश्वकप सुरु भइसक्दा पनि शतप्रतिशत टिकट बिक्री भएको छैन। केही समयअघि फिफाले विश्वकपका सबै टिकट बिक्री भएको दाबी गरेको थियो। तर, अहिले बेलायती तथा अमेरिकी समाचार संस्थाहरूले टिकट बिक्री सोचेजस्तो नभएको दाबी गरिरहेका छन्। उनीहरूले फिफाको दाबी समर्थकलाई भ्रम फैलाउनेका रूपमा रहेको जनाएका छन्। न्युयोर्क टाइम्सका अनुसार समग्रमा एक लाख ८० हजार टिकट बिक्रीमा छ।

गत साता अमेरिकामा भएको एउटा कार्यक्रममा फिफा अध्यक्ष जियानी इन्फान्टिनोले विश्वकपका सबै खेलका टिकट बिक्री भइसकेको बताएका थिए। अनलाइनमा अझै पनि आधाभन्दा बढी खेलका हजारौँ टिकट सहजै उपलब्ध छ। सुरुमा फिफाले आधिकारिक रूपमा विश्वकपका टिकट आफ्नै साइटबाट बिक्री हुने जनाएको थियो। तर, फिफाले आफूबाट सबै टिकट बेच्न नसक्दा गोप्य रूपमा अन्य निजी कम्पनीलाई टिकट बिक्रीको अधिकार दिएको छ।



चर्को मूल्यमा टिकट

सहज रूपमा टिकट पाइरहे पनि समर्थकहरू किन्न तयार छैनन्। यसको एउटै कारण हो फिफा र आयोजकले आफूखुसी टिकटको मूल्य बढाएका छन्। विशेषगरी महत्त्वपूर्ण वा हेभिवेट खेलका टिकटको मूल्य सामान्य छैन। दक्षिण अफ्रिका र मेक्सिकोबिचको उद्घाटन खेलको सामान्य टिकट मूल्य नै दुई हजार २७३ अमेरिकी डलर राखिएको छ। यो केवल एउटा उदाहरण मात्र हो। यसबाहेक समूह चरणमा शीर्ष वरीयता प्राप्तका खेल हेर्न योभन्दा बढी मूल्य तिर्नुपर्छ।

'यसपटक चाहेर पनि प्रतिस्पर्धात्मक खेल हेर्न सकिने अवस्था छैन। ती खेलका टिकट मूल्य चर्को राखिएको छ,' अमेरिकी एजेन्सीले भनेको छ, 'यस्तो अवस्थामा रंगशाला आधा खाली हुन सक्छ। यसैगरी, आयोजकले रंगशाला खाली हुने अवस्था आउँदा कम रेटिङ भएको खेलको टिकट मूल्य घटाइएको छ। जस्तो कि जोर्डन र अल्जेरियाबिचको खेलको सुरुवाती मूल्य ६२० अमेरिकी डलर थियो। तर, अहिले सहज रूपमा १७१ अमेकिरी डलरमा पाउन सकिन्छ। तर, समर्थक भने बढी रेटिङ भएको खेल हेर्न रुचाउँछन्। उनीहरू चर्को मूल्य खर्चेर खेल हेर्न चाहँदैन। यसैगरी चेक रिपब्लिक र दक्षिण अफ्रिकाबिचको खेलको टिकट मूल्य आधा घटेको छ। पहिले ३४२ अमेरिकी डलरमा पाउने टिकट अब १९० डलरमा पाइन्छ।

क्यानडा र मेक्सिकोमा भन्दा अमेरिकामा महँगो

मुख्य आयोजकका रूपमा अमेरिकाले विश्वकपका धेरै खेल आयोजना गर्छ। यहाँ नै क्वार्टरफाइनलदेखि फाइनलसम्मका खेल हुनेछन्। आयोजक अमेरिका यसको भरपूर फाइदा लिने प्रयासमा रहँदा टिकट सोचेजस्तो बिक्री भइरहेको छैन। अमेरिकाले आफ्ना सबै खेलको टिकट मूल्य २५ सय अमेरिकी डलर राखेको छ। अमेरिकाले आफ्नो पहिलो खेलमा पाराग्वेको सामना गर्नेछ। यस खेलको टिकट मूल्य दुई हजार ७३५ अमेरिकी डलर रहेको छ। सन् २०२२ मा कतारद्वारा आयोजित विश्वकप फाइनलको सस्तो टिकट नै एक हजार १२० अमेरिकी डलर थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com